सर्वाधिक बिक्री हुने

# साप्ताहिक

सबैको लागि सम्पूर्ण पत्रिका

● वर्ष १५ ● अंक ३६ ● काठमाडौं, शुक्रबार, माघ ८, २०६६ ● **SAPTAHIK** ● Nepali National Weekly ● Friday, Jan 22, 2010 ● पृष्ठ २४ + ८ = ३२ ● मूल्य रु. १०/-






मुकेश ढकाल



अनमोल के.सी.



मुकेश आचार्य



अयुब के.सी.

पृष्ठ ७ मा

# फेरि आए हिरोहरू

सुव्रत आचार्य




मध्यपृष्ठमा

## स्मिता थापा



## ● क्यासेट ●

### आरती



गीतकार प्रकाश केसीका आधुनिक गीतहरूको संग्रह 'आरती' बजारमा आएको छ। राजनराज शिवाकोटीद्वारा संगीतबद्ध आठवटा गीत यो संग्रहमा राखिएका छन्। द रिबेल फिएसनको यो संग्रहका गीतमा अञ्जु पन्त, रामचन्द्र काफ्ले, प्रकाश तिमिल्सिना तथा सुनिल रानाभाटले स्वर प्रदान गरेका छन्।

### डेस्टिनेशन



गायिका स्वेता उप्रेतीका एकल स्वर समेटिएको पप गीतहरूको संग्रह 'डेस्टिनेसन' बजारमा आएको छ। रियाज म्युजिकको यो संग्रहमा आठवटा गीत सुन्न सकिन्छ। संग्रहका गीतहरूमा हरिशरण सायमी, सुरेन्द्र श्रेष्ठ, पार्वती गुरुङ आदिले संगीत दिएका छन्।

### सेभेन



गायक चेतन राईका पपगीतहरूको संग्रह 'सेभेन' बजारमा आएको छ। म्युजिक डटकमको यो संग्रहमा सातवटा गीत छन्। संग्रहका गीतहरूमा गायक राईका साथ भरत सिटौला, प्रतीक थापा, चेतन राई, सूर्य रुम्बा आदिको शब्द तथा संगीत सुन्न सकिन्छ।

## ● रंगमञ्च ●

### नयाँ दिल्लीमा नाट्य उत्सव

नयाँदिल्लीमा १२ औं अन्तर्राष्ट्रिय थिएटर उत्सव सञ्चालन भैरहेको छ। उत्सवमा नेपाली कलाकारसहित देश-विदेशका करिब ३ हजार रंगकर्मी भेला भएका छन्। नाटकको विस्तार तथा विकासका लागि नयाँदिल्लीको राष्ट्रिय नाट्य विद्यालयले १२ वर्षअघि 'भारत रंग महोत्सव' का रूपमा 'थिएटर उत्सव' आयोजना गर्न थालेको हो। यसपटकको थिएटर उत्सवमा विश्वका १४ देशका नाटक सहभागी छन्। उत्सवमा ८७ वटा नाटक मञ्चन भैरहेका छन्। ६ जनवरीमा प्रारम्भ भएको नाट्य उत्सव आज शुक्रबारसम्म चल्नेछ। यो उत्सवमा सातवटा नाटकघरमा दैनिक ६ वटासम्म नाटक अवलोकन गर्न पाइन्छ। उत्सवमा नेपालबाट नाट्कर्मी सुनिल पोखरेलको निर्देशनमा 'पुतलीको घर' (डल्स हाउस) मञ्चन गरिएको छ। गत शनिबार दुई शोमार्फत आफ्नो नाटक मञ्चन भएको निर्देशक पोखरेलले जानकारी गराएका छन्। राष्ट्रिय नाट्य विद्यालयको बहुमुख थिएटरमा 'पुतलीको घर' मञ्चनपछि गुरुकुलका कलाकारहरू भोपाल पुगेको निर्देशक पोखरेलले बताए। भारत रंग महोत्सवको अर्को संस्करण भोपालमा पनि भैरहेको छ। विभिन्न भाषाका नाटक मञ्चन गर्न पाइने भएकाले उत्सवमा नेपाली लगायत अंग्रेजी, चाइनिज, जापानी, इटालियन, फ्रेन्च र हिब्रू भाषाका नाटक मञ्चन भैरहेका छन्। भारतमा बोलिने उर्दु, तामिल, हिन्दी, पञ्जाबी, मनीपुरी, कन्नड, आसामी, मलालयम, गुजराती, बंगाली, छत्तीसगढी, मराठी, नागामिसी, तेलुगु तथा बोडो भाषाका नाटक पनि मञ्चन भैरहेका छन्।

## ● ग्यालरी ●

### वीरेन्द्रको चित्रकला

कलाकार वीरेन्द्र प्रताप सिंहले तयार पारेका चित्रहरूको प्रदर्शनी ललितपुरमा प्रारम्भ भएको छ। गत आइतबारदेखि झम्सिखेलस्थित काठमाण्डु कन्टेम्पोरेरी आर्ट सेन्टरमा उनी आफ्ना पछिल्ला चित्रमार्फत प्रस्तुत भएका छन्। आफ्ना दाजु बिरामी भएको बेला अस्पतालमा उनको स्याहार-सुसार गर्ने क्रममा तयार पारिएका चित्रहरू प्रदर्शनीमा राखिएका छन्। साह भन्छन्, 'यो प्रदर्शनीमा त्यहीबेलाको कला झल्काउने प्रयास गरेको छु।' देशलाई नै बिरामी देखिरहेका कलाकार सिंहले आफ्ना चित्रमा हत्या, हिंसा, आतंक तथा अराजक गतिविधि पनि समावेश गरेका छन्। देशकै अवस्था नाजुक भएकाले त्यो प्रसंगलाई पनि चित्रकलामा समेटिएको उनको कथन छ। ग्यालरीमा प्रदर्शित चित्रकलामा मानव-करङहरूको संयोजनजस्तो आभास पाइन्छ। त्यसको संकेत हो- बिरामी अवस्था। जसरी बिरामी भएर थलिएका मानिसको करङ मात्रै देखिन्छ, उनका चित्रकलामा त्यही झल्काउने प्रयास गरिएको छ। 'इलेक्ट्रो कार्डियोग्राम : इन्टरनल स्टोरिज' शीर्षकको यो प्रदर्शनी आगामी आइतबारसम्म चल्नेछ। प्रदर्शनीका चित्र २५ देखि ७० हजार रुपैयाँसम्मका छन्। प्रदर्शित चित्रमा कलाकार सिंहले एक्रेलिक, कागजजस्ता सामग्री प्रयोग गरेका छन्।

### कला प्रदर्शनीमा भीड

बाह्र वर्षपछि काभ्रेको पनौतीमा गत माघ १ गते प्रारम्भ भएको एकमहिने मेलामा सञ्चालित बृहत् कला प्रदर्शनीले हजारौं तीर्थालुको ध्यान आकर्षित गरेको छ। मेला अवधिभर करिब १ हजार कलाकारका करिब ३ सयभन्दा बढी कलाकृति महिनाभरि प्रदर्शनमा रहनेछन्। पनौतीका स्थानीय कलाकारदेखि काठमाडौं, पोखरा तथा वर्दियासम्मका कलाकृतिले प्रदर्शनीको शोभा बढाएको छ। प्रदर्शनीमा चारकोल, पानीरंग, एक्रेलिकजस्ता माध्यमबाट मूर्त तथा अमूर्त शैलीमा तयार पारिएका मुहार, दृश्यात्मक, सांस्कृतिक, ऐतिहासिकलगायत प्रायः सबै प्रकारका चित्र समावेश छन्। धातु, टेराकोट, काठ तथा प्रस्तरबाट तयार पारिएका मूर्तिकलाले पनि प्रदर्शनीको आकर्षण बढाएका छन्। वरिष्ठदेखि कनिष्ठसम्मका कलाकारहरूको सिर्जनाले स्थान पाएको यो प्रदर्शनी नेपाल कलाकार समाज, नेपाल सम्पदा संघ, पनौती पर्यटन विकास केन्द्र, नवरत्न अंग्रेजी मावि तथा गजेन्द्र आर्ट ग्यालरीले संयुक्त रूपमा अयोजना गरेको हो। प्रदर्शनीमा अग्रज कलाकार गोविन्दनारायन ज्यापू, श्यामलाल श्रेष्ठ, हरिप्रसाद शर्मा, शंकरराज सुवाल, राधेश्याम मुल्मी, गौतमरत्न तुलाधर, हेम पौडेल, हीरालाल ढंगोल, शारदा मानन्धर, रामकृष्ण भण्डारी, गजेन्द्रमान श्रेष्ठ आदिका कलाकृति सजिएका छन्। पनौतीको नवरत्न अंग्रेजी माध्यमिक विद्यालयमा सजिएको उक्त प्रदर्शनी प्रवेशका निम्ति विद्यार्थीलाई एक रुपैयाँ तथा सर्वसाधारणलाई पाँच रुपैयाँ शुल्क तोकिएको छ।

### अमेरिकामा सुनिलाका चित्रकला

अमेरिकामा बसोबास गरिरहेकी कलाकार सुनिला बज्राचार्यले आफूलाई चित्रकलाबाट टाढा राखेकी छैनन्। अमेरिकाको क्यालिफोर्नियामा उनका एकल चित्रकलाहरूको प्रदर्शनी सञ्चालन भैरहेको छ। नयाँ वर्ष २०१० को अवसर पारेर आयोजित इसेन्टियली फिमेल शीर्षकको उनको प्रदर्शनी आगामी माघ १७ गतेसम्म चल्नेछ। १८ वर्षदेखि कलाक्षेत्रमा सक्रिय सुनिलाको यो चौथो एकल कला प्रदर्शनी हो। काष्ठमण्डप कला समूहसँग आबद्ध सुनिलाले नेपालमा दुई पटक तथा अमेरिकामै यसअघि एकपटक एकल प्रदर्शनी गरिसकेकी छिन्। विगतमा झैं यसपटक पनि उनले आफ्नो चित्रकला प्रदर्शनीमा नारी आकृतिलाई बढी महत्त्व दिएकी छिन्।

## ● लाइभ ●

### ब्यान्ड कन्टेष्टको अडिसन भोलि

ग्लोबल वार्मिङसम्बन्धी जनचेतना जगाउने उद्देश्यले आयोजना भैरहेको अन्तर कलेज ब्यान्ड प्रतियोगिताको दोस्रो अडिसन भोलि शनिबार हुँदैछ। यसअघि गत शनिबार पहिलो अडिसनमार्फत् विभिन्न दस कलेजका सांगीतिक समूहले प्रतिस्पर्धा गरेका थिए। भोलि दिउँसो पिंगलास्थानस्थित नेपाल म्युजिक सेन्टरमा दोस्रो अडिसन अन्तर्गत विभिन्न आठ कलेजका सांगीतिक समूहबीच प्रतिस्पर्धा हुनेछ। यसअघि गत शनिबारको अडिसनमा नोबेल कलेजको कालो साम्राज्य, कलेज अफ टेक्निकल आर्टसको भ्याण्डालिजम, नेसनल ओपन कलेजको जोप्स ल्याडर, इन्टेनसिभ कलेजको रेज हाइब्रेड, इन्फरमेटिभ कलेजको जेरो ट्रान्जिसन, सिपिएस कलेजको डेथ स्क्र्प्ट, जनसेवा उमाविको फ्रि सोल तथा लिटिल एन्जल्स कलेजको अफ म्यानेजमेन्टको स्ट्रेस अफ सिरिटले आ-आफ्नो प्रस्तुति दिएका थिए। आगामी फागुन १ गते प्रतियोगिताको निर्णायक प्रतिस्पर्धा हुनेछ। निर्णायक चरणको उक्त प्रतियोगितामा दस वटा कलेजका सांगीतिक समूहले प्रतिस्पर्धा गर्नेछन्।

### भोलि गुरुकुलमा कविता वाचन

पुरानो बानेश्वरस्थित गुरुकुलमा भोलि शनिबार कवि हाइयुग अज्ञातले एकल कविता वाचन गर्ने भएका छन्। कविता वाचनका लागि उनी हडकडबाट काठमाडौं आएका हुन्। प्रयोगमूलक कविता लेखनमार्फत् स्थापित भएका ३५ वर्षीय यी कविलाई टिकटमा कविता सुनाउन रंग साहित्य फाँट, सिर्जनशील साहित्य समाज, शब्द शताब्दी तथा साहित्य समन्वय प्रकाशनले काठमाडौं ल्याएका हुन्। कार्यक्रममा हाइयुगले चुनिएका तीन दर्जन कविता सुनाउँदै छन्। उनले वाचन गर्ने कवितामा आदिवासी विषय, विम्ब तथा मिथकका कविताहरू हुनेछन्। जातीय तथा सांस्कृतिक चेतका कविता बढी लोकप्रिय भएकाले उनले कार्यक्रममा त्यस्ता कवितालाई प्राथमिकता दिनेछन्।

## ● पुस्तक ●

### उत्तरआधुनिक आयाम र प्रशंसनीय दृष्टिकोण

इमेजिङ नेपालले प्रकाशित गरेको उत्तरआधुनिक आयाम र प्रशंसनीय दृष्टिकोणका लेखक बुद्धि तामाङ हुन्। ११ परिच्छेदमा विभाजित यो पुस्तकमा संसारलाई सकारात्मक दृष्टिकोणले हेरिनुपर्छ भन्ने कुरालाई सविस्तार वर्णन गरिएको छ। पुस्तकको मूल्य २ सय ८० रुपैया छ।

### शंखघोष

बुढानीलकण्ठ आश्रमद्वारा प्रकाशित 'शंखघोष' का लेखक स्वामी चन्द्रेश हुन्। हिन्दू धर्मका केही विशेषताको व्याख्या गरिएको यो पुस्तकमा हिन्दू धर्मका आधारहरूका बारेमा चर्चा गरिएको छ। यस्तो चर्चाका क्रममा अन्य धर्मको समेत उल्लेख गरिएको छ। गोजी पुस्तकका रूपमा आएको यो कृतिको मूल्य २१ रुपैयाँ छ।

### अक्षरयात्रा

पोखरेली साहित्यकारहरूले साहित्यिक जमघट गर्ने क्रममा गरेका यात्राहरूको विवरणको सँगालो 'अक्षरयात्रा' लाई गजल सन्ध्या तथा नवनित साहित्य सागर पोखराले प्रकाशित गरेको हो। यो पुस्तकमा अक्षर यात्रासँग सम्बन्धित विभिन्न लेखकका अनुभव समावेश छ।


### भोजपुर डाइरेक्ट्री

भोजपुर जिल्लाको समग्र परिचयसहित प्रकाशित गरिएको 'भोजपुर डाइरेक्ट्री' मा भोजपुर जिल्लामा जन्मेर विभिन्न विधामा ख्याति कमाएका व्यक्तित्वहरूको चर्चा गरिएको छ। भोजपुर जिल्लाका बारेमा रुचि राख्ने र भोजपुरसँग सम्बन्धित विषयको जानकारी लिन चाहनेहरूका लागि यो पुस्तक सहयोगी हुन सक्छ। देवेन्द्रराज ढकालद्वारा सम्पादित तथा प्रकाशित यो पुस्तकको मूल्य व्यक्तिगत ३ सय रुपैयाँ तथा संस्थागत ७ सय रुपैयाँ छ।



# तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



### यो साताको पञ्चाङ्ग

माघ ८ गते : अचला सप्तमी, ११ गते : शल्य दशमी, १२ गते : भीमा एकादशी,
१३ गते : बटुमाघ जात्रा, अन्तर्राष्ट्रिय नरसंहार पीडित सम्झना दिवस,
१४ गते : सौभाग्य सुर्यदान, अन्तर्राष्ट्रिय तथ्यांक सुरक्षा दिवस।

### मेष

खर्च अलि बढी हुनेछ। मन तुलबुल हुने, काममा अवरोध आउने, चिन्ता बढ्ने तथा घरेलु समस्याले सताउने योग छ। शनिबारदेखि समय राम्रो हुँदै जानेछ। काममा क्रमशः सुधार आउनेछ। भोजभतेरमा संलग्न हुने अवसर मिल्नेछ। अध्ययनमा रुचि बढ्नेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ।

### मिथुन

साता मध्यम रहनेछ। स्वास्थ्य प्रतिकूल रहने भएकाले खानपानमा विचार पुऱ्याउनुहोला। बोल्दा सजग रहनुपर्नेछ। कुरा काट्नेहरू सक्रिय हुनेछन्। नोकरी तथा राजनीतिमा सफलता पाइनेछ। धन आर्जन हुनेछ। अरूको विश्वास जित्न सकिनेछ। आफन्तहरूले ढिलै भए पनि सहयोग गर्नेछन्।

### सिंह

स्वास्थ्य गडबड रहनेछ। मन अशान्त हुनसक्छ। काममा सफलता पाउन धेरै परिश्रम गर्नुपर्नेछ। कुरा काट्नेहरू सक्रिय छन्। विश्वास गरेकाहरूले धोका दिन सक्छन्। शनिबारदेखि भाग्यमा सुधार आउनेछ। मान-सम्मान पनि पाउनुहोला। अरूको मन जित्न सकिनेछ। धन आर्जन गर्ने अवसर मिल्नेछ।

### तुला

काममा सफलता मिल्नुका साथै धन आर्जन हुनेछ। जोस एवं जाँगर बढ्नेछ। भेटघाटमा मन रमाउनेछ। पहिलो भेटमै प्रेम गर्ने अवसर जुट्नेछ। आम्दानीको तीव्रता कायमै रहनेछ। मान-सम्मान पनि पाइनेछ। स्वास्थ्य गडबड हुने, काममा अवरोध आउने तथा खर्च एवं चिन्ता बढ्ने योग छ।

### धनु

आफन्तहरूले सहयोग गर्नेछन्। पराक्रमको गति तीव्र हुनेछ। सवारी साधन जोड्न सकिनेछ। अध्ययनमा सुधार आउनेछ। नयाँ काम गर्ने अवसर मिल्नेछ। धन आर्जन गर्न सकिनेछ। प्रतिस्पर्धीहरूले काममा विघ्न-बाधा पुऱ्याउने भएकाले काम गर्दा सजगता अपनाउनुहोला।

### कुम्भ

अरूलाई विश्वास दिलाउन सकिनेछ। पराक्रम एवं बोलीको प्रभाव बढ्नुका साथै अधुरा काम पूरा हुने तथा नयाँ काम पाइने सम्भावना छ। यात्रा गर्ने अवसर जुट्नेछ। पहिलो भेटमै सहयोगको तत्परता देखाउनेहरू प्रशस्तै हुनेछन्। खर्च बढे पनि धन आर्जन भैरहनेछ। बौद्धिक कार्यमा प्रशंसा पाइनेछ।

### वृष

मान-सम्मान पाइनेछ। धन आर्जन हुनसक्छ। पराक्रमको गति तीव्र हुनेछ। सानै प्रयासले पनि ठूलो काममा सफलता पाउनुहोला। आफन्तहरूले सहयोग गर्नेछन्। व्यवसायमा प्राप्त हुने सफलता कायमै रहनेछ। बोलीको प्रभाव बढ्नेछ। शनिबार र आइतबार खर्च, विवाद एवं चिन्ता बढ्ने तथा काममा अवरोध आउने देखिन्छ।

### कर्कट

पराक्रम बढ्ने, अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। सोच्ने शक्ति बढ्नेछ। व्यवसायमा सफलता पाइनेछ। कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन्। भेटघाटमा रमाउने अवसर मिल्नेछ। अध्ययनमा सफलता हात लाग्नेछ। शत्रुसितको प्रतिस्पर्धामा तपाईंकै जित हुनेछ। खर्च बढे पनि लगानी उचित कार्यमा लाग्नेछ।

### कन्या

काममा बाधा पुऱ्याउने प्रयत्न हुनेछ। स्वास्थ्यको ख्याल गर्नुपर्नेछ। परिश्रम गरे धेरै काममा आफ्नो वर्चस्व कायम राख्न सकिनेछ। अध्ययनमा रुचि बढ्नेछ भने भाग्यले साथ दिनेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। प्रशंसा गर्नेहरू प्रशस्तै हुनेछन्।

### वृश्चिक

साता मध्यम रहनेछ। सोच्ने शक्ति एवं पराक्रम बढ्नुका साथै अध्ययनमा सफलता हात पर्नेछ। भेटघाटमा मन रमाउनेछ। अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। आफन्तहरूबाट राम्रै सहयोग हुनेछ। रोग तथा शत्रु बढ्ने योग भएकाले सजगता अपनाउनुहोला। शनिबार, आइतबार, बुधवार तथा बिहीबार अशुभ खबरले चिन्ता बढाउन सक्छ।

### मकर

अधुरा काम पूरा हुनाका साथै नयाँ काम पाइने योग छ। पराक्रम, बोलीको प्रभाव एवं सोच्ने शक्ति बढ्नेछ। व्यवसायमा सफलता पाइनेछ। अरूको विश्वास जित्न सकिनेछ। अध्ययनमा रुचि बढ्नेछ। यात्रा पनि हुनसक्छ। केही मित्रले आलोचना गरे पनि धेरै मित्र सहयोगी बन्नेछन्। महत्त्वपूर्ण जिम्मेवारी पाइन सक्छ।

### मीन

मान-सम्मान पाइने योग छ। बोलीको प्रभाव बढ्नेछ। पराक्रमको गति तीव्र हुनुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने बलियो सम्भावना छ। व्यवसायमा सोचेजस्तै सफलता मिल्नेछ। यात्रा गर्ने अवसर जुट्नेछ। मित्रहरूले सहयोग गर्नेछन्। प्रतिस्पर्धामा आफ्नै जित हुनेछ। मन चञ्चल हुने भएकाले धैर्यता अपनाउनुहोला।

# हाँसो र रोदनको संगम महोत्सव




चितवन-पहिलो पटक मनोज गजुरेलको प्रहसन सुनेका पदमपुरका मञ्जु चौधरीले हाँसो थाम्न सकिनन् र भनिन् दर्शकलाई हँसाउन नेपालको वर्तमान राजनीति पर्याप्त रहेछ ।

महोत्सव, मेला व्यापारिक दृष्टिकोणले राखिए पनि भीड जुटाउन आयोजकले सांगतिक कार्यक्रम राखेकै हुन्छन् । चितवनमा भने दुई महिनादेखि हुँदै आएको विभिन्न महोत्सव र मेलामा सहभागी भएका कलाकारले दर्शकलाई तान्न सफल त भए नै, साथसाथै कमाइ र प्रमोशन पनि राम्रै पाए ।

चितवनको रत्ननगरमा गत साता सम्पन्न महोत्सवमा सांगीतिक कार्यक्रम उद्घाटनका लागि पहिलो दिन नै राजेश हमाललाई निम्त्याइएको थियो । उनले उद्घाटनपछि फिल्मका डाइलग प्रस्तुत गर्दा दर्शकले अचम्म मानेका थिए । उनीसँगै पहिलो दिन नै आएकी नायिका उषा पौडेल र शुभेच्छा थापाको मादक नृत्यले सबैलाई आकर्षित गऱ्यो ।

महोत्सवको पाँचौं दिन लोकदोहरी गायक बद्री पंगेनी महिलाहरूबीचमा निकै चर्चित बने । उनले हजारौंको उपस्थितिमा अभिवादन गर्दै एकल महिलाप्रति समर्पित गीत प्रस्तुत गर्दा सबैका आँखा रसाएका थिए । उनले प्रस्तुतिको बीचमा एक जना एकल महिलाको हात समातेर 'लाउ चेली सिन्दूर लाउ' गीत गाउँदा सबै स्तब्ध बनेका थिए । देश परिवर्तनको मोडमा रहेकाले नेताभन्दा पनि जनता जागरूक हुन उनले आग्रह गरे । संविधान समयमा लेख्न जनता अझै जाग्नुपर्ने भन्दै उनले 'शान्ति क्षितिजपारि छ, आन्दोलन अझै जारी छ' गीत गाउँदा दर्शकले ताली पड्काएका थिए । मौसम चिसो भएको बेला पनि उनको प्रस्तुतिबाट प्रसन्न भै युवायुवतीहरू ज्याकेट, कोट फुकालेर नाचेका थिए ।

लोकदोहोरीमा बूढो बाघ उपनाम पाएका अमरविरही गुरुङले सांगतिक कार्यक्रम सुन्न ओइरिएका मास देखेर दंग पर्दै भने, 'चितवन वास्तवमै कलाकारलाई माया र सम्मान गर्ने जिल्लाका रूपमा परिचित छ । उनले आफूले २० वर्ष अघि गाएको दोहोरी स्मरण गर्दै 'मौरी फुल्यो घारैमा' प्रस्तुत गर्दा वृद्धवृद्धा निकै रमाएका थिए । महोत्सव अवधिभर चर्चित दोहोरी गायक मिलन लामा पनि सबैलाई नचाउन सफल भए । महोत्सवमा चर्चित गायिका अञ्जु पन्त, शिव विक आदिले आ-आफ्नो गायन प्रस्तुति दिएका थिए भने जीरे खुर्सानीका कलाकारले दर्शकलाई पेट मिचिमिची हाँस्न बाध्य बनाए ।

सांगीतिक कार्यक्रमसँगै संस्कृति जगेर्ना गर्ने उद्देश्यले विभिन्न जातजातिको वेशभूषा प्रदर्शनसमेत गरिएको थियो । वेशभूषाअन्तर्गत मगर जातिले प्रस्तुत गरेको कौरा नृत्यबाट प्रशन्न भई पंगेनीले ५ सय रुपैयाँ पुरस्कार नै टक्र्याए ।

-प्रवीण दत्त

# केराको परिकार र माछाको आकर्षण



चितवन- महोत्सव र मेलाले देशलाई नै तताइरहेका बेला चितवन पनि दुई महिनादेखि महोत्सवमय भएको छ । दुई महिनाको अन्तरालमा यो जिल्लामा तीनवटा महोत्सव सम्पन्न भए । मंसिरको पहिलो साता भरतपुरमा आयोजित औद्योगिक प्रदर्शनी मेला, त्यसको एक साता नबित्दै पर्यटकिय नगरी सौराहामा अन्तर्राष्ट्रिय हात्ती महोत्सव सम्पन्न भयो भने गत साता भएको रत्ननगर महोत्सवले जिल्लाको वातावरण नै उल्लासमय बनाएको छ ।

चितवनको रत्ननगरमा आयोजित महोत्सवमा दर्शकको घुइचो लाग्यो । महोत्सव प्रवेश गर्ने मुख्य द्वारबाट १ किलोमिटरसम्म लाइन बसेर दर्शकहरू भित्र प्रवेश गरेका थिए । कृषिक्षेत्रलाई बढी प्राथमिकता दिएकाले पनि होला, महोत्सव अवलोकन गर्नेहरूको घुइचो नै लाग्यो । दुई वर्षअघि आयोजित यही महोत्सवले महलाई प्राथमिकतामा राख्दै त्यसको प्रवर्द्धनमा जुटेपछि अहिले महका लागि यो जिल्ला अग्रणी मानिन थालेको छ । वस्तु उत्पादन गर्ने तर बजार र व्यावसायिक कारोबार गर्ने थलोको अभाव झेल्दै आएको बेला यो मेलाले महको छुट्टै परिसर निर्माण गर्दै त्यसको प्रचार-प्रसार गरेपछि मह अहिले देशमा मात्र नभई विदेश पनि निर्यात हुन थालेको छ ।

त्यसैगरी यस वर्ष महोत्सवले कृषिलाई प्राथमिकतामा राख्दै केरा र माछाको प्रवर्द्धनमा जुटेको छ । केरा र माछा जिल्लामा राम्रै उत्पादन भए पनि बजारको अभावमा ओझेलमा परेका छन् । चितवनको माडी क्षेत्र माछा उत्पादनमा नमुना मानिएको छ । त्यहाँका कृषकहरू माछा उत्पादन गर्छन्, तर बजार एवं प्राविधिक ज्ञानको अभाव झेल्दै आएका छन् । यो महोत्सवले ती सबै कृषकलाई समेट्न सफल भएको छ । चितवनमा १२ सय बिघामा केराखेती हुँदै आएको छ । करिब ३ सय परिवार त व्यावसायिक केराखेतीमै होमिएका छन् । यद्यपि यहाँको केराले बजार पाउन सकेको छैन । यहाँ उत्पादित केरा खेर जान्छ तर सस्तो भन्दै छिमेकी मुलुक भारतबाट आयात गरिन्छ ।

महोत्सवस्थलमै केराको बगान तयार पारिएको थियो । केरा एक परिकार अनेक भन्ने नाराका साथ महोत्सवमा केराको फुड फेस्टिवलसमेत आयोजित गरिएको थियो । युवायुवतीलाई यी चटपटे परिकारले तान्यो भने अधबैंसे र वृद्धहरूलाई केराबाट तयार पारिएको वाइन, ब्रान्डी र रमले तातायो । केराबाट बनाइएको परिकार चाख्न टिकट काटेर बसेकाहरू पालो पर्खन बाध्य भएका थिए ।

लोप हुँदै गएका विभिन्न जातजातिका संस्कृति, रहनसहन, वेशभूषा जगेर्ना गर्ने उद्देश्यले महोत्सवस्थलमा बनाइएको आकर्षक घर र प्रदर्शनीमा राखिएका सामानहरूले सबै वर्गलाई तानेको थियो । महोत्सव परिसरमा चेपाङ समुदायले बनाएको घर सबैका लागि नौलो साबित भयो । प्रदर्शनीस्थलमा खरले छाएको माटोको थारु घर पनि सबैको रोजाइमा परेको थियो ।




# मिस शेर्पा २०१० को तयारी




नेपाल शेर्पा संघको सहयोगमा कला-संस्कृति संरक्षण केन्द्रले फागुन २२ गते राजधानीमा मिस शेर्पा २०१० प्रतियोगिता गर्ने भएको छ । मिस शेर्पा २०१० प्रतियोगिताको कान्तिपुर टेलिभिजनले प्रत्यक्ष प्रसारण गर्नेछ ।

मिस शेर्पा समुदायका १६ देखि २५ वर्ष उमेर समूहका अविवाहित महिला हुन पाउनेछन् भने प्रतियोगितामा भाग लिन कम्तीमा एसएलसी उत्तीर्ण र उचाइ कम्तीमा पाँच फिट हुनुपर्ने सर्त राखिएको छ ।

शेर्पा समुदायको वेशभूषा, कला, संस्कृति एवं परम्पराको जगेर्ना गर्दै युवावर्गलाई आफ्नो समुदायप्रति आकर्षित गर्न प्रतियोगिता आयोजना गर्न लागिएको हो । अन्तिम चरणमा बढीमा २५ जनालाई प्रतिस्पर्धामा उतार्ने योजना रहेको आयोजक संस्था कला संस्कृति संरक्षण केन्द्रका कार्यक्रम प्रबन्धक ग्याल्जेन शेर्पाले बताए ।

प्रतियोगितामा पहिलो हुनेले मिस शेर्पाको उपाधिसहित २५ हजार, फर्स्ट रनर्सअपले १५ हजार र सेकेन्ड रनर्सअपले १० हजार रुपैयाँ पुरस्कार राशि पाउनेछन् । प्रतियोगितामा मिस ट्यालेन्ट, फोटोजेनिक, मिस पर्सनालिटी, बेस्ट ड्रेस, फ्रेन्डसिप, डिसिप्लिन, ब्युटिफुल हेयर, ब्युटिफुल स्माइल, भ्युअर च्वाइस आदि एवार्ड पनि वितरण गरिनेछ । प्रतियोगिताका लागि पहिलो चरणमा छानिएकाहरूलाई एक महिनाको तालिम दिइने र त्यसक्रममा सामाजिक सेवा तथा सांस्कृतिक भ्रमणमा सामेल गराइने छ ।



● सम्पादकीय ●

# कुष्ठरोग मुक्त नेपाल

सरकारले नेपाललाई कुष्ठरोग मुक्त मुलुक घोषणा गरेको छ । संसारमा ब्राजिल र पूर्वी टिमोरमात्र अब कुष्ठरोगबाट मुक्त हुन नसकेका मुलुक हुन् । यसअघि सरकारले अन्तर्राष्ट्रिय समुदायसामु तीन–तीन पटकसम्म नेपाललाई कुष्ठरोग मुक्त मुलुक घोषणा गर्ने समय सीमा माग गरेको थियो । त्यस्तो समय सीमा पहिलो पटक सन् २००५, दोस्रोपटक २००७ र तेस्रो पटक २००८ को डिसेम्बर ३१ लाई मानिएको थियो । उक्त समयमा नेपालले आफूलाई कुष्ठरोग मुक्त मुलुक घोषणा गर्न नसकेपछि अन्तर्राष्ट्रिय समुदायले अन्तिमपटक सन् २००९ को डिम्सेम्बर ३१ सम्म नेपाललाई कुष्ठरोग मुक्त हुन विशेष अभियान सञ्चालन गर्न आग्रह गरेको थियो । पछिल्लो पटक थपिएको समय सीमालाई सदुपयोग गर्दै नेपालले नयाँ कुष्ठरोगीहरू नभेटिएपछि आफूलाई कुष्ठरोग मुक्त मुलुक घोषणा गरेको हो । कुष्ठरोग मुक्त मुलुक भनिए पनि नेपाल कुष्ठरोगी नै नभएको मुलुक भने होइन । पछिल्लो तथ्यांकअनुसार हाल नेपालमा २ हजार ४ सय ४५ कुष्ठरोगीहरू उपचाररत छन् । ती कुष्ठरोगीहरूमध्ये केही सन् २००८ मा फेला परेका थिए । यस्ता कुष्ठरोगीहरूमध्ये ३२ प्रतिशत महिला, ८ प्रतिशत बालबालिका, ३ प्रतिशत अंगभंग भएका र शेष पुरुष छन् । नेपालमा रहेका कुष्ठरोगीहरूमध्ये ८० प्रतिशतभन्दा बढी रोगी तराई क्षेत्रमा छन् । ती कुष्ठरोगीहरू अहिले उपचारमा संलग्न भएकाले नेपाल सरकारले आगामी केही वर्षभित्रै कुष्ठरोगलाई नियन्त्रण मात्र होइन निर्मूल नै गर्ने अभियान समेत सञ्चालन गरिरहेको छ ।

नेपाल जस्तो मुलुकमा कुष्ठरोगलाई एउटा रोग विशेषभन्दा पनि सामाजिक उत्पीडनको विषय बनाइएको छ । पूर्वजन्मको पापका कारण कुष्ठरोग व्यहोर्नुपर्छ भन्ने सामाजिक कुसंस्कारले अझै पनि हाम्रो समाजमा जरो गाडेको छ । यस्तो स्थितिमा कुष्ठरोगीलाई मायालु वातावरणमा उपचारको सुविधा उपलब्ध गराउनु सरकार र आम नागरिक सबैको कर्तव्य हो । कुनै पनि रोगबाट समाज र मुलुकलाई मुक्त राख्न सक्नु भनेको सरकारका लागि मात्र नभै आम जनताका लागि पनि गौरवको विषय हो । यो तथ्यलाई मनन् गर्दै हामी सबै नेपालीले मुलुकमा न्यून संख्यामा रहेका कुष्ठरोगीहरूको हेरचाह र समाजमा पुनर्स्थापना गर्न आ–आफ्नो तर्फबाट सरकार र सम्बन्धित निकायलाई सघाउन कञ्जुस्याइँ गर्नुहुँदैन । सरकारले मुलुकलाई कुष्ठरोग मुक्त घोषणा गरिसकेको परिप्रेक्ष्यमा कुष्ठरोग पूर्वजन्मको पाप नभै एउटा विशेष विषाणुको माध्यमबाट सर्ने चर्म रोग हो भन्ने कुरालाई हामी सबैले मनन् गर्दै मुलुकमा शेष रहेका कुष्ठरोगीहरूको उपचारका लागि आ–आफ्नो तर्फबाट विशेष सक्रियता देखाउन सक्नुपर्छ ।

समयमै संविधान साप्ताहिक/पाक्षिक पत्रिका राष्ट्रिय सञ्जालको आह्वान।

# मौन बसेको नेपाल बार?

संविधान सभा न्यायप्रणाली समितिले पेस गरेको संविधानको प्रारम्भिक मस्यौदा प्रतिवेदनमा उल्लेख भएको व्यवस्था हुबहु पारित भएर भावी संविधान लेखियो भने नेपालको इतिहासमा नयाँ खालको न्यायिक प्रणाली स्थापित हुनेछ । यो व्यवस्थाले विश्वका लोकतान्त्रिक पद्धतिमा विश्वास गर्ने र स्वतन्त्र न्यायपालिकाको वकालत गर्ने सबैलाई झट्का दिनेछ । मस्यौदामा व्यवस्थापिका संसद अन्तर्गतको न्यायिक समितिको सिफारिसमा संसदले न्यायाधीशको नियुक्ति, बर्खास्ती, पुनः नियुक्ति तथा कानुन आदिको व्यवस्था गर्न सक्छ ।

कानुनको व्याख्या सर्वोच्च अदालतले गर्छ । भावी संविधानको मस्यौदामा जनताको प्रतिनिधिले कानुन र संविधानको व्याख्या गर्ने व्यवस्था गरेबाट एकीकृत माओवादीले छुट्टै न्याय प्रणालीको अभ्यास गर्न खोजेको स्पष्ट हुन्छ । कतै रूप र सार दुवैमा माओवादीले विगतमा अभ्यास गरिएको जनअदालतकै विस्तारित रूप दिन खोजेको हो कि ? भन्ने आशंका पनि धेरैले गरेका छन् ।

विगतका संरचना केन्द्रीकृत हुनुका साथै समावेसी र समानुपातिक हुन नसकेकाले व्यवस्थापिकाभित्रको समावेसी स्वरूपको न्यायिक समितिले यो काम गर्ने कुरा प्रतिवेदनमा उल्लेख छ ।

हालसम्म प्रचलित सिद्धान्त अनुसार ऐन, कानुन र संविधानको आधिकारिक व्याख्या गर्ने निकाय न्यायपालिका नै हो । शक्ति

● चिठीपत्र ●




पृथक्कीकरणको सिद्धान्त अनुसार राज्यका प्रमुख अंगहरूबीच शक्ति सन्तुलन आवश्यक हुन्छ । न्यायपालिका, व्यवस्थापिका र कार्यपालिकाको आ-आफ्नै भूमिका हुन्छ । शक्ति सन्तुलनका लागि शक्तिपृथकीकरण सिद्धान्तको जन्म भएको हो । आफै धामी-आफै बोक्सी भन्ने उखान झैं आफूले बनाएको कानुन आफैले व्याख्या गर्नु सिद्धान्ततः मिल्दैन ।

समावेशीकरण र समानुपातिक सिद्धान्तलाई पूर्णता दिने कुरा सही हुन सक्ला तर व्यवस्थापिकाले न्यायाधीशको नियुक्ति गर्ने हो भने न्यायाधीशको नियुक्तिमा राजनैतिक नियुक्ति नहोला कसले भन्न सक्छ ? यो कुराको स्वतन्त्र पुष्टि गर्ने आधार पनि हुनुपर्छ । शिक्षक, पियन र ज्यालादारी कर्मचारी नियुक्तिदेखि उपभोक्ता समिति गठन गर्दा समेत आफ्नै कार्यकर्ता भर्ती गर्ने संस्कार विकसित भएको अवस्थामा न्यायाधीश जस्तो गरिमामय पदको नियुक्तिका लागि भागबण्डाको राजनैतिक खेल सुरु हुनेछ । न्याय परिषद्लाई नै समावेसी बनाएर नियुक्ति प्रक्रियालाई पारदर्शी बनाएर अघि बढ्नुपर्छ । अर्कातर्फ सरकार परिवर्तनसँगै न्यायाधीशहरूमा जागिर जाने चिन्ता सुरु भैहाल्छ । सधैं सिंहदरबारको ढोका अगाडि न्याउरो मुख लाएर बस्ने न्यायाधीशले कसरी निष्पक्ष न्याय सम्पादन गर्न सक्छ ?

न्यायप्रणाली समितिले जुन निर्णय बहुमतले पारित गरेर प्रतिवेदन तयार गऱ्यो त्यो आफ्नो ठाउँमा छ । त्यो प्रारम्भिक विन्दु मात्र हो । किनभने समितिका सदस्यहरू राजनैतिक पृष्ठभूमिबाट आएकाहरू हुन् । सबैले आफ्नै राजनीतिक दर्शन लाद्न खोज्नुलाई अन्यथा भन्न नमिल्ला तर अचम्मको कुरा स्वतन्त्र न्यायपालिकाको घाँटी निमोठ्ने निर्णय पारित भएर संविधान सभाको पूर्ण बैठकमा छलफल हुँदासम्म देसभरिका कानुन व्यवसायीहरूको सर्वोच्च निकाय नेपाल बार एसोसियसन किन मौन छ ? संविधान र ऐन-कानुनका विज्ञहरू भएको उच्च संस्था मौन रहनु भनेको किमार्थ त्यसै हुन सक्दैन । बारले मस्यौदा निर्माणको बेलामा गहकिला सुझावहरू दिन सक्नुपर्थ्यो । स्वतन्त्र न्यायपालिका नै रहेन भने भोलिको दिनमा नेपाल बार स्वयमको दिन कस्तो होला ? न्याय क्षेत्रमा भुइँचालो जाने गरी भएको समितिको निर्णयप्रति बार बेखबर भएर बस्दा सम्पूर्ण कानुन व्यवसायीहरूको उक्त मस्यौदामाथि मौन समर्थन हो कि भन्ने सन्देश प्रवाह भए अर्को लाजमर्दो विषय हुन सक्छ ।

न्यायाधीश भ्रष्ट हुन सक्लान्, न्याय दिनमा ढिलाइ हुन सक्ला । भ्रष्टचारीलाई कारबाही गर्ने संयन्त्र बनाउनुपर्छ । छरितो न्याय दिने अभ्यास गर्नुपर्छ । एउटा गल्ती सच्याउन अर्को महागल्ती गर्नु हुँदैन । न्यायपालिकाको स्वतन्त्रता नै खोसिन्छ भने कहाँबाट न्याय पाउन सकिन्छ ? बार एसोसिएसनको नवनिर्वाचित कार्यसमितिले यसतर्फ ध्यान पुऱ्याउनला कि ?

**–फुर्पा तामाङ, ठूलोभार्खु, रसुवा**

● तीतो सत्य ●

● सुखमा साथ दिने त धेरै भेटिन्छन् तर दुःखमा त्यही व्यक्ति टाढा हुन्छ ।

● सबैको प्रिय बन्न चाहन्छौ भने विनम्र बोली र राम्रो व्यवहार गर ।

**सरिता भट्टराई**

● जिब्रो फलामले बनेको हुँदैन तर त्यसको धारले मुटु चिर्न सक्छ ।

● झूटो माया दिनुभन्दा सच्चा तिरस्कार गर्नु नै राम्रो हुन्छ ।

● प्रेमका सामु संसारको जुनसुकै शक्ति पनि झुक्छ तर प्रेमी-प्रेमिका कहिल्यै झुक्दैनन् ।

● राम्रो कामको फल पाउन वर्षौं कुनुपर्छ तर नराम्रो कामको फल क्षणभरमै देखापर्छ ।

**–धनबहादुर पुन**

● शत्रुता नै नर्क हो तिमी जति धेरै बढाउँदै जान्छौ त्यति नै तिम्रा लागि नर्क ठूलो हुँदै जान्छ । तिमी चारैतिर जति धेरै मित्र बढाउँदै जान्छौ त्यति नै तिम्रो परिवेश स्वर्गमा परिणत हुँदै जानेछ ।


● क्रोधभन्दा मूर्खता अर्को छैन । तिमी यदि क्रोधित छौ र कसैलाई क्रोधद्वारा नष्ट गर्न चाहन्छौ भने तिमी गल्ती गर्दैछौ । क्रोधले अरू नष्ट हुन्छन्-हुँदैनन् त्यो अर्कै कुरा हो तर त्यसले तिमी आफैंलाई पनि फाइदा पुऱ्याउँदैन ।

**– भरत रणपहेली**

*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ ।*

***–सम्पादक***

● सहर चर्चा ●



## अब डाक्टर वासुदेवकृष्ण शास्त्री

ज्योतिष तथा वास्तुशास्त्रीका रूपमा वासुदेवकृष्ण शास्त्रीले गरेको कर्मले उनलाई प्रख्यात बनाएको छ । कान्तिपुर टेलिभिजनमा हरेक दिन बिहान नौ देखि दस बजेसम्म आमजनतालाई उनीहरूले बताएको जन्मपत्रिकाका आधारमा टेलिफोनबाट प्रत्यक्ष भविष्य बताउने कार्यक्रम 'भविष्य दर्पण' तथा वास्तुसम्बन्धी कार्यक्रमले उनलाई सर्वत्र चिनाएको छ । व्यक्तिगत रूपमा ज्योतिष र वास्तु देखाउनेहरूले पनि उनलाई व्यस्त बनाएका छन् । अब उनको परिचय त्यतिमा मात्र सीमित रहेन । अब यी ज्योतिष तथा वास्तुशास्त्रीको नामको अघिल्तिर डाक्टर लगाउनुपर्ने भएको छ । 'ज्योतिषशास्त्रमा खगोलको विमर्श' विषयमा उनी विगत पाँच वर्षदेखि अनुसन्धान गरिरहेका थिए । हालै मात्र उनले उक्त विषयमा आफ्नो शोध सकेर विद्यावारिधि अर्थात् पिएचडी गरेका छन् र उनको शोध वर्ष २००९ मा भएका भारतवर्षका सम्पूर्ण शोधमध्ये सर्वोत्कृष्ट सावित भएको छ । आगामी मार्च ३ तारिखमा बनारसस्थित सम्पूर्णानन्द संस्कृत विश्वविद्यालयमा आयोजना हुने दीक्षान्त समारोहमा भारतकी राष्ट्रपति प्रतिभा पाटिलबाट उनले उपाधिका साथै सम्मान ग्रहण गर्नेछन् । नेपालको ज्योतिष तथा वास्तुशास्त्रको क्षेत्रमा ३४ वर्षीय डा. शास्त्रीले पाएको उपलब्धिको कदर गर्नैपर्छ । यही अघि नै उनले बनारसबाट शास्त्री उत्तीर्ण गर्दा सर्वोत्कृष्ट (गोल्डमेडलिस्ट) हुने सौभाग्य पनि पाइसकेका थिए ।

## मोडलिङमा नम्रता



• मोडल वाच •

भारतको सिलगुडीमा जन्मिएकी नम्रता दाहाल स्कुले जीवनको शिक्षा त्यहीं पूरा गरी कलेज शिक्षाका लागि नेपाल आइन् । मीनभवनमा एमबीए दोस्रो वर्षकी २२ वर्षे नम्रताको मूलघर बिर्तामोड, झापा हो । विगत दुई वर्षदेखि मोडलिङ क्षेत्रमा लागे पनि उनी यो क्षेत्रलाई पार्टटाइमका रूपमा मात्र लिएको बताउँछिन् । नम्रतालाई गायक दीपेशकिशोर भट्टराईको सो फर एल्बमको मेरो माया गीत हुँदै अहिले गायक फुरी लामाको माफी एल्बमको माफी देऊ मलाई गीतमा पनि देख्न सकिन्छ । कान्तिपुर टेलिभिजनको लाइफ इज ब्युटिफुल कार्यक्रमको आइ एम ब्युटिफुल सेगमेन्टमा पनि हामी नम्रतालाई देख्न सक्छौं । नम्रताले आफ्नो कार्य क्षेत्र यतिमा मात्र सीमित गरेकी छैनन् । नम्रतालाई टीभीसीको सफारी आयल तथा यु एण्ड मी चिजबल्सको विज्ञापनमा पनि देख्न सकिन्छ । नम्रता भन्छिन्–नेपाली मोडलहरूमा जति अ प्रदर्शन गऱ्यो त्यति सुपर मोडल भइन्छ भन्ने सोच छ, तर यो कुरा गलत हो ।

● मुखाले ●

लोकतान्त्रिक परिपाटीबाहेक अरू कुरा स्वीकार गर्न तयार छैन ।

**राष्ट्रपति डा. रामवरण यादव**

भारतसागको हाम्रो सम्बन्धमा सुधार आएको छ ।

**पुष्पकमल दाहाल**

माओवादी नेतृत्वमा कुनै विवाद छैन ।

**डा. बाबुराम भट्टराई**

लडाकुको हैसियतमा माओवादी छापामारहरूलाई सेनामा समायोजन गरिने कुरा रक्षा मन्त्रालय र सेनालाई मान्य छैन ।

**विद्या भण्डारी**

माओवादी भारतका लागिसमेत टाउकोदुखाइ भएको छ ।

**खुमबहादुर खड्का**

हामीले भारतसाग युद्धको उद्घोष गरेका होइनौं ?

**लिलामणि पोखरेल**

संविधान बन्ने कुरामा मलाई विश्वास छैन ।

**डा. रमेश ढुंगेल**

जनताको दबाब कम भए संविधान नबन्न सक्छ ।

**हरिबोल गजुरेल**

जसले राजासाग मिलेर कथित जनयुद्ध गऱ्यो, उसैले गणतन्त्र ल्यायो भन्नु भ्रम मात्र हो ।

**मोहनविक्रम सिंह**

विवाहमा फकाउने, झुक्याउने, थर्काउने, फसाउने र प्रलोभनमा पार्ने कुनै पनि कार्यको कुनै स्थान हुँदैन ।

**सर्वोच्च अदालत**


तस्बिर : नवराज वाग्ले

# चलचित्र क्षेत्रबाट सन्यासै लिइसकेँ भन्ने होइन

यादव खरेल निर्देशित चलचित्र श्री स्वस्थानीमा स्वस्थानीमाताको भूमिका निर्वाह गरेर नेपाली चलचित्र उद्योगमा नायिका जल शाहको पदार्पण भएको थियो। जलको पहिलो व्यावसायिक चलचित्र भने प्रकाश सायमी निर्देशित अवतार हो। पराईघर, ठूल्दाइ, घुम्टो आदि दर्जनौं व्यावसायिक चलचित्रमा नायिकाका रूपमा अभिनय गरेकी शाह चार वर्षअघि अमेरिकावासी शरदकुमार रिमालसँग विवाह गरेपछि नेपाली चलचित्र उद्योगबाट लगभग पलायन भइन्। विवाहपछि गत महिना उनी नेपाल फर्किएकी छिन्। परिवारका सदस्यसँग भेटघाटका लागि आएको बताउने जल अब केही महिना नेपाल बस्ने योजनामा छिन्। अमेरिकाबाट छोरी कलशका साथ आएकी जलका अनुसार अब केही दिनभित्रै श्रीमान् शरद पनि नेपाल आउँदैछन्।

**मोटाउनु भएछ नि ?**

अमेरिकामा खाने-बस्ने काम मात्र भयो, त्यसपछि मोटाउन के चाहिन्थ्यो, नेपालमा हुँदा पो यो खाने कि नखाने, शरीर कसरी मेन्टेन गर्ने, सुटिङ छ भन्ने हुन्थ्यो, त्यहाँ त बिहे गरियो, छोरी जन्मी, त्यसपछि स्वाभाविक ढंगले मोटाए। मलाई बच्चा एकदमै मनपर्ने, त्यो पनि छोरी, भगवान्ले चाहना पुऱ्याइदिनुभयो, उसलाई हुर्काउने क्रममा श्रीमान्को कमाइ खाएर आनन्दले बसें, त्यही भएर मोटाएको होला।

**जीवनभर अभिनयलाई निरन्तरता दिन्छु भनेको मान्छे बीचैमा गायब हुनुभयो नि ? अब फेरि अभिनयमा फर्कने सम्भावना छैन ?**

अफकोर्स, निरन्तरता दिन्छु, १२-१३ वर्ष निरन्तर चलचित्र उद्योगमा सक्रिय भएर बीचमा ब्रेक लिने योजनामा थिएँ, त्यही भएर अहिले साढे तीन-चार वर्ष ग्यापजस्तो भएको छ। यसलाई जल शाह चलचित्र क्षेत्रबाट गायब भन्न मिल्दैन।

**तत्कालै अफर आयो भने काम गर्ने मन छ कि छैन ?**

अवश्य छ, अभिनय भनेको त मेरो प्यासन हो, अहिले पनि कसैले एक्सन भन्यो भने तुरुन्तै एक्टिङ गरूँजस्तो लाग्छ। अभिनय मेरो रगत रगतमा, नसा-नसामा छ,। मैले भनिहालें नि, अहिलेको ग्याप मेरो ब्रेक हो।

**अहिले त ज्यानले पनि तपाईंलाई नायिका बन्न साथ नदिने भयो नि होइन ?**

विवाह गरेपछि मैले वास्तविक जीवन जिउने अभ्यास गरें। दुई वर्षअघि छोरी जन्मी। वैवाहिक जीवन इन्जोय गर्ने क्रममा मोटाएँ होला। मैले छोरी जन्माएपछि असल आमाको भूमिकामा पनि आफूलाई फिट गर्ने प्रयास गरें। एउटा रोटी मात्र खाएर ज्यान बनाउनतर्फ लागिनँ। मानिस त कहिले मोटाउँछ, कहिले दुब्लाउँछ, किन यो कुरालाई ठूलो इस्यु बनाउनुभएको ? जहाँसम्म अभिनयको कुरा हो, अभिनयको कुरामा शरीरले सरोकार राख्दैन, कलाकारको सबैभन्दा मुख्य कुरा अभिनय हो, अभिनयपछि मात्र एक्टर कति राम्रो छ, कत्तिको नाच्न आउँछ भन्ने कुरा आउँछ।

**त्यसो भए, नायिका हुन फिगर मेन्टेन आवश्यक छैन ?**

मेन्टेन गर्नुपर्छ, अहिले तुरुन्तै काम आयो भने म पनि एक्सरसाइज गरेर तौल घटाउन सक्छु। एउटा निश्चित समय पाउने हो भने म नायिकाका लागि चाहिने साइजमा आउन सक्छु। अझै पनि म नायिकाका रूपमा अभिनयमा फर्कन सक्छु।

**विवाह गरिसकेका मात्र होइन, तन्नेरी छोराछोरी भएका नेपाली नायिकाहरूले फिगर मेन्टेन गरेको देख्नुभएकै होला, तपाईंले चाहिँ किन काम आएपछि मात्र मेन्टेन गर्ने सोच राख्नुभएको नि ?**

हेर्नुहोस्, उहाँहरू यहाँकै परिवेशमा जीवनशैली बिताइरहनुभएको छ, तर म विवाह गरिसकेपछि विदेशमा सामान्य जीवनशैलीमा बसें, एक त देशबाहिर, त्यसमाथि फिल्मी वातावरणभन्दा अलग बसेपछि मैले फिगर मेन्टेन आवश्यक मानिनँ। यदि मेरो पनि यहीं विवाह वा बच्चा भएको भए भोलि यो पार्टीमा जानु छ, पर्सि अर्को समारोहमा जानु छ वा सुटिङको अफर आउला भनेर सोच्नुपर्थ्यो। म यहाँ भएको भए फिगर मेन्टेन हुन्थ्यो, तर आमा बन्ने क्रममा पाएको यो मोटोपनलाई मैले मज्जाले आत्मसात् गरेकी छु।

**कुराकानी गर्दा त तपाईं अब चलचित्र क्षेत्रमा फेरि जोडिनुहुन्न जस्तो देखियो नि त ?**

होइन होइन, जोडिन्न भन्ने कुरै आउँदैन। राम्रो भूमिका आयो भने गरिएला, यसपटक अफर नआए अर्को पटक आउँदा गरिएला, तर मैले चलचित्र क्षेत्रबाट संन्यासै लिइसके भन्ने होइन।

**जल शाहका प्रशंसकहरूले आफूलाई मनपर्ने नायिकालाई फेरि पर्दामा देख्ने आशा गरिरहेका होलान्। तपाईं एकाएक टाढिँदा उनीहरूलाई कत्ति चित्त दुखेको होला, महसुस गर्नुभएको छ ?**

अवश्य उहाँहरूले मिस गर्नुभयो होला, मैले पनि उहाँहरूलाई मिस गरिरहेकी छु। वास्तवमा भन्ने हो भने ११-१२ वर्षको अभिनय करियरमा उहाँहरूले मेरो कामलाई अप्रिसिएट गर्नुभएको थियो, उहाँहरूले इनकरेज गरेकैले म सफल थिएँ। दर्शकहरू मलाई राम्रो चलचित्रमा काम गर्ने सल्लाह दिनुहुन्थ्यो। त्यसकारण पनि यसपटक आउँदा मैले नयाँ चलचित्रमा काम गर्ने इच्छा राखेकी छु। तीन-चार वर्षको ग्यापमा आउँदा कोसेलीस्वरूप उत्कृष्ट भूमिकामा रहेर पृथक् चलचित्रमा अभिनय गर्न पाए हुन्थ्यो जस्तो लागेको छ।

**नयाँ नायिकाहरू स्थापित भैसकेको अवस्थामा अझै जल शाहको क्रेज होलाजस्तो लाग्छ ?**

मेरो समय गयो भनेर मान्न म तयार छैन, तर नेपाली चलचित्र उद्योगले नयाँ पुस्ताका थुप्रै राम्रा कलाकार पाएकोमा म प्राउड फिल गर्छु। नेपाली चलचित्र उद्योगलाई राम्रा कलाकारको खाँचो पनि थियो, यसले उद्योगको विकासमा योगदान पुगेको छ तर जहाँसम्म अभिनयको कुरा छ, म सहजै जम्न सक्छु भन्ने आत्मविश्वास छ।

**अब आमा, दिदीको भूमिकामा फिट हुन सक्छु भन्नु भा हो ?**

तपाईंलाई थाहा होला, मैले अभिनय करियरमा भर्सटाइल एक्टरको परिचय बनाएकी थिए। हिरोको पछाडि दौडनु, हिरोसँग नाच्नु मात्र अभिनय होइन। मैले रमेश उप्रेतीको आमाको रोल पनि गरेकी थिए। त्यो मेरा लागि ठूलो च्यालेन्ज थियो, म आफ्नो कोस्टार भैसकेको मानिसको आमा बन्न तयार भएकी थिएँ। एक्टर भैसकेपछि हरेक प्रकारको भूमिका गर्न तयार हुनुपर्छ।

भोलिका दिनमा आमा, दिदी, भाउजू जुनसुकै रोलमा आउन सक्छु, हिरोइन नै चाहिन्छ भन्ने होइन।

**एकाएक हराउनुभयो अनि सुटुक्क विवाह गर्नुभयो, किन ?**

सुटुक्क गरें र ? सुटुक्क भनेको त भागेको भयो नि, तर मैले विवाह नै गरेको हो। अँ..... त्यस्तै भयो, जीवनमा प्लान नगरेका थुप्रै कुरा हुँदा रहेछन्। मेरो विवाह पनि यस्तै अन प्लान्ड प्रोग्राम थियो। प्लान गरेको भए सबैलाई जानकारी दिन्थें, सम्भव भएसम्म बोलाउँथे।

**प्रेमविवाह गर्छु भनेको मानिस अमेरिका पुगेर हतारमा विवाह गर्नुभयो, कतै विवाह गर्ने उमेर गैसक्यो भनेर अत्तालिएको त होइन नि ?**

मेरो विवाह गर्ने उमेर गैसकेको थियो भन्ने लाग्दैन। छिटो-छिटो भनेर हतारिएको पनि होइन, एक हिसाबले भन्दा मलाई उहाँ मन पऱ्यो, उहाँलाई म, अनि शुभकाममा ढिलो गर्ने किन भनेर मात्र हो। प्लान नगरेको कुरा सबै अचानक भैरहेको थियो।

**तपाईंको अभिनययात्रा तथा नेपाली चलचित्र उद्योगका सम्बन्धमा श्रीमान् कत्तिको जानकार हुनुहुन्छ ?**

ए, थाहा छ, थाहा छ, मैले विवाह गरेपछि उहाँलाई नेपाली चलचित्र उद्योगका सम्बन्धमा बताएँ, इन्टरनेटमार्फत मेरो मुभी, अरूको मुभी पनि देखाउँछु,। उहाँले मलाई मात्र होइन, चलचित्र उद्योगलाई पनि एकदम रेस्पेक्ट गर्नुहुन्छ। मैले जस्तो श्रीमान् खोजेकी थिएँ, त्यस्तै पाए।

**अनि त्यस्तो श्रीमान् पाउँदा चलचित्र बनाऊँ भन्नुभएन त ?**

मैले फिल्म बनाऊ भनेको छैन, विवाह गरेको भर्खर दुई-तीन वर्ष मात्र भयो, पहिले लाइफ स्मुथ जाओस्, त्यसपछि भनौंला नि।

**जल शाहको रि-इन्ट्रीको टर्निङ प्वाइन्ट कस्तो हुन्छ भनेर आशा गर्ने त ?**

मैले पहिलेदेखि नै नारीप्रधान चलचित्रमा काम गरेकीले त्यस्तै कुनै चरित्रमा अभिनय गर्ने इच्छा छ। अमेरिका बसाइका क्रममा म आफैंलाई पनि थुप्रै कन्सेप्ट आएको थियो, त्यो कन्सेप्टमा काम गर्ने इच्छा छ, त्यस्तै कसैले मलाई मनपर्ने भूमिका दिनुभयो भने म सहजै रि-इन्टी हुन्छु।

**सब्जेक्ट आफैसँग भएपछि त चलचित्र बनाए हुन्न र ?**

होइन, मेरो अहिले नै चलचित्र बनाउने कुनै योजना छैन।

**अमेरिकामा तपाईं नेपालकी चर्चित नायिका भनेर कतिले चिन्छन ?**

छरछिमेकीसम्मलाई थाहा छ, फेरि कसैलाई म यस्तो भनेर चिनाउने मेरो बानी छैन, बरु श्रीमान्ले साथीहरूको माझमा उहाँ नेपालको चर्चित नायिका भनेर चिनाउँदा मलाई लाज लाग्छ। म होइन-होइन भनेर टार्छु। त्यसपछि उनीहरूले कम्प्युटर अनलाइनमा हेर्छन्, अनि ओ वाउ भन्छन्। वास्तवमा मलाई मेरो प्रोफेसन र करियरप्रति अगाध माया छ, चलचित्रकर्मीलाई पनि म उत्तिकै माया गर्छु।

**त्यसो भए अहिलेको तपाईंको जीवन सेक्रिफाइस हो ?**

अँ.... एक किसिमले सेक्रिफाइस हो, वैवाहिक जीवनका लागि, काम गर्दागर्दै लाइफमा टर्निङ प्वाइन्ट आयो। खै, यसलाई सेक्रिफाइस भन्न मिल्छ कि मिल्दैन, थाहा भएन।

पृष्ठ १५ मा जारी

३ ईन्च सम्म उचाई बढाउने
Height Plus
१०५० पर्ने Japani Yoko Free मा अन्तर्राष्ट्रिय होलोग्राम प्राप्त ।
जाँड रक्सी र चुरोटको कुलत थाहै नदिई छुटाउने
यौन शक्ति उत्तेजना नहुने, शीघ्रपतन रोक्ने, लिङ्गको साईज बढाउने Herbal product को साथमा ।
Japani Oil
मोटोपना घटाउने तौल बढाउने १२ Kg सम्म
Breast बढाउने, घटाउने र टाईट गर्ने।
फ्रि होम डेलिभरी तुरुन्त केश झर्न रोकी उमार्ने ।
Gorkha Herbal
Hotline: 4282138, 9841079654 9851026391 चितवन: 9845279326

"Freedom for Learning"
के तपाई Math, Science /Test नदिई S.L.C. तथा ८ महिना मा +2 पास गर्न चाहानु हुन्छ ?
यदि चाहनु हुन्छ भने NIOS Board मा Sept. 2010 को लागि भर्ना खुल्यो !
विदेश पढ्न जान सजिलो ।
NIOS का बिशेषताहरूः
→5 Subjects पढे पुग्ने ।
→Class 10 मा Math, Science तथा Test दिनु नपर्ने ।
→नेपाल तथा World wide मान्यता ।
→नेपालीमा पनि Exam दिन पाइने ।
→SLC पास गरेको १ वर्ष Gap भए सिधै +2 पढ्न पाईने ।
→Nepal Goverment, HSEB र TU द्वारा Equivalent
→6/6 महिनामा Exam दिन पाईने । →नेपालीबाट पनि Exam दिन पाईने ।
Tuition Classes are also available for April 2010 of Eng., Eco., B/s, A/c.
WISDOM EDUCATION FOUNDATION
4238086/2340337 Bagbazar (एसिया पब्लिकेशनको अगाडि)

SLC/+2 फेल No चिन्ता
नेपालको पहिलो तथा एकमात्र मान्यता प्राप्त
Maths/Science/Test नदिई SLC, 9 महिनामा +2 (NIOS), 5 महिनामा गर्न सकिने
American +2 मा अन्तिम भर्ना
Best for piloting & Abroad * Free Piloting Ground Class
कक्षा ८, ९ फेल भए पनि SLC दिन पाईने, पास गर्न सजिलो, विश्वभरी मान्यता भएको, 24 hrs internet facility
कक्षा संचालन भईरहेछ ।
Pratyus Bhandari Nepal Top 2009
www.hwhitehouse.edu.np
"Nepal's Largest Open School"
Himalayan White house Open School
Bagbazar- 4244499
Pulchowk- 5009200
Bhaktapur- 2020758
Chitwan - 530645
PILOT TRAINING
AERO
Best Flying School of philippines
SLC Can apply*
JOB PLACEMENT Hurry Up !!! Limited Seats
Himalayan White house Educational Consutancy Bagbazar- 4244499
www.hwhitehouse.edu.np

६ महिना मै +2
तथा Math/Science/Test नदिईकनै S.L.C. पास !! (Nios Delhi Board)
Arts Commerce Science
अन्तिम भर्ना !!
American/Nios (+2)
कक्षा ८, ९ फेल भए पनि SLC दिन पाईने, +2, 'A'Level फेल भएता पनि ६ महिनामै +2 पास गर्न सकिने, कुनै ५ विषय मात्र पास गरे पुग्ने, TU, KU तथा विश्व भरी मान्यता प्राप्त, जागीरे तथा गृहणीले घरमै पढेर पनि परीक्षा दिन सकिने, नेपाली तथा अंग्रेजीमा परीक्षा दिन पाईने ।
४/४ महिना मै IA/ICom Pass!! (TU)
SLC पास गरी विविध कारणले College पढ्न नपाएका तथा धेरै चोटी Back लागी असफल भएकाहरुका लागी IA/ICom पास गर्ने सुवर्ण अवसर !!
अंग्रेजी, Japanese, फ्रेन्च, जर्मन, Spanish कोरियन, हिब्रु भाषाहरु साथै Tution for SLC, +2, CBSE, 'A' Level, IA, ICom,BA, BBS, BBA, TOEFL, IELTS & All Computer Courses.
ओरियन एकेडेमी
सामाखुशीपुल: 4388400 9851021071
चावाहिल:2290690
नयाँ बानेश्वर:2160822
पोखरा:9846147694
डिप्लोम्याटिक एकेडेमी
कुमारीपाटी: 5549139, 9851021665

# पढ्नैका लागि कठिन छैन बेलायत

शिव मुखिया

- बेलायतमा नेपाली विद्यार्थीहरूको विचल्ली
- आफ्नै कारणले अलपत्र

केही समययता प्रकाशित यस्तै समाचारले अध्ययनका लागि बेलायत जाने तयारीमा रहेका विद्यार्थीलाई नराम्रोसँग झस्काइदिएको छ। विशेषगरी टायर फोर नीतिका कारण बेलायतलाई सहज गन्तव्य मान्नेहरू यो खबरले विक्षिप्त बन्न पुगेका छन्। 'समाचारको प्रभावले हुनसक्छ, अहिले बेलायत रोज्ने विद्यार्थीको चाप ह्वात्तै घटेको छ,' द नेक्स्ट कन्सल्टेन्सीका परामर्शदाता रोमन पाठक भन्छन्।

अस्ट्रेलियाले भिसामा कडाइ गरेपछि अब्रोड स्टडीका लागि बिदेसिने विद्यार्थीहरू बेलायततर्फ मोडिएका थिए। अन्तर्राष्ट्रिय विद्यार्थी भित्र्याउने रणनीतिअनुरूप उसले अख्तियार गरेको टायर फोर नीति यसका लागि सहज माध्यम बन्न पुग्यो, तर स्टुडेन्ट भिसामा बेलायत प्रस्थान गर्ने विद्यार्थीहरूको बढ्दो चापसँगै 'नेपाली विद्यार्थी बिचल्लीमा पर्ने गरेको' खबरले यतिबेला सबैको मनमा ढ्यांग्रो ठोक्न थालेको छ।

यता बेलायत अध्ययनका लागि विद्यार्थीलाई परामर्श एवं आवश्यक प्रक्रियामा सहयोग गर्दै आएका कन्सल्टेन्सीहरू 'प्रचारमा आएजस्तो दुरवस्था नभएको' दाबी गर्छन्। 'पढ्नकै लागि पूर्ण तयारी गरेर गएका विद्यार्थीहरूमा खासै समस्या छैन,' नेक्स्टका पाठक भन्छन्। तर, सही सल्लाह नलिई विनातयारी जाने विद्यार्थीहरूले त्यस्तो हविगत भोग्ने क्याम्ब्रिज इन्स्टिच्युटका गोपाल भण्डारीले बताए। 'अध्ययनका लागि विदेश जानुपूर्व विद्यार्थीले आफू पढ्ने कलेज, बस्ने स्थानलगायत त्यहाँको रहनसहन, संस्कृति एवं वस्तुस्थितिका सम्बन्धमा राम्रो जानकारी लिएर जानुपर्छ,' भण्डारी भन्छन्। साथै, एक वर्षको कलेज शुल्कबाहेक कम्तीमा ६ महिनासम्म पुग्ने खर्चसमेत बोकेर जानुपर्ने विज्ञहरूको सुझाव छ।

टायर फोर नीतिले स्टुडेन्ट भिसा पाउने प्रक्रियालाई खुकुलो बनाएपछि पढ्ने बहानामा कमाइ गर्नेहरू बेलायत पस्ने क्रम बढेको पाइन्छ, तर आफैं विश्व आर्थिक मन्दीले शिथिल बनेको बेलायतमा



भनेजस्तो अवसर नहुँदा उनीहरूको सपना चकनाचुर भएको हो।

बेलायतमा विद्यार्थीले साताको २० घण्टा वैधानिक रूपमै काम गर्न पाउने प्रावधान छ, तर भाषा, अनुभव एवं कानुनी रूपमा पार्ट टायम गर्न पाउने विद्यार्थीको 'स्ट्याटसले' कामै पाउन मुस्किल हुने गरेको एक स्रोत बताउँछ। काम पाए पनि समयको तालमेल मिलाउन नसक्दा पढाइमा बाधा पुग्ने डर हुन्छ। ८ देखि १० लाख खर्चेर पढ्न गएका विद्यार्थीले लगानी डुब्ने डरमा पढाइलाई भन्दा कामलाई प्राथमिकता दिने गरेको परामर्शदाताहरू बताउँछन्।

'विद्यार्थीले आफ्नो भविष्य सोचेर जानुपर्छ,' एक परामर्शदाता भन्छन्- 'तर कतिपयले त्यहाँ आफ्नो समस्या बोकेर जाने गरेका छन्।' थोरै खर्च गरेर स्टुडेन्ट भिसामा बिदेसिनेहरूले कामलाई प्रथामिकता दिने गरेको उनले बताए। 'अहिले त साढे ४ लाख (नेपाली रुपैयाँ) खर्चिए बेलायत पस्न पुग्छ,' नेक्स्टका पाठकले थपे-'त्यसैले कामका लागि खाडी जानेहरू पनि बेलायत जान थालेका छन्।'

चाँडै बेलायत छिर्ने हतारोमा रहेका विद्यार्थीहरू आवश्यक जानकारी लिन चुक्ने गरेका छन्। त्यस्तै, भरसक कम खर्च लाग्ने कलेज उनीहरूको रोजाइमा पर्छ। यसरी हतारको निर्णयले उनीहरूलाई भौतिक पूर्वाधार कमजोर भएको साथै स्तरहीन पढाइ हुने कलेजमा पुर्‍याउने गरेको छ।

सबै सस्ता कलेज नराम्रै हुन्छन् भन्ने होइन। त्यहाँका सरकारी कलेजबाट सस्तो भएर पनि गुणस्तरीय शिक्षा लिन सकिन्छ। पढाइप्रति लगाव राख्ने एवं भविष्यप्रति सचेत विद्यार्थीले कम खर्चमै गुणस्तरीय शिक्षा लिइरहेका छन्।

### लर्निङसँगै अर्निङ पनि

नेपाली विद्यार्थीहरूले अध्ययन पूरा गर्न सम्पूर्ण खर्च बेहोर्न सक्दैनन्। उनीहरू एक वर्षको शुल्क तिरेर पढ्न जान्छन्। बाँकी अध्ययन त्यहीं कमाएर पूरा गर्ने लक्ष्यसाथ गएका विद्यार्थीहरू रोजगार नपाउँदा विचल्लीमा पर्ने गरेका हुन्।

विद्यार्थीले विदेशमा गएर खान-बस्न र कलेजको ट्युसन फी तिर्न पेट्रोल पम्प, रेस्टुराँ, डिपार्टमेन्टल स्टोर आदिमा काम गरेका छन्। छात्रवृत्ति नपाउने मध्यमवर्गीय परिवारका विद्यार्थीहरूले विदेश पुगेपछि पहिल्यै जीवन धान्न सबै प्रकारको काम गर्ने मानसिकता बनाउनु राम्रो हुने परामर्शदाताहरू बताउँछन्। आफ्नै खर्चमा अमेरिका, बेलायतजस्ता मुलुकमा अध्ययन गर्न पुगेका नेपाली विद्यार्थीका लागि लामो छुट्टीमा सक्दो बढी काम गरी वर्षभरिको गर्जो टार्ने रकम जम्मा गर्नुपर्ने हुन्छ।

धेरैजसो विद्यार्थी प्लस टु सिध्याएर थप अध्ययनका लागि बाहिरिने गरेका छन्। यसरी स्नातक तहमा भर्ना भएका विद्यार्थीहरूले छात्रवृत्ति पाउने सम्भावना कम हुन्छ। साथै यो तह पार गर्ने अवधि लामो हुने र खर्च पनि बढी लाग्ने भएकाले विद्यार्थीको बसाइ कष्टकर हुने गरेको हो।

पैसा कमाउनैपर्ने बाध्यताका कारण विद्यार्थीहरू पढाइका लागि पर्याप्त समय दिन सक्दैनन्। त्यसमा पनि पढ्न पठाएका छोराछोरीबाट कमाइको आशा गर्ने अभिभावकको भ्रमक सोचाइले पनि नेपाली विद्यार्थीहरू तनाव झेल्न बाध्य हुन्छन्।

खर्च अभावका कारण कतिपय परिस्थितिमा गैरकानुनी रूपमा समेत काम नगरी सुख छैन तर बिदेसिने सबैले दुःखै पाउने अवस्था पनि छैन। छात्रवृत्ति वा अरू किसिमका राहत पाउने विद्यार्थीहरू पढाइमै केन्द्रित रहेका उदाहरण पनि प्रशस्तै छ।

### रोजगारको अवसर

ओलम्पिकको आयोजना गर्ने तयारीमा जुटेको बेलायतलाई ठूलो संख्यामा श्रमशक्तिको आवश्यक छ। 'ओलम्पिक आयोजना गर्ने भएकाले बेलायतमा रोजगारीका थुप्रै बाटा खुल्न सक्छन्,' क्याम्ब्रिजका भण्डारी भन्छन्। स्टुडेन्ट भिसामार्फत आएकालाई नै श्रमशक्तिका रूपमा प्रयोग गर्ने बेलायतको भित्री नीति रहेको एक परामर्शदाताले बताए।

### बेलायतको आकर्षण

बेलायतमा विश्वचर्चित विश्वविद्यालयहरू छन्। बेलायतका लिभरपुल जोन मुरेस युनिभर्सिटी, म्यारिटाइम ग्रीनवीच कलेज तथा साउथ वेल्स युनिभर्सिटीजस्ता कलेजमा नेपाली विद्यार्थीहरू अध्ययनका लागि जाने गरेका छन्। बेलायत जानुअघि आफ्नो रुचिको विषय, क्षमतालाई आधार बनाएर कलेजको छनौट गर्नुपर्छ। कलेज छनौट गरिसकेपछि त्यहाँको वस्तुस्थितिका सम्बन्धमा जानकारी लिनुपर्छ। बेलायतमा जनवरी, अप्रिल, जुलाई वा अक्टोबरमा शैक्षिक सत्र सुरु हुन्छ।

शैक्षिक पाठ्यक्रममा अध्ययन गर्नका लागि बेलायत राम्रो गन्तव्य हो। मुख्यतः बीबीए र एमबीएका लागि धेरै विद्यार्थीको आकर्षण बेलायत बनेको छ। एमबीए अध्ययनका लागि प्रायः कलेजले कामको अनुभव खोज्ने गरेका छन्। आईईएलटीएस गरेका विद्यार्थीको हकमा केही कलेजले कामको अनुभव पनि खोज्दैनन्।

बेलायत जान सबै कलेजले आईईएलटीएस (आयल्स) अनिवार्य मानेका छैनन्। आयल्स नगरेको हकमा विद्यार्थीले अंग्रेजी माध्यममा पढेको हो भनेर विद्यार्थीले पढेको कलेजले सिफारिश गर्नुपर्छ। आयल्स नगरेका विद्यार्थीलाई बेलायतस्थित सम्बन्धित कलेजले अंग्रेजीको विशेष कक्षा लिन्छ। यसका लागि १ हजारदेखि १ हजार ५ सय पाउण्ड अतिरिक्त खर्च लाग्छ। नेपालमा आयल्स गर्न १२ हजार रुपैयाँले पुग्ने भएकाले डेढ लाखभन्दा बढी तिरी बेलायत पुगेर अंग्रेजीको विशेष कक्षा लिनु मुर्खता भएको नेपाल शैक्षिक परामर्श व्यवसायी संघ (इक्यान) का उपाध्यक्ष प्रेम पाण्डे बताउँछन्।

## बेलायत उत्कृष्ट गन्तव्य



**शालिकराम भण्डारी**
**द नेक्स्ट कन्सल्टेन्सी**

विगत केही समयदेखि हामीले बेलायत अध्ययनका सम्बन्धमा विभिन्न किसिमका नकरात्मक समाचारहरू सुन्दै आएका छौं। यी समाचारले केही राम्रा तथा उच्च शिक्षाका लागि उत्सुक विद्यार्थीलाई समेत द्विविधामा पारेको छ, तर सबै खबरका पछाडि लाग्नुभन्दा पहिले विद्यार्थी तथा अभिभावक दुवैले खबरको स्रोत र सत्यता पत्ता लगाउनु आवश्यक हुन्छ। साथै यी समस्या व्यक्तिगत हुन् वा सामूहिक, अस्थायी हुन् वा स्थायी हुन्, थाहा पाउनु आवश्यक छ।

वैदेशिक अध्ययन आफैंमा सम्पूर्ण समस्याको स्रोत वा समाधान होइन। यसका विभिन्न पक्ष हुन्छन्। सही विषय र कलेजको छनौट, आर्थिक सबलता तथा प्रक्रियाको पूर्ण र सही जानकारीविना अघि बढ्दा विभिन्न किसिमका समस्या आउन सक्छन्। सञ्चार तथा प्रविधिको युगमा परामर्शदाताहरूको भनाइमा सत्यता खोज्न विद्यार्थी आफैंले इन्टरनेटको सहयोग लिनु आवश्यक हुन्छ। आफ्ना लागि परामर्शदाताले दिएको जानकारी सही हो-होइन भन्ने कुरा इन्टरनेटबाट पनि थाहा पाउन सकिन्छ। विद्यार्थीहरू आफैं पनि सजग एवं सचेत हुनैपर्छ। केही सिमित कलेज तथा परामर्शदाताहरूको अवस्था र सल्लाहसँग सम्पूर्ण युकेको अध्ययनलाई जोडेर हेर्न मिल्दैन।

सही रूपमा पढ्ने उद्देश्य लिएर जाने विद्यार्थीका लागि युके एक उत्कृष्ट गन्तव्य हो, तर स्टुडेन्ड भिसा प्रयोग गरेर अरू नै सोचले युके छिर्दै हुनुहुन्छ भने एकपटक गम्भीरतापूर्वक सोच्नुहोस्। तपाईंकै कारणले पढ्नकै लागि जाने विद्यार्थीको करियरमा पनि धक्का नलागोस्।

तु-आवश्यकता
नेपाल स्थित बहुराष्ट्रिय Public Company को लागी कर्मचारी आवश्यकता
संख्याः 20 Ladies & Gents
योग्यताः SLC, PCL or Above
तलबः 9000
सम्पर्कः 01-2292363, 9803809968, 9841747489
मित्रपार्क चोक, चावहिल
UTL Tower भएको अग्लो घर

The Flying Institute
announces Admission open for
Airhostess Training
Get trained from Nepal's No. 1 Cabin Crew instructor Ms. Shanta Shrestha
www.theflyinginstitute.edu.np
Call: 4465653, 9841278689
The Flying Institute P. Ltd.
Minbhawan, Kathmandu
Information Office: 4785609, New Baneswor
(Opp. of New Baneswor Department Store)

होटल तालिम विशेष छुटमा
नेपाल सरकारबाट स्वीकृत प्राप्त, पाँचतारेको प्रशिक्षक
२००३ मा स्थापित Worldwide valid Certificate
Japan, UK, Australia, Canada, Europen देशमा Working Visa, Student Visa मा जानेलाई Part time & Full time job को लागि SPECIAL CLASS भैरहेछ।
COOK, WAITER, Barman, Bakery, Tandoori, Salesman, Receptionst, House Keeping, Diploma in Hotel Mgmt., F & B Mgmt., Coffee, Juice maker, Roomboy, Bellboy etc.
ATHTIN बाट स्विकृत प्राप्त
- ३ महिने कुकमा FREE ENGLISH LANGUAGE
- थप Industrial Training लाई Star Hotel मा पठाइने
- आफ्नै FIVE STAR STANDARD RESTAURANT भएको
- जागिरको व्यवस्था स्वदेश र विदेशमा सहयोग गरिने।
- Student Visa, Work Permit, PR, DV lottery मा जानेलाई विशेष तालिम
Vissa Processing for Aboard Study U.K. Australia
र्‍याडीसन होटल ट्रेनिङ्ग सेन्टर
बागबजार,पि.के.क्याम्पसपछिको दोस्रो घर रत्नपार्क तर्फ
4247165, 2200889, 9841-891131
साहारा होटल तालिम सेन्टर
(Sahara School of Hospitality Mangement and Toursim Nepal)
नयाँ बानेश्वर, शिवदर्शन हल अगाडि, ओखरबोट मार्ग
2040782, 016200757, 98510-93629
र्‍याडीसन होटल तालिम सेन्टर
नयाँ बानेश्वर, BICC को पानी ट्यांकी अगाडी
4464720, 9841-891131, 98510-93629

सौन्दर्यका सामान
Height बढाउने (Yoko Japanese) - 1050/-
मोटोपन घटाउने (Sauna Belt)
अनुहार गोरो बनाउने (Roop Amrit)
स्तन बढाउने, घटाउने साथै टाईट गर्ने (Cream)
डण्डीफोर, चाया पोतो हटाउने (Cream)
धुम्रपान, जाँड रक्सी छुटाउने, चाउरीपना हटाउने
कपाल नझर्ने वा उमार्ने तेल (Herbal-44)
एकमुखे रुद्राक्ष साथै हनुमान कवज
Free Home Delivery / 100% Guaranteed
Worldwide Shopping Centre
Newbaneshwor
(शंखमुल मार्ग, तयारी पोशाक संघको अगाडी)
Ph. 2290871, Mob. 9841506134

होटेल तालिम मोडर्नमा
Switzerland & UK बाट
अनुभव प्राप्त गरी आउनुभएका प्रशिक्षक द्वारा पनि प्रशिक्षण दिईन्छ
Cook, Waiter, Waitress, Bakery, Barman, Captain, Front Office, House keeping (Room Boy), Supervisor, Care Giver, Domestic Helper तथा सम्पूर्ण Hotel Management सम्बन्धि तालिम दिइन्छ।
www.modernhoteltraining.com.np
Modern Management Modern Technology
MODERN HOTEL Training Center Pvt. Ltd. महाराजगञ्ज बसुन्धरा पुल· Ktm
Ph:- 4363215, 9721315801

खुल्यो ! खुल्यो !! खुल्यो !!!
१००% प्राक्टिकल
नेपालमै पहिलो पटक
CCTV, Security System, Fire alarm control system, Embedded System Design, Mastering 8051 Microcontroller तथा Electrical, Electronic विषयहरुमा अनुभवी इन्जीनियर तथा दक्ष प्राविधिकद्वारा प्रशिक्षणको तालिम खुल्यो। घमाघम भर्ना लिइदैछ, सिट सिमीत छ।
प्राविधिक तालिम तथा अनुसन्धान केन्द्र प्रा.लि.
अद्वैतमार्ग, पुरानो बसपार्क, काठमाण्डौं
४२४६९३६, ९८०२०३१७६६

ENGLISH LANGUAGE TRAINING
छिटो अनि राम्रोसँग American Method मा सिकाइने १ मात्र English, Japanese, Spanish, Chinese, German तथा French Language Training संचालन गरिँदैछ।
३ महिना भित्र राम्रोसँग बोल्न सक्ने बनाउने विश्वास दिलाउँछौं।
BUD LANGUAGE INSTITUTE
जमल रानी पोखरी, विश्वज्योति हलसँगै
Tel :- 4249576

होटल तालीम अन्तर्राष्ट्रिय मापदण्डको
✧Cook ✧Waiter ✧Bartender ✧Housekeeping ✧Front Office ✧Coffee Making ✧Bakery ✧Caregiver ✧Hotel Mgmt. ✧F&B Mgmt.
✧Airfare & Ticketing (Fare Calculation) ✧Abacus, Amadeus, Galileo, e-ticketing ✧Travel Operation ✧Tour & Travel Mgmt
✧Abroad Study- UK, USA, Australia, Japan
✧3/4/5 Star होटलहरुमा तालिम दिइने
Language: English & Japanese
बिदेश जानेहरुको लागि विशेष कोर्ष
Excel Academy of Tourism & Hotel Mgmt. Pvt. Ltd.
Ph: 4460956 Chabahil, Ktm (Near to Medicare)


# फेरि आए हिरोहरू


आयुष रिजाल

'लौन फ्रेस हिरोइन छैनन् ? एउटी नयाँ हिरोइन खोजिदिनु न ।'- निर्माता-निर्देशकहरू चिने जानेकाहरूलाई गुहार्छन् । हरेक पटक चलचित्र निर्माणका बखत उनीहरू 'फ्रेस हिरोइन' खोजिरहेकै हुन्छन् । हिरोइनचाहिँ 'फ्रेस' अर्थात् नयाँ खोजिए पनि हिरोहरूचाहिँ चलनचल्तीकै हुन्छन् । सामान्यतया: नेपाली चलचित्रमा नायिकालाई आकर्षणका लागि मात्र राखिएको पाइन्छ । उनीहरूभन्दा नायकको भूमिका सशक्त हुन्छ । चलचित्रका गीतमा नाच्न र नायकसँग रोमान्स गर्न नायिकाहरूको उपयोग हुने गरेको छ । साँच्चै, नेपाली चलचित्र नायकमुखी छन् । पर्दामा नायककै चरित्र हाबी हुने गरेको छ । त्यसो भएर पनि निर्माता तथा निर्देशकहरू 'फ्रेस हिरो' चाहियो भनेर कहिल्यै भन्दैनन् ।

त्यति हुँदा हुँदै पनि अहिले नेपाली चलचित्रमा नयाँ नायकहरूको बोलबाला बढेको छ । जबकि शीर्षस्थानमा पुरानै र स्थापितहरूकै बाहुल्यता छ । विराज भट्ट, राजेश हमाल, निखिल उप्रेतीहरू यहाँ बन्ने चलचित्रमा छाएकै छन् । गत वर्ष चर्चामा आएका जीवन लुइँटेल, अर्जुन कार्की, नीरज बराल, आर्यन सिग्देल, सुमन सिंह, राजबल्लभ कोइराला आदिको व्यस्तता पनि बढ्दैछ । यीमध्ये आर्यन, जीवन, सुमन, अर्जुन र राजबल्लभ स्थापित भैसकेका छन् । उनीहरूलाई मात्र नायक लिएर चलचित्र बनाउने आँट पनि केही निर्माता-निर्देशकले गरिसकेका छन् ।

०६७ मा छाउने तयारी गरेर अरू थप 'फ्रेस' नायकको आगमन हुने क्रम पनि बढ्दो छ । चलचित्रको निर्माणक्रम बढ्नु तथा नायकप्रधान चलचित्र बन्ने नायकहरूकै 'डेब्यु' बढी हुनुले आगामी दिनहरूमा पुरानासँग नयाँ र नयाँसँग अझ नयाँ नायकहरूको प्रतिस्पर्धा हुन सक्ने संकेत देखिएको छ । कम्तीमा स्नातकसम्म अध्ययन गरेका एवं आगामी वर्ष चर्चा र व्यस्तताको शिखर उक्लने सम्भावना बोकेका पछिल्लो पुस्ताका केही नायक :


निस्तेज निरौला

**अनमोल केसी :** तीन दशकदेखि नेपाली चलचित्रमा नायक भएर चर्चा बटुलिरहेका भुवन केसीका पुत्र हुन्- अनमोल केसी । नायक भुवन केसी तथा नायिका सुस्मिता केसीका यी छोरा बाबुकै निर्माणाधीन चलचित्र 'साथी म तिम्रो' मार्फत पर्दापण हुँदैछन् । नायक केसीको चर्चाका कारण अनमोलले पनि चर्चा पाउन सक्छन् ।

**मुकेश आचार्य :** दर्जनौं म्युजिक भिडियो, टेलिश्रृंखला आदिबाट यसै वर्ष चलचित्रको नायक भएका मुकेश आचार्यलाई अभिनयमा दक्ष मानिएको छ । मुकेश चलचित्र 'वशमा छैन यो मन', 'तिमी मात्र तिमी' तथा 'नाइँ नभन्नु ल'मार्फत पदार्पण हुने तयारीमा छन् । एकपछि अर्को चलचित्रमा काम पाउँदै जानुले पनि उनको भविष्य बलियो भएको संकेत गरेको छ ।

**अयुब केसी :** स्नातक गर्दागर्दै अयुब केसीलाई मोडलिङको रहर जाग्यो । उनले म्युजिक भिडियोहमा अभिनय गर्ने अवसर पनि पाए । एक-दुई गर्दागर्दै उनले ३० वटा जति म्युजिक भिडियोमा अभिनय गरिसकेका छन् । म्युजिक भिडियोमै अभिनय गर्न रमाइलो लाग्ने बताए पनि अयुबले निर्माणाधीन दुई चलचित्र 'माया यो कस्तो माया' र 'ठेगाना'मा नायकको भूमिका निर्वाह गरेका छन् । अहिले उनी चलचित्र 'चाँडै फर्की आऊ है'को तयारीमा छन् ।


सुबोध थापा

**मुकेश ढकाल :** दर्जनौं टेलिश्रृंखलाका डमीमा काम गर्दै अभिनययात्रा थालेका मुकेश ढकालले मुख्य भूमिका निर्वाह गरेका तीन श्रृंखला 'दुई दिनको जिन्दगानी', 'वंश' र 'मोड' मात्र प्रसारणमा आए । नायिका मेलिना मानन्धरका श्रीमान् नायक मुकेश ढकालले चलचित्र 'जीवनदान'मा आइटम डान्स पनि गरे । यसै वर्ष मात्र उनले चारवटा चलचित्र 'हलचल', 'निगरानी', 'आफ्नो मान्छे आफ्नै हुन्छ' र 'पर्खिराख है'मा नायक हुने अवसर पाएका छन् ।


एसराज कार्की

**आयुष रिजाल :** यो वर्ष एउटा गीत निकै चर्चामा आयो । अञ्जु पन्तले गाएको उक्त गीत 'न बिर्से तिमीलाई..'को म्युजिक भिडियोमा नायिका झरना बज्राचार्यसँग देखिएका युवक आयुष रिजालले यो वर्ष नायिका रेखा थापाको चलचित्र 'हिफाजत'मा मुख्य नायक हुने अवसर पाएका छन् । यसै वर्ष सार्वजनिक हुने हिफाजत प्रदर्शनमा आउनुअगावैआयुषले 'च्यालेञ्ज'लगायत राम्रो ब्यानरका तीनवटा चलचित्र पाइसकेका छन् ।

**सुबोध थापा :** म्युजिक भिडियोहरूमा छाएका सुबोध थापा निर्देशक आलोक नेम्वाङका खोज हुन् । निर्देशक नेम्वाङको निर्देशनमा बनेका म्युजिक भिडियोहरूका मोडलहरूमा उनले सबैभन्दा बढी अभिनय गरेका छन् । सुबोध एक प्रकारले निर्देशक नेम्वाङका 'फेवरेट' मोडल हुन् । त्यसैले उनले आफ्नो निर्देशनमा निर्माण भैरहेको चलचित्र 'कोही...मेरो'मा आर्यन सिग्देल, झरना बज्राचार्य तथा सञ्चिता लुइँटेलजस्ता स्थापित नायक-नायिकाहरूका साथ सुबोधलाई लिएका छन् ।

**एसराज कार्की :** एउटा चाउचाउको विज्ञापनमा देखिएका एसराजले थुप्रै शोमा र्‍याम्प मोडलिङ गरेको अनुभव सँगालेका छन् अनि दर्जनौं म्युजिक भिडियोहरूमा पनि अभिनय गरेका छन् । टेलिभिजन कार्यक्रमका सञ्चालक पनि रहेका एसराजलाई अनेकौं म्युजिक भिडियोमा निर्देशक प्रसन्न पौडेलले पहिलो पटक निर्देशन गरिरहेको चलचित्र 'स्वर'मा नायक बनाएका छन् ।


हसन खान

**निस्तेज निरौला :** निर्देशक बाबुराम ढकालको चलचित्र 'पर्खिराख है' तथा संगीतकार सुरेश अधिकारीको चलचित्र 'तिमी मेरो म तिम्रो' मार्फत पदार्पण हुन लागेका नायक निस्तेज निरौला मोडलिङबाट चलचित्रमा आएका हुन् । उनले यो निर्माणाधीन चलचित्रमा नायक हुनुअघि केही म्युजिक भिडियो तथा विज्ञापनहरूमा काम गरेका थिए ।

**हसन खान :** बलिउडमा खान थरका नायकहरूको बोलवाला भैरहेको बेला नेपालमा पनि त्यही थर भएका नायकको आगमन हुँदैछ । हसन खानले यसै वर्ष मोडलिङ प्रतिस्पर्धा मिस्टर राजधानीको उपाधि जिते । त्यसपछि केही म्युजिक भिडियोमा अभिनय गरेपछि अब उनी नायक भुवन केसीको चलचित्र 'साथी म तिम्रो' तथा विरेन श्रेष्ठको 'मनले मनलाई छुन्छ' मा अभिनय गर्दैछन् । खान सम्भवत: नेपाली चलचित्रमा पहिलो मुस्लिम नायक पनि हुन् ।


Language / Computer
English: Elementary, Intermediate, Advanced & Special Courses
(Supervised by P. Swoveet, free books, cassettes, audio-visual/ interactive method..)
Japanese/German/Chinese/French/Spanish.. classes
Computer: Basic/Advanced/Accnt./Graphic
TOEFL / IELTS / SAT / GRE Pre.
(Free Books/ materials/ Lab & Online practice/ weekly tests)
Study Abroad: USA, UK Canada, Australia .. Wide range of courses, Free counselling ..
Language books/Cassettes/CDs/Video DVDs:
Easy Learning Language Book, Cassettes/CDs Basic to Advanced
Eagle Eye UN POL (SAT) Prepn. Book with audio CD Price: Rs. 280/-
Upto date Essays for TOEFL/IELTS 201 Essays Rs.188/-
Face to Face Language Videos Price: Rs. 160/-
Interactive English Language Videos Price: Rs. 260/-
Boost Vocabulary Enhance word power Basic to Advanced Price: 50 & 60/-
-OLC's Publications, ph. 4-247897
O'seas Academy (OLC) Head office Bag Bazar, 4-268945 OLC Jamal-Branch, 4-244741
(Institute run by P. Swoveet! Other institutes called OLC don't belong to us!)




LIVE & WORK
FRANCE, GERMANY, DENMARK, BELGIAM
यूरोपका यी मुलुक (देश) हरूमा Aupair अथवा Culture Exchange Program अन्तर्गत Childcare Job गर्न ईच्छुक तथा १८ वर्ष देखि २७ वर्षसम्मका यूवती / महिलाहरूको लागि सुवर्ण अवसर । यस Program अन्तर्गत Europe जाने महिलाहरूले सम्बन्धित देशको भाषा तथा सस्कृतिमा अभिरूचि राख्नुपर्नेछ ।
बिस्तृत जानकारीको लागि यथासिघ्र सम्पर्क राख्नुहोला ।
GOLDEN ERA
Education & Career Dev. (P) Ltd.
New Baneshwor Bhind BICC Kathmandu
Tel: 4460286, 2043035
E-mail : info@goldeneracareer.com




The pioneer Air Hostess Training Institute in Nepal
Be an Air Hostess
Be a Flight Steward
My Dream My AHTI Thank You!
Admission OPEN
After successful training we provide Job Placement Assistant in Domcstic & International Airlines
FREE Facilities
Swimming, Airport Familiarization, Stationery, Uniform & Scarf
Highly experienced instructors Licence holder from CAAN
Air Hostess Training Institute (P) Ltd.
NECO Complex (Opp. BICC hall, Main Gate) New Baneshwor KTM.
Ph# 4783564, 2042030 E-mail: ahti@wlink.com.np

## दैनिक एक अरबले हेर्छन् युट्युब



गुगलको अनलाइन भिडियो वेबसाइट युट्युब दैनिक एक अरब दर्शकले हेर्ने गरेको साइटका संस्थापक चाड हर्लेले अक्टोबरको पहिलो साता बताएका थिए। युट्युबमै एक भिडियो सार्वजनिक गर्दै हर्लेले युट्युबको क्रेजका बारेमा स्पष्ट पारेका थिए। समाचार एजेन्सी डीपीएका अनुसार हर्लेले भिडियोमा विश्वभरका सूचनालाई संगठित गरेर प्रत्येक व्यक्तिमा पुऱ्याउने काममा गुगल सफल भएको बताउँदै युट्युबमा विश्वका १ अरब दर्शकले दैनिक भिजिट गरेकोमा गर्व महसुस भएको बताएका छन्।


## राम्रो तथा बलियो स्याटलाइट





युरोपका वैज्ञानिकहरूले अन्तरिक्ष अभियानका लागि अनौठो स्याटलाइट विकास गरेका छन्। वर्षको प्रारम्भमा सार्वजनिक यो स्याटलाइटको बनावट त आकर्षक छँदैछ, लक्षित उद्देश्यका निम्ति त्यत्तिकै प्रभावकारी पनि। युरोपियन स्पेस एजेन्सीका अनुसार गोसे नामको यो स्याटलाइटले पृथ्वीको वरिपरि घुमेर यसको गुरुत्वाकर्षण शक्तिका बारेमा नजर राख्नेछ। धरतीबाट २ सय ७० किलोमिटर माथि रहेर घुम्ने यो स्याटलाइट अन्य हवाईजहाजको जस्तै सेपको छ।

# विज्ञानको क्षेत्रमा वर्ष २००९

## प्रयोगशालामै शुक्राणु




बेलायतको न्युकासल विश्वविद्यालयका वैज्ञानिकहरू प्रयोगशालामा मानव शुक्राणु बनाउन सफल भएका छन्। वैज्ञानिकहरूका अनुसार यो सफलताले पुरुषहरूमा रहेको बाँझोपनलाई निराकरण गर्नेछ। न्युकासल विश्वविद्यालय तथा नर्थइस्ट स्टिम सेल इन्स्टिच्युटका वैज्ञानिकहरूले एक भिडियो सार्वजनिक गर्दै प्रयोगशालामै शुक्राणु विकास गरिएको पुष्टि गरेका थिए। नर एम्ब्रयोनिक स्टिम सेललाई जर्मलाइन स्टिम सेलमा परिवर्तन गर्दै विभिन्न प्रक्रियामार्फत मानव स्पर्म विकास गरिएको थियो।



## तयार भयो रोबोट मुसा

वैज्ञानिकहरू रोबोट मुसा बनाउने काममा पनि सफल भएका छन्। उनीहरूले भनेका छन्- यो रोबोट मुसाले जुँगाको माध्यमबाट विभिन्न वस्तु पहिचान गर्न सक्छ। यसले अँध्यारो स्थानमा पनि काम गर्न सक्ने उनीहरूले बताएका छन्। बेलायतको ब्रिस्टल रोबोटिक्स ल्याबरोटरी तथा युनिभर्सिटी अफ सेफिल्डको टोलीले आर्टिफिसियल इटेलिजेन्स प्रोजेक्टअन्तर्गत रोबोट मुसा तयार पारेको हो।

## सुरक्षित उत्रियो डिस्कभरी



अन्तरिक्ष यान डिस्कभरी १३ महिना लामो मिसन पूरा गरेर मार्चको अन्त्यमा सुरक्षित अवतरण भयो। ७ अन्तरिक्षयात्रीलाई लिएर गएको उक्त यान फ्लोरिडाको केनेडी अन्तरिक्ष केन्द्रमा उत्रिएको थियो। अन्तर्राष्ट्रिय अन्तरिक्ष केन्द्र (आईएसएस) लिएको रिपोर्टअनुसार यो यानको यात्राले अन्तरिक्ष विज्ञानसम्बन्धी अध्ययनका लागि थुप्रै नयाँ कुरा पत्ता लगाएको थियो। खराब मौसमका कारण डिस्कभरीलाई पहिलो पटक अवतरणका लागि नासाले अनुमति नदिएपछि दोस्रो पटकमा सुरक्षित अवतरण गरिएको थियो।

### नुनिलो पानीलाइ मीठो बनाउने

समुद्रको नुनिलो पानीलाई पिउन योग्य बनाउन वैज्ञानिकहरूले न्यानोट्युब प्रयोगमा ल्याउन सकिने बताएका छन्। अहिलेसम्म प्रयोग गरिएका उपकरणभन्दा पाँच गुणा छिटो पानी प्रशोधन गर्न सक्ने यो प्रविधिले पानीलाई स्वादिलो पनि बनाउँछ। वैज्ञानिकहरूका अनुसार विश्व जनसंख्याको एक चौथाइ संख्या कम पानीका कारण त्रसित भैरहेका बेला न्यानो प्रविधिको यो उपकरणले नयाँ क्रान्ति ल्याउनेछ। बोरोन तथा नाइट्रोजन अणुबाट बनेको यो ट्युब असाध्यै सानो छ। अस्ट्रेलियन नेसनल युनिभर्सिटीका टेमसन हिल्डरले भने, अहिले प्रयोगमा आएको नुनिलो पानी शुद्ध गर्ने विधिले फिल्टरले झैं काम गर्छ। यसको प्रयोगमा आवश्यकताभन्दा ४ गुणाभन्दा बढी बिजुली खपत भैरहेको छ, तर बोरोन नाइट्राइड न्यानो ट्युबले कम खर्चमै मीठो पानी फिल्टर गर्न सक्छ।

### ललिपपबाट नेत्रहिनले पनि देख्ने भए

वैज्ञानिकहरूले एक यस्तो इलेक्ट्रिक ललिपप बनाएका छन्, जसको सहायताले नेत्रहीनहरू जिब्रोको सहायताले हेर्न सक्छन्। ब्रेनपोर्ट नाम दिइएको यो उपकरणको सफल परीक्षणपछि वर्ष २०१० जनवरीदेखि नै यसलाई बजारमा ल्याउने तयारी पनि पूरा भैसकेको छ। करिब ६ हजार पाउन्ड मूल्यको यो उपकरणमा सनग्लासजस्तै एउटा यन्त्र लगाउनुपर्छ। यसको बीचमा एउटा छोटो भिडियो क्यामेरा फिट गरिएको हुन्छ, जसले वरिपरिका वस्तुहरूको तस्बिर खिच्छ। यो भिज्युअल डाटालाई ललिपपमा पठाइन्छ। मोबाइल फोनको आकारको ललिपपलाइ हातमा राख्न सकिन्छ। ललिपपमा ६ सय इलेक्ट्रोड लगाइएको हुन्छ, जसले भिज्युअल डाटालाई बिजुलीको पल्सेसमा बदलिदिन्छ। हरेक पल्स त्यो एरियामा कत्तिको प्रकाश छ भन्ने कुरामा निर्भर रहन्छ। ह्वाइट पिक्सलबाट धेरै पल्सेस मिल्छ भने ब्लाक पिक्सलले कुनै सिग्नल दिँदैन। पल्सेसलाई जिब्रोमा महसुस गर्न सकिन्छ। जिब्रोमा महसुस संवेदनालाई यन्त्रका माध्यमबाट मस्तिष्कमा पुऱ्याएपछि मस्तिष्कले उक्त संवेदनालाई फेरि तस्बिरमा बदलिदिन्छ। ब्रेनपोर्टको प्रयोगका लागि नेत्रहीनहरूले २० घण्टाको कक्षा लिनुपर्ने हुन्छ।

### स्पाम मेलका कारण

स्पाम मेल इमेल प्रयोगकर्ताहरूका लागि मात्र होइन, पर्यावरणका लागि पनि उत्तिकै हानिकारक सावित हुने प्रतिवेदन यो वर्ष सार्वजनिक भएको छ। स्पाम मेलका बारेमा गरिएको अध्ययनले स्पाम मेलकै कारण हरेक वर्ष ३३ अरब किलोवाट बिजुली व्यर्थ खर्च हुने गरेको देखाएको छ। जबकि यति बिजुलीले २४ लाख घरलाई बिजुली आपूर्ति गर्न पुग्छ। कार्बन फुटप्रिन्ट अफ इमेल स्पाम रिपोर्टअनुसार प्रत्येक वर्ष ६२ ट्रिलियन स्पाम मेल पठाइन्छन्। जसअनुसार स्पाम मेलका कारण १ दशमलव ७ करोड टन कार्बनडाइअक्साइड जेनरेट हुन्छ। रिपोर्टअनुसार २३ लाख कारबाट निक्लने कार्बनडाइअक्साइड बराबर स्पाम मेलबाट सिओटु जेनरेट हुन्छ।

### समुद्रमा अम्लियपन बढ्ने खतरा

बेलायतका वैज्ञानिकहरूको एक अनुसन्धानअनुसार मानवीय क्रियाकलापका कारण समुन्द्रको अम्लियपन बढ्दै गएको छ, जसका कारण समुद्री जीवन बिताउने थुप्रै जीवजन्तु लोपोन्मुख अवस्थामा छन्। प्रतिवेदन भन्छ- आधुनिक समाजमा कार्बनडाइअक्साइड उत्सर्जनका कारण पछिल्लो ५ लाख वर्षमा यो वर्ष समुद्र अत्यधिक मात्रामा अम्लीय भएको हो। समुद्री जीव तथा वनस्पतिका कतिपय प्रजाति लोप भैसकेको अवस्थामा अब बाँकी जीव र वनस्पतिलाई बचाउन सचेत भएर लाग्नुपर्ने प्रतिवेदनको निष्कर्ष छ। यतिमात्र होइन, २१ औं शताब्दीमा ग्रीन हाउस ग्याँसको उत्सर्जन बढ्नुले खतरा अझ गम्भीर रूपमा बढ्दै गएको देखिन्छ।

### मोबाइल फोन अनेक तर चार्जर एक

ब्रान्डैपिच्छेका मोबाइल फोनका चार्जर फरक हुनुको पीडा उपभोक्तालाई मात्र थाहा छ। किनभने कुनै बेला अचानक ब्याट्री डाउनकै कारण आफ्नो मोबाइलमा मिल्ने चार्जर खोज्दै हिंड्नुपर्ने अवस्थालाई अन्त्य गर्दै मोबाइल निर्माता कम्पनीहरूले सबै ब्रान्डका मोबाइलका लागि एकै किसिमको चार्जर विकास गर्ने कुरामा सहमति जनाएका छन्। अहिलेसम्म एक ब्रान्डको मोबाइलको चार्जर अन्य कुनै पनि ब्रान्डको मोबाइल चार्ज गर्न नमिल्ने अवस्थामा मोबाइल नेटवर्कको विश्वव्यापी संगठन जीएसएम एसोसिएसनले एउटै युनिभर्सल चार्जर विकास गर्ने निर्णय गरेको हो। यो चार्जरले ५० प्रतिशत बिजुली कम खपत गर्नेछ।



## खेतीको काम गर्न रोबोट सुट

उमेर बढ्दै जाँदा शरीरमा कतिपय समस्या देखा पर्छन्। हड्डी तथा जोर्नीमा देखिने समस्या निराकरण गर्न जापानी अन्वेषकहरूले रोबोट सुट तयार गरेका छन्। २५ किलोग्रामको यो सुट लगाएपछि खेतीको कामका क्रममा रोप्ने, काट्ने तथा अन्य कार्यक्रमका लागि सहज ढंगले गर्न सकिन्छ। टोकियो युनिभर्सिटी अफ एग्रिकल्चर एन्ड टेक्नोलोजीका अनुसन्धानकर्ताहरूका अनुसार यसमा ८ मोटर तथा १६ सेन्सर जडान हुन्छ, जसले किसानलाई लोड नदिई सबै काम सहजै गर्ने मात्र होइन, शारीरिक थकानमा पनि राहत दिन्छ।

# सूचना-प्रविधिको कुम्भमेला सम्पन्न



• शिव मुखिया

सूचना, सञ्चार प्रविधि सम्बद्ध वर्षकै भव्य मेला लजिटेक क्यान इन्फोटेक-२०१० 'अपेक्षा गरेअनुरूप सफल भएको' आयोजकहरूको दाबी छ। कम्प्युटर एसोसिएसन अफ नेपालको आयोजनामा गत सोमबार सकिएको मेला ३ लाख ७० हजारभन्दा बढीले भ्रमण गरेका थिए। नेपाली बजारमा भित्रिएको नयाँ प्रविधि अवलोकन गर्न जिज्ञासु सर्वसाधारण, विद्यार्थी, व्यवसायी, कर्मचारी, राजनीतिज्ञ आदिको उल्लेख्य सहभागिताले मेला अर्थपूर्ण रहेको क्यानका अध्यक्ष सुरेशकुमार कर्णले बताए। 'अ मेगा इभेन्ट अफ इन्फरमेसन कम्युनिकेसन, इन्टरटेनमेन्ट टेक्नोलोजी' शीर्षकमा आयोजित मेलाको यो सोह्रौं संस्करण थियो।

मेला राजधानीको भृकुटीमण्डपमा ६ दिनसम्म चलेको थियो। सूचना-प्रविधिका क्षेत्रमा भित्रिएका पछिल्ला संस्करण अवलोकन गर्न आतुर दर्शक मेलामा ओइरिएका थिए। डेक्सटप कम्प्युटर, ल्यापटप, मोबाइल, पेनड्राइभ, युपीएस, इन्भर्टर, होम थिएटर, एलसिडी टिभी, डिजिटल क्यामेरा, कम्प्युटर एसेसरिज, जेनेरेटर, सोलार सिस्टम, राउटर आदि विद्युतीय उपकरणका पछिल्ला स्वरूप मेलामा नियाल्न पाइन्थ्यो। सिपियु, मदरबोर्डसहित साना आकारका प्रविधिदेखि महँगो मूल्य र ठूला आकारका प्रविधिहरू पनि मेलामा राखिएका थिए। सुरक्षाका लागि अपनाउने प्रविधिदेखि एन्टिभाइरस र एकान्टिङ सफ्टवेयरहरूले अवलोकनकर्ताको ध्यान तानेको थियो। सामसुङ, सोनी, लेनेभो, युम्याक्स, लजिटेक, तोसिवा, एचसिएल, क्यास्परस्की, जाभ्रा, स्वस्तिक, सुक्याम, फुजित्सु, डेल, एप्पल, मोटोरोलाजस्ता विश्वप्रसिद्ध ब्रान्डका प्रविधिहरू मेलामा उपलब्ध थिए

'नेपाली बजारमा भित्रिएका नयाँ प्रविधि हेर्न, बुझ्न मेला फलदायी रह्यो,' मेलाबाट बाहिरिँदै ग्लोबल कलेजका शिक्षक उद्धव चौलागाईंले भने। उनले मेलाकै अवसर छोप्दै डेल ब्रान्डको ल्यापटप खरिद गर्न भ्याए। 'विशेष छुटमा पाइएकाले खरिद गरें,' ल्यापटप किन्ने तयारीमा रहेका चौलागाईंले झन्डै पाँच महिना क्यान इन्फोटेक कुरेका थिए। कुनै पनि सामग्रीको खरिदमा मेला अवधिभर दिइएको 'विशेष छुटले' पनि धेरैको पाइला मेलातिर डोऱ्याएको उनको भनाइ थियो।

सूचना-प्रविधिको बृहत् मेलामा सबै सामग्री खरिद गर्ने सोचमा मात्र पुगेका हुँदैनन्। भक्तपुर ठिमीका प्रमोद भट्टले 'इलोक्ट्रोनिक्स जमानामा आफूलाई अपडेट राख्न' मेला हेर्न पुगेको बताए। 'यो इलेक्ट्रोनिक एज हो,' उमेर अलि ढल्किए पनि युवाहरूझैं जिज्ञासु भावमा देखिएका भट्टले भने- 'यस्तो कुरामा आफूलाई अपडेट नराखे छोरा-नातिले पनि हेप्छन्।'

एपेक्स कलेजमा अध्ययनरत निरक सुब्बाले क्यान इन्फोटेक विद्यार्थीका लागि उपयुक्त गन्तव्य भएको वताए। 'कुनै पनि प्रविधिका सम्बन्धमा प्रत्यक्ष बुझ्न पाउनु नै मेलाको सकारात्मक पक्ष रहेको' उनको भनाइ थियो। ह्वाइट हाउस कलेजमा अध्ययनरत संगीता श्रेष्ठ नयाँ प्रविधि नियाल्ने मोहले मेला पुगेकी थिइन्। 'मिनी ल्यापटप र मोबाइल फोन सेट नौलो लाग्यो,' उनले भनिन्, 'तर भीड बढी भएकाले राम्रोसँग बुझ्न पाइएन।'

सूचना-प्रविधिका सम्बन्धमा जनमानसलाई सुसूचित गर्न बर्सेनि क्यान इन्फोटेकको आयोजना गरिँदै आएको छ, तर व्यवसायीहरूले यसलाई व्यापारिक थलो बनाउँदै लगेको कतिपय दर्शकको टिप्पणी थियो। 'इन्फर्मेसन दिनेभन्दा पनि सामग्री किनबेचमा सबैजना केन्द्रित देखिए, काभ्रेबाट मेलाकै लागि काठमाडौं आएका उत्सव तामाङले गुनासो गरे- 'यो त हप्तैपिच्छे लाग्ने हाटबजारजस्तो भयो।' उनका सहपाठीहरू पनि क्यान इन्फोटेक व्यापारिक मेला बन्दै गएको बताइरहेका थिए। 'कुनै पनि प्रविधिका बारेमा जानकारी दिनेभन्दा पनि बिक्री गर्ने ध्याउन्नमा छन् व्यवसायीहरू,' किर्तिपुरबाट आएका अशोक सुब्बाले भने।

छदिने मेलाको दुई दिन 'बिजनेस डे' राखिएको थियो। व्यवसायीहरुलाई लक्षित गरिएको बिजनेस डेमा व्यवसायी एवं उपभोक्ताको सोझो सम्पर्क स्थापित गर्ने अवसर दिइएको थियो। मेलाको अन्तिम दिन बिजनेस डे भनिए पनि विद्यार्थीहरूको चाप नै बढी देखियो।

'व्यापारिक प्रयोजनका लागि नभै जनचेतना फैलाउनु क्यान इन्फोटेकको लक्ष्य हो,' क्यानका महासचिव विनोद ढकालले भने- 'सूचना-प्रविधिको क्षेत्रमा के भैरहेका छ, नेपाली बजारमा के कस्ता उपकरण भित्रिए भन्ने दिन मेला आयोजित गरिएको हो।' नेपाली बजारमा भित्रिएका सम्पूर्ण प्रविधिका पछिल्ला संस्करणहरू एकै थलोमा पाइनु नै मेलाको विशेषता रहेको उनले बताए।

मेलामा नेपाल टेलिकमले आफ्ना सेवाहरूका सम्बन्धमा उपभोक्तालाई जानकारी गराएको थियो। आकस्मिक उपचार सेवा दिन नेपाल रेडक्रस सोसाइटीले पनि सहभागिता जनाएको थियो। रेडक्रसले आयोजना गरेको रक्तदान कार्यक्रममा पनि थुप्रै युवायुवतीले रक्तदान गरे।

सूचना-प्रविधिको बढ्दो प्रयोगसँगै यसैलाई माध्यम बनाएर हुने आपराधिक क्रियाकलाप नियन्त्रण गर्न नेपाल प्रहरीअन्तर्गत हालै गठित सीआईटी क्राइम सेलले मेलामा 'साइवर क्राइम' का सम्बन्धमा जानकारी दिएको थियो। मेलामा आउने अवलोकनकर्तालाई साइवर क्राइमका सम्बन्धमा हुने अपराध र त्यसको सजाय तथा नियन्त्रणको उपायका बारेमा जानकारी गराएको थियो। इमेल ह्याक, इमेल तथा पासवर्ड चोरी, साइवर प्रोनोलोजी, अनलाइन ठगी, डाटा चोरीजस्ता विद्युतीय उपकरणको प्रयोगबाट हुने अपराधलाई पिलर फाइभअन्तर्गत राखेर कारबाही चलाउने प्रहरी निरीक्षक अमरमान चन्द्र धामीले बताए। 'हामी अहिले अवारनेसको चरणमा छौं,' धामीले साप्ताहिकसँग भने- 'यसपछि अनुसन्धान र नियन्त्रणका लागि अघि बढ्नेछौं।'

मेलामा २ सय ७० वटा स्टल राखिएका थिए। पहिलो पटक क्यान इन्फोटेकलाई अनलाइनमार्फत पनि हेर्न सकिने व्यवस्था मिलाइएको थियो। मेलालाई व्यवस्थित गर्न नसकेको कतिपयले औंल्याए। खासगरी मेला आयोजना हुने स्थान साँघुरो हुनु, स्टलहरू अव्यवस्थित रूपमा राखिनु, भीड नियन्त्रण हुन नसक्नु र सहज ढंगबाट परामर्श पाउन नसक्नु मेलाको कमजोर पक्ष रहेको अवलोकनकर्ताहरूले बताए।





## जता पनि
# नन्दिता

चलेको गीतको म्युजिक भिडियोमा मोडलिङ गर्ने मोडलहरू कति होलान् ? आठ, नौ वा त्योभन्दा पनि धेरै । म्युजिक भिडियो निर्माणसँगै मोडलको वृद्धि पनि उत्तिकै छ । म्युजिक भिडियोको भीडमा नायिका नन्दिता केसीले बाजी मारेकी छिन् । चलचित्रमा उनको जति चर्चा हुन्छ त्योभन्दा बढी चर्चा म्युजिक भिडियोबाट हुने गरेको छ । उनी आफैंले पनि म्युजिक भिडियोले फाइदा पुऱ्याएको बताइन्– 'चलचित्रभन्दा गीतबाटै चाँडो जस पाइने रहेछ ।'

नायिका बन्छु भनेर चलचित्रमा प्रवेश गरेकी नन्दिताको पहिलो रोजाइ म्युजिक भिडियो होइन, तर अहिले उनी दोधारमा छिन् । कतातिर बढी समय दिऊँ ? 'म आफैंलाई अचम्म लाग्न थालेको छ म मोडल हो कि नायिका ?' कमाइको हिसाबले पनि म्युजिक भिडियो राम्रो भएको धारणा व्यक्त गर्ने नन्दिताले दुवै क्षेत्रलाई बराबर समय दिने निर्णय गरेकी छिन् । नन्दिता भन्छिन्, 'छोड्न त दुवै क्षेत्र छोड्दिनँ ।'



# विवाह
## सफल भएन

सदाबहार नायक भुवन केसीले हालै एक अन्तर्वातामा आफ्नो वैवाहिक जीवन असफल भएको कुरा स्वीकार गरेका छन् । अभिनेता केसीले भनेका छन्- मैले दुईवटा विवाह गरे, एउटा लभ र अर्को एरेञ्ज । दुर्भाग्य भनौं वा के भनौं दुवै विवाह सफल भएनन् । यसैक्रममा केसीले अहिले आफूले तेस्रो विवाह गर्ने विषयमा केही नसोचेको पनि बताएका छन् । यद्यपि यी लोकप्रिय नायकले आफ्ना श्रीमतीहरूसँग बेस्ट फ्रेन्डका रूपमा राम्रो सम्बन्ध रहेको दाबी भने गरेका छन् । केसी भन्छन्- त्यही आधारमा कहिलेकाहीं सँगै काम पनि गरिन्छ । श्रीमतीहरूसँग अलग भए पनि छोराछोरीहरू भने केसीसँगै छन् । भुवनकी जेठी श्रीमतीबाट छोरी काजल र छोरा विवेक दुईजना तथा कान्छी श्रीमतीबाट छोरा अनमोल गरी तीन सन्तान छन् । भुवनका कान्छा छोरा पनि चलचित्र क्षेत्रमै भाग्य अजमाउने प्रयासमा छन् ।

# बहुमुखी छवि

रेखा थापा कुनै न कुनै घटनाका कारण चर्चामा आइरहन्छिन्- प्रचण्डसँग नाचेर होस् वा सबैभन्दा होचा खगेन्द्रलाई चुम्बन गरेर नै होस् वा आफ्नै श्रीमान् तथा निर्माता छवि ओझालाई चुम्बन गरेको तस्बिर सार्वजनिक गरेर । जे होस् नेपाली रजतपटकी यी चर्चित नायिकाका हरेक गतिविधि चर्चामा रहन्छ । स्वयं रेखा भने आफ्नो जीवनको हरेक सफलतामा श्रीमान् छवि ओझाको पृष्ठपोषक भूमिकाले काम गरेको भन्न पनि छुटाउँदिनन् । रेखाको टेलिफोन संवाद सुन्नेहरूलाई उनले छविलाई पटक्कै सम्भिन्नन् जस्तो लाग्छ, अक्सर टेलिफोनमा ड्याडी, मम्मी, दिदी, दादा जस्ता शब्द प्रयोग गरेर भुक्किने रेखा श्रीमान्लाई त फोन नै गर्दिनन् जस्तो लाग्छ तर कुरा अर्कै छ, उनी यी आदरार्थी शब्दहरू श्रीमान् छविकै निम्ति खर्चन्छिन् । श्रीमान्लाई किन ड्याडी-मम्मी नि ? लामो हाँसोपछि उनी भन्छिन्- छविको माया नै त्यस्तै छ त के गर्नु ? उनले मलाई ड्याडी/मम्मी/दिदी/दादा सबैको माया दिने भएकाले त्यसरी नै विभिन्न सम्बोधनका साथ गफ गर्न मन लाग्छ । रेखाका अनुसार श्रीमान्का रूपमा मात्र होइन परिवारका सबै सदस्यको भूमिकामा छवि फिट हुन्छन् र त्यही अनुसार उनले सही परामर्श पनि दिन्छन् । वाह छवि जी, तपाईं त बहुमुखी प्रतिभाको धनी हुनुहुँदो रहेछ, रेखालाई पनि यस्तो श्रीमान् पाएकोमा बधाइ छ है ।




गायिका मल्लिका कार्की चाँडै नै नेपाली सांगीतिक उद्योगमा स्थापित भइन् । एसपी कोइरालाको शब्दको चर्चित गीत 'लाजको लाली पोतेर आइदेऊ' उदितनारायण भाासँगै गाउने अवसर पाएकी मल्लिका यति चाँडै स्थापित हुनुको अर्को कारण पनि छ । मल्लिकाको सुन्दर शारीरिक बनौटले पनि उनको गायन करिअरलाई सहयोग पुऱ्याएको छ । काठमाडौं प्रवेश गर्दा अर्कै नामको परिचयमा आएकी कार्कीलाई काठमाडौंमा कसैले सुन्दरताको बखान गर्दै राखिदिएको नाम मल्लिका पनि फापिरहेकै छ । मल्लिका नाम फापेकै कारण उनले भर्खरै वृद्धाश्रममा सार्वजनिक

# मल्लिकाको मादकता

गरेको गीति संग्रह मल्लिका पनि उनलाई फाप्ला जस्तो छ । 'त्यो गीतिसंग्रहले पनि मेरो लोकप्रियता बढाइदियो नि' आफ्नो शारीरिक सुन्दरताको बयान सुनेर मख्ख परेकी मल्लिका भन्छिन्- 'धेरैले तपाईं गायिका होइन, नायिकाजस्तो पो देखिनुहुन्छ भन्छन् ।' 'एक-दुईले त तपाईंको ब्वाइफ्रेन्ड छ कि छैन भनेर पनि सोध्न भ्याइहाल्छन्' रूपसुन्दरी गायिकाले भनिन्- 'अभ्र आई लभ यु नै भनिदिनेहरू पनि देखा पर्न थालेपछि मलाई अप्ठ्यारो महसुस हुन्छ ।' मल्लिकाको सुन्दरताबाट लठ्ठ भएरै होला धेरैले उनको मीठो मुस्कानको प्रशंसा गर्दै एसएमएस र फोन पनि गरिरहन्छन्, बधाइ छ मल्लिका ।





## किङ राईको
# गजब स्टाइल

केही समयअघि साप्ताहिकको प्रस्तुतिमा गायक राजेशपायल राईको गीतिसंग्रह दर्शन नमस्ते दर्शक-श्रोतामाभ्र आयो । दर्शन नमस्ते विमोचन समारोहमा गायक राई स्टेजमा आए, अनि चोर औंलालाई घुमाएर ओठमा ३-४ पटक फ्लाइङ किस हानिरहे । माइकल ज्याक्सनकै शैलीमा उपस्थित सबैका प्रति माया दर्साउन उनले फ्लाइङ किस हानेको नेपाली परिप्रेक्ष्यमा नौलो जस्तो लागिरहेको थियो । फ्लाइङ किस नै किन नि ? कार्यक्रम सकिएपछि उनले भने- 'पृथ्वीनारायण शाहले नेपाल एकीकरणपछि राज्य विस्तारमा सफल भएको बताउँदै नेपालको राजा एक भनेजस्तै संगीतमा राई इज किङको पगरी साप्ताहिकले गुथाइदिएपछि मैले पनि फ्लाइङ किसमार्फत् नेपाली संगीतको बादशाह बन्ने यात्रामा अघि बढेको संकेत दिएको हुँ ।' उनको फ्लाइङ किसको यो यात्रा अनवरत चलिरहेको छ । एल्बम सार्वजनिक भएलगत्तै व्यस्त हुन थालेका राजेश हरेक कार्यक्रममा फ्लाइङ किस हानिरहेका भेटिन्छन् तर उनले आजभोलि फ्लाइङ किस किन भन्ने प्रश्नको अर्कै उत्तर दिन थालेका छन् । राजेशका अनुसार मनपर्ने ब्राजिलियन स्ट्राइकर रोनाल्डोले गोल गरिसकेपछि दिने फ्लाइङ किस मनपरेर त्यसकै अनुसरण गरेको हुँ । उत्तर जे भए पनि राजेशको फ्लाइङ किसले नेपाली परिवेशमा नौलो शैली भित्र्याएको मान्नैपर्ने हुन्छ ।



## एक्सन हिरो अब
# खलनायक

नायक शिव श्रेष्ठसँग छलफल गरिरहेको अवस्थामा भेटिएका द्वन्द्व निर्देशक राजेन्द्र खड्गीले उत्साहित हुँदै भने- 'नेपाली चलचित्रमा फेरि एउटा नौलो काम हुने भयो ।' के होला नौलो काम ? प्रश्न गर्न नभ्याउँदै नायक श्रेष्ठलाई देखाउँदै उनले भने- 'अब शिव दाइ पनि भिलेन बन्नुहुने भो ।' नजिकै बसिरहेका शिव श्रेष्ठले पनि टाउको हल्लाउँदै सहमति जनाए- 'अब मैले पनि भूमिका परिवर्तन गर्न लागें ।' एक्सन हिरोका रूपमा परिचय स्थापित गरेका नायक श्रेष्ठले खलनायकका रूपमा आफ्नो परिचय कस्तो बनाउने हुन् उनै जानून्, तर यो भूमिका उनको आफ्नै रहरले तयार भने भएको होइन । सोभित बस्नेतको निर्देशनमा बन्न लागेको चलचित्र 'राज' का लागि गतिलो खलपात्र खोज्ने क्रममा निर्देशक बस्नेत र द्वन्द्व निर्देशक खड्गीले उनलाई खलपात्रमै सहमत गराएछन् । द्वन्द्व निर्देशक खड्गी दंग पर्दै भन्छन्- 'शिव दाइको एक्सनअनुसार भूमिका दामी छ ।'

## त्यसैले त रोजें तिमीलाई

भर्खरै स्थापना भएको दुर्गिस फिल्म्सले नयाँ चलचित्र 'त्यसैले त रोजें तिमीलाई' निर्माण गर्ने घोषणा गरेको छ । गत शनिबार राजधानीमा आयोजित पत्रकार सम्मेलनमा दुर्गिस फिल्म्सका प्रबन्ध निर्देशक सुनिल रावलले यो चलचित्र प्रेमकथामा आधारित हुने बताए । सवीर श्रेष्ठको निर्देशन रहने यो चलचित्रको पटकथा तथा संवाद सुरज सुब्बा नाल्बोले लेखिरहेका छन् । आगामी वैशाखदेखि छायांकन प्रारम्भ हुने यो चलचित्रको करिब ३० प्रतिशत छायांकन विदेशमा गरिने बताइएको छ । चलचित्रका लागि कलाकारको छनौट जारी रहेको पत्रकार सम्मेलनमा जानकारी गराइयो ।

## सकियो पर्खिराख है

बाबुराम ढकालले निर्देशन गरेको चलचित्र 'पर्खिराख है' को छायांकन सम्पन्न भएको छ । दिल श्रेष्ठद्वारा निर्माण गरिएको यो चलचित्रको छायांकन काठमाडौं तथा पोखरामा गरिएको हो । सञ्चिता लुइँटेल, मेलिना मानन्धर, मुकेश ढकाल, दिल श्रेष्ठ, मिथिला शर्मा, निष्तेज निरौला, सूरवीर पण्डित आदि कलाकारको मुख्य भूमिका रहेको यो चलचित्रको सम्पादनकार्य प्रारम्भ भैसकेको छ । सुरेश अधिकारी तथा डिजे एलेक्सद्वारा संगीतबद्ध यो चलचित्रमा हिमाल केसीको द्वन्द्व, दीपक बज्राचार्यको छायांकन तथा वसन्त श्रेष्ठ र कविराज गहतराजको संगीत निर्देशन छ ।

## कालापानीका कुरा

ऐतिहासिक विषय समेटिएको चलचित्र 'कालापानी' को निर्माणमा सुस्तता छाएको छ । छायांकन सम्पन्न भएको लामो समयपछि मात्र यसको सम्पादनकार्य प्रारम्भ भएको छ । सन्तोष केसी तथा गुणराज भण्डारीद्वारा निर्माण गरिएको

## ● फिल्मी खबर ●


यो चलचित्रमा निखिल उप्रेती, दिलीप रायमाझी, झरना थापा, सञ्जिता लुइँटेल आदि कलाकारले अभिनय गरेका छन् ।

## मस्तीको छायांकन सम्पन्न

मदन घिमिरेको निर्देशनको चलचित्र 'मस्ती' को छायांकन सम्पन्न भएको छ । यो चलचित्रको निर्माण दिनेश थापाले गरेका हुन् । थापाले यो चलचित्रमा अभिनयसमेत गरेका छन् । चलचित्रमा निखिल उप्रेती, जेनिशा शाक्य, रवीन्द्र खड्का, मदनदास श्रेष्ठ आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेका छन् ।

## सुमन अब निर्देशक

यसअघि मुख्य सहायक निर्देशकका रूपमा कार्यरत सुमन दाहाल अब निर्देशकका रूपमा सक्रिय हुने भएका छन् । दाहालको निर्देशनमा तयार हुने चलचित्रको शीर्षक 'मन परेपछि' राखिएको छ । संगीतकार दीपक रमणले निर्माण गर्ने यो चलचित्रको गीत रेकर्डिङ भैरहेको छ । चलचित्रमा निखिल उप्रेती तथा अनुष्का ढकालले अभिनय गर्ने पक्का भैसकेको छ ।





## ● लभगुरु ●

पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनु होस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।

**म अविवाहित युवक हुँ । विगत २ वर्षदेखि मैले एउटी युवतीलाई मन पराउँदै आएको छु र उनी पनि मलाई असाध्यै माया गर्छिन् । यसबीच हामीले के थाहा पायौं भने उनको मावली र मेरो मावलीको थर र गोत्र मिल्दोरहेछ । यस्तो भए विवाह सम्भव हुँदैन भन्छन् तर मलाई यस्तो कुरामा विश्वास लाग्दैन । उनी पनि मलाई सम्झाउँदै भन्छिन् हामी दुईजनाको विवाह हुन सक्छ, यस्तो धेरै विवाह भएको छ । यस्तो स्थितिमा के म उनीसँग विवाह गर्न सक्छु ? के हामीबीच विवाह सम्भव होला ?**

**– एच.पी.**

थर र गोत्र कतिपय समाजमा विवाहका लागि बाधक मानिँदैन भने कतिपय समाजमा यस्तो समानताले वैवाहिक सम्बन्धलाई स्वीकृति दिँदैन । तपाईंहरूको हकमा ती युवतीको मामाघर र तपाईंको मामाघरको थर र गोत्र मिलेको हो, तपाईंहरूको होइन । तपाईंका पिताले जुन गोत्रमा विवाह गर्नुभयो त्यही गोत्रमा उनको पिताले पनि विवाह गरेका हुन् । तपाईंहरूको हकमा तपाईं दुईजनाको थर र गोत्र मिलेको छ कि छैन पत्रमा खुलेको छैन । पत्रको आशयअनुसार तपाईंहरूबीच थर र गोत्रले विवाहमा बाधा पुऱ्याउँछ जस्तो मलाई लाग्दैन । त्यसैले तपाईंकी प्रेमिकाले भनेजस्तै तपाईंहरूबीचमा विवाह हुनसक्छ तर यसका लागि तपाईं दुवैले आ-आफ्ना अभिभावकहरूसँग छलफल गरेर एक-अर्कालाई विश्वासमा लिएर आफ्नो सम्बन्धलाई अघि बढाउन सक्नुपर्छ । तपाईंहरूलाई मेरो शुभकामना छ ।





# पेन्टी संकलनको सौख

हलिउड नायिका एमी वाइनहाउस असामान्य कार्यका लागि चर्चित छिन् । कहिले ड्रग्स सेवन गरेर सबैको ध्यान आकर्षित गर्ने वाइनहाउस कहिले उत्तेजक पहिरनका कारण चर्चामा आउँछिन् । यसपटक भने उनलाई एउटा नयाँ सौखले चर्चामा ल्याएको छ । एक समाचारमा जनाइएअनुसार वाइनहाउसलाई अब कामुक पेन्टीहरू संकलन गर्ने नौलो सौख पलाएको छ । डेलीस्टारका अनुसार वाइनहाउस अचेल कामुक पेन्टी किन्न ३ हजार पाउन्डसम्म खर्च गर्न थालेकी छिन् । ड्रग्स तथा अदालती मुद्दाका कारण चर्चामा आएकी वाइनहाउसलाई कामुक पेन्टी किनेर घरमा थुपार्ने सौखले कहाँ पुऱ्याउने हो, हेर्न बाँकी नै छ ।

# आमिरलाई टिचरले नचाए

प्रायः सबै चलचित्रमा गीत छायांकन गर्न नृत्य निर्देशकले भूमिका खेल्छन्, तर आमिर खान अभिनीत चलचित्र 'थ्री इडियट'को 'अल इज वेल....' गीत कुनै नृत्य-निर्देशकद्वारा निर्देशन गरिएको होइन । आमिर अभिनीत यो चलचित्रको उक्त गीतलाई एक नृत्य विद्यालयका शिक्षक आवेतले निर्देशन गरेका हुन् । रमाइलो कुरा के छ भने यो चलचित्रको यही गीतलाई बढी रुचाइएको छ ।



# राफेलीको शैली

हलिउडका चकलेटी नायक लियोनार्दो डि क्याप्रियोकी पूर्वप्रेमिका बार राफेली एकताका सञ्चारमाध्यममा छाइरहन्थिन् । लियोनार्दोसँग प्रेमसम्बन्ध टुक्रिएपछि उनको चर्चा सेलायो । पछिल्लो समयमा भने उनी पुनः छापा माध्यममा छाउन थालेकी छिन् । उनलाई अहिले चर्चामा ल्याउने कार्य एउटा भित्री पहिरनको विज्ञापनले गरेको छ । राफेलीलाई लिंगरले आफ्नो ब्रान्ड एम्बेस्डर बनाएपछि उनले उक्त पहिरनका लागि तात्तातो फोटोसेसन गरेकी छिन् । उत्तेजक हाउभाउ तथा मादक सौन्दर्यका कारण चर्चित राफेलीले उक्त विज्ञापनका लागि पेन्टीमात्र लगाएर फोटोसेसन गराएकी छिन् । यसअघि यति कम पहिरनमा कहिल्यै प्रस्तुत नभएकी राफेली अहिले आएर किन पेन्टीमा प्रस्तुत भएकी हुन् भन्ने कारण भने पत्ता लाग्न सकेको छैन । एउटा वेबसाइटमा प्रकाशित समाचारमा भनिएको छ- कि त उनी पूर्वप्रेमि लियोनार्दोलाई जलाउन चाहन्छिन् कि त उनलाई पुनः एकपटक चर्चित हुनु छ ।'



# जोनको जोडीका रूपमा हलिउड अभिनेत्री

पर्दामा बलिउड सुन्दरीहरूसितको रोमान्समा जमेका अभिनेता जोन अब्राहमलाई हलिउड अभिनेत्रीहरूको साथ कस्तो रहला ? यो प्रश्नको उत्तर दिन निर्देशक शिरिष कुन्दरले आफ्नो महात्वाकांक्षी चलचित्र एलियन साहिबका लागि अभिनेता जोन अब्राहमको जोडीका रूपमा हलिउड अभिनेत्रीलाई पर्दामा प्रस्तुत गर्ने बताएका छन् । कुन्दरको दाबी अनुसार जोनका साथमा उनी हलिउड अभिनेत्री स्कारलेट जोहान्सन वा एनी हाथवेलाई आफ्नो चलचित्रमा फिचर गर्ने तयारीमा लागेका छन् । ग्लोबल दर्शकको चाहनालाई ध्यानमा राखेर उक्त चलचित्रको छायांकनमा फ्युजन थ्री डी क्यामेराको प्रयोग गरिने र चलचित्रका प्राविधिकहरू समेत हलिउडकै रहने निर्देशक कुन्दरको कथन छ ।





# केही छ है कटरिना र रणवीरबीच

कटरिना हाल केही अस्वस्थ छिन् र यति बेला रणवीरले उनको ख्याल राख्ने गरेका छन् । लण्डनमा रहेका कटरिनाका अभिभावकलाई पनि रणवीरले कटरिनाको आफूले राम्रो ख्याल राख्ने कुराका बारेमा आश्वस्त पारेका छन् । उता कटरिना पनि प्रायः कपुर हाउसमा देखिने गरेकी छिन् । रणवीरले मुटु आकारको पेन्डेन्ट पनि कटरिनालाई उपहार स्वरूप दिएका छन् । यी दुईबीच भेटघाट, फोनमा कुराकानी र म्यासेजको आदान-प्रदान पनि बढेको बताइन्छ । यी सबै कुरा बुझ्ने हो भने बलिउडको सर्वाधिक कामुक सुन्दरी कटरिना कैफ र लगातार तीनवटा हिट चलचित्र दिएर अहिले बलिउडमा हट केक बनेका रणवीर कपुरबीच मित्रता मात्र छ भनेर विश्वास गर्न सकिन्छ र ? नबुझ्नेलाई पहिलो बुझ्नेलाई कुरा गहिरो भनेकै यही त होला नि ।

# बढी कमाउने नायिका



वर्ष २००९ मा हलिउडमा सबैभन्दा बढी आम्दानी गर्ने नायिका को होलिन् ? यस्ता जिज्ञासा राख्ने दर्शकले यसको पनि जवाफ पाएका छन् । चलचित्र हलका मालिक तथा अधिकारीहरूबीच गरिएको एउटा सर्वेक्षणमा हलिउडकी सुन्दर नायिका सान्द्रा बुलक वर्ष २००९ मा सर्वाधिक आम्दानी गर्ने नायिका हुन् । काइग्ली पब्लिसिङ एजेन्सीले विगत ७८ वर्षदेखि नियमितरूपमा यस्तो सर्वेक्षण गर्दै आएको छ । वर्ष २००९ को सर्वेक्षणको नतिजा अघिल्लो साता मात्र सार्वजनिक गरिएको हो । यो सर्वेक्षणमा ४५ वर्षीया नायिका बुलकले चर्चित नायिका जुलिया रोबर्ट्सलाई पहिलो पटक उछिनेकी छिन् । यसअघि सन् १९९९ मा गरिएको सर्वेक्षणमा जुलिया रोबर्ट्सले सर्वाधिक आम्दानी गर्ने नायिकाको सूचीमा पहिलो स्थान हासिल गरेकी थिइन् ।

● केवल एक प्रश्न ●

# तपाईंले गर्न चाहेर पनि अहिलेसम्म गर्न नसकेको कुरा के हो ?

मास्टर्स । अझ सीए (चार्टर्ड एकाउन्ट) बन्ने चाहना थियो । बीबीएसपछि मोडलिङमा लागेर पढ्नै सकिनँ । त्यसपछि चलचित्रमा अभियन गर्न थालियो, अहिले यही फिल्डमा रमाइलो भैरहेको छ । अब त पढ्ने इन्ट्रेस्ट पनि छैन ।

**अयुब केसी (नायक)**

सफल दाम्पत्य जीवन... खोइ किन हो ? म जीवनको त्यो विषयमा सफल भइनँ । एक प्रकारले म दाम्पत्य जीवनमा फेलियर भएँ । मैले चाहेर पनि गर्न नसकेको कुरा त्यही हो ।

**विकास आचार्य (चलचित्र लेखक/निर्देशक)**

मर्सिडिज बेन्च कार किन्ने चाहना छ, जुन अहिलेसम्म पूरा भएको छैन । 'ममड्याड'ले मेरा अरू सबै इच्छा र चाहना पूरा गरिदिनुभए पनि त्यो चाहनाचाँहि पूरा गरिदिनुहुन्न । त्यसका लागि म आफैं मिलिनियर हुनुपर्ला...।

**सलोनी राजभण्डारी (भिजे)**

खै के होला र ?. म ठूलो सपना कहिल्यै देख्दिनँ । त्यसैले चाहेका कुरा पूरा भएकै छन् । अँ..ग्र्याजुएसन गर्ने रहर थियो । त्योचाहिँ पूरा भएन । त्यही एउटा कुरा हो, जुन चाहेर पनि पूरा हुन सकेन ।

**सौजन्य सुब्बा (नायिका)**

मैले चाहेका सबै कुरा पूरा भएका छन् । नायक बन्ने चाहना, डान्सर बन्ने चाहना, प्रेमिकासँग विवाह गर्ने चाहना- यस्ता सबै चाहना भगवान्को कृपाले पूरा भएका छन् । अब एउटै चाहना बाँकी छ, चलचित्र निर्देशन गर्ने । त्यो पनि भविष्यमा पूरा हुन्छ । मान्छेका चाहना असीमित हुन्छन्, त्यसैले त्यो चाहना पूरा भएपछि फेरि अर्को चाहना थपिन के बेर ?

**दिलीप रायमाझी (नायक)**



## ● मेरो अनुभव ●



# धूम्रपान

प्रसन्न पौडेल (निर्देशक)

हरेक चुरोटको बट्टामा 'वैधानिक प्रावधान : धूम्रपान स्वास्थ्यका लागि हानिकारक छ' लेखिएको हुन्छ । बट्टामा नलेखिए पनि चुरोट पिउनु स्वास्थ्यका लागि हानिकारक हुन्छ भन्ने कुरा सबैलाई थाहा हुन्छ, तर चुरोटको लत बसेपछि त्यस्तो प्रावधानलाई वास्ता गरिंदैन । चुरोट पिउने बानी राम्रो होइन भन्ने कुराको ज्ञान मलाई पनि छ, तर पनि म दिनको दुई–चार खिल्ली चुरोट पिउँछु । २०५५ सालमा कलेज पढ्दा साथीभाइको संगतले चुरोट पिउन थालिएको थियो । त्यतिबेला चुरोट पिउनु भनेको पौरख हो कि जस्तो लाग्थ्यो । त्यतिबेलै मलाई चुरोटको लत बसिसकेको थियो । अनि ०५९ मा आएर मैले चुरोट पिउन छाडिदिएँ । कलेजलाइफ सकिएकाले पनि होला, साथीभाइको संगत छुट्यो । अनि चुरोट पिउनु गलत हो भन्ने लागेर छाडेको थिएँ । ०६५ मा बिदेसिएका ती कलेजका साथीहरू फर्केर आए । उनीहरूसँग कलेजलाइफको कुरा गर्दै जमघट गर्न थालियो अनि फेरि चुरोट पिउन थालेँ । विवाह भैसकेकाले श्रीमतीले थाहा पाउलिन् कि भन्ने डरले लुकेर चुरोट पिउँथें । चुरोट पिएको एक घन्टापछि मात्र म घर जान्थें । पछि उनले पनि थाहा पाएपछि केही समय रिसाइन्, पछि फेरि उनकै सामुन्ने पिउन थालेँ । म ...चेन स्मोकर होइन, तर चलचित्र ...स्वर को छायांकनका बेला कामको टेन्सनले दिनमै १०–१५ वटा चुरोट पिइसक्ने भएको थिएँ । अहिले फेरि दिनको तीन खिल्ली मात्र पिउँछु । धूवाँको टेस्ट नै अनमोल हुन्छ । नपिउनेलाई धूवाँको गन्ध राम्रो नलागे पनि पिउनेलाई राम्रो लाग्छ । कतिलाई चिया पिउँदा, खाना खाएपछि वा ट्वाइलेट जानुअघि चुरोट नपिई नहुने हुन्छ । ट्वाइलेटभित्र चुरोट पिउने पनि हुन्छन् जुन मलाई पटक्कै मन पर्दैन । चुरोटले पिउनेलाई भन्दा सँगै बस्नेलाई बढी असर गर्छ भन्ने मलाई थाहा छ । त्यसैले सामुन्ने भएका मानिसलाई मन पर्दैन भने म नपिउन पनि सक्छु । क्रिएटिभ कार्य गर्नेहरूमा चुरोट पिउने लत बसेको हुन्छ भन्ने सुनेको होइन, भोगेको पनि छु । चुरोटको धूवाँ उड्दा हावामा देखिने आकृतिले मस्तिष्कलाई क्रियाशील बनाउँदो रहेछ भन्ने मैले अनुभव गरेको कुरा हो । वास्तवमा एउटा चुरोटले मानिसको पाँच मिनेट आयु घटाउँछ । चुरोट पिउनु राम्रो होइन भन्ने कुरा मलाई पनि महसुस भैरहेको छ । अबको १० देखि १५ दिनपछि कसैले पनि मैले चुरोट पिएको देख्नेछैनन् । म धूम्रपान छाड्दैछु ।




# ● तीन प्रश्न ●



सन् १९९८ मा सम्पन्न मिस नेपालमा सहभागी भएर ग्ल्यामर क्षेत्रमा प्रवेश गरेकी प्रभा अमात्य विगत पाँच वर्षदेखि कान्तिपुर टेलिभिजनमा भिडियो जक्की (भिजे) का रूपमा व्यस्त छिन्। मिस नेपालमा मिस ट्यालेन्टको उपाधि जितेपछि फेसन, मोडलिङ तथा एंकरिङलाई करियर बनाउने निर्णय गरेकी प्रभा विगत १२ वर्षदेखि यही क्षेत्रमा रमाइरहेकी छिन्। झन्डै १० वर्षअघि नेपाल टेलिभिजनबाट प्रसारण भएको अडियो भिज्युअल एक्सचेञ्ज कार्यक्रममार्फत सानो पर्दाको यात्रा प्रारम्भ गरेकी प्रभाले त्यसपछि इमेज च्यानलमा झन्डै पाँच वर्ष काम गरिन्। इमेज च्यानलको बिहानीको प्रसारणमा उनले सञ्चालन गरेको कार्यक्रम 'द मुड' २ सय ५० श्रृंखला प्रसारण भएको थियो। यो कार्यक्रममार्फत दर्जनौं युवा-युवतीलाई मोडल बनाएको अनुभव उनीसँग छ। द मुड दर्शकमाझ लोकप्रिय भैरहेकै बेला उनी म्युजिक भिडियो निर्माणमा समेत सहभागी भइन्। अनिल सिंह, कुन्ती मोक्तान, मोहन भुसाल आदि गायक-गायिकाका झन्डै दुई दर्जन म्युजिक भिडियो निर्देशन गरिसकेकी प्रभा पछिल्लो समयमा भने यो विधाबाट टाढिएकी छिन्। धेरै तयारी गरे पनि प्रतिफल कम हुने भएकाले म्युजिक भिडियोको निर्देशनमा जाँगर नचलेको उनको तर्क छ। थुप्रै फेसन शो तथा मोडलिङ प्रतियोगिताको कोरियोग्राफीसमेत गरिरहेकी प्रभाले पाँच वर्षअघि कान्तिपुर टेलिभिजन प्रवेश गरेपछि उनले ग्लोबल बाइट्स, घुमघामजस्ता कार्यक्रम सञ्चालन गरिसकेकी छिन्। विगत पाँच वर्षदेखि जीवनशैलीमा आधारित कार्यक्रम 'लाइफ इज ब्युटिफूल' सञ्चालन गरिरहेकी प्रभाले आफ्नै पहलमा पुल्चोकमा मोटिभ भिडियो सञ्चालन गरेर प्लस टु उत्तीर्ण युवतीहरूलाई ग्रुमिङसम्बन्धी प्रशिक्षणसमेत दिइरहेकी छिन्। प्रत्येक बिहीबार साँझ ६:३० बजे प्रसारण हुने यो 'लाइफ इज ब्युटिफूल' कार्यक्रमले प्रसारणको २ सय ५० भाग पूरा गर्न लागेको पूर्वसन्ध्यामा प्रभासँग *साप्ताहिक*को तीन प्रश्न :

**लाइफ इज ब्युटिफूल कस्तो कार्यक्रम हो ?**

झन्डै पाँच वर्षदेखि प्रसारण भैरहेको यो कार्यक्रम जीवनशैलीमा आधारित कार्यक्रम हो। बालबालिकादेखि वृद्धसम्म अटाउने यो कार्यक्रमले हाम्रै वरिपरिको जीवनशैलीलाई समेटिरहेको छ।

**यो कार्यक्रमका नियमित दर्शक को हुन् ?**

चारवटा सेग्मेन्ट समावेश गरिएको यो कार्यक्रममा फेसन, सौन्दर्य, जीवन बाँच्ने शैली, राम्रा काम सबै कुरा अटाएका छन्। जीवनलाई सुन्दर बनाउन चाहने हरेक व्यक्ति यो कार्यक्रमका नियमित दर्शक हुन्।

**२ सय ५० श्रृंखलापछि कार्यक्रमको स्वरूप परिवर्तन हुने चर्चा छ नि ?**

हो, २ सय ५० श्रृंखलापछि यसलाई डकुमेन्ट्रीको शैलीमा विकसित गर्ने योजना छ। कार्यक्रममा अझ बढी रिसर्च ओरियन्टेड हुनेछ।

# ● सानो पर्दा ●

## राउटे समुदायमा मेरी बास्सैको सुटिङ

नेपाल टेलिभिजनको लोकप्रिय हास्य टेलिश्रृंखला 'मेरी बास्सै' ले दैलेखका विभिन्न ऐतिहासिक, धार्मिक पर्यटकीय महत्त्व बोकेका तीर्थस्थलहरूलाई समेटेर आफ्नो सुटिङ सकेको छ। नेपाल टेलिभिजनमा प्रसारण हुने मेरी बास्सैमा अबदर्शकले केही साता मध्यपश्चिमको दैलेखका दृश्य हेर्न पाउने छन्। दैलेखको पर्यटकीय, धार्मिक एवं सांस्कृतिक महत्त्व बोकेका विभिन्न स्थानमा छायांकन गरिएको यो हास्य सिरियलले त्यहाँका धार्मिक, सांस्कृतिक, पर्यटकीय महत्त्वपूर्ण स्थानलाई चिनाउने निर्माणपक्षको दाबी छ।

**–हरिहरसिंह राठौर**

## अब दुई जना निर्देशक

नेपाल टेलिभिजनबाट प्रसारण भैरहेको हास्यश्रृंखला 'झ्याइँकुटी झ्याइँ' को निर्देशन अब दुई जनाले गर्नेछन्। दमन रूपाखेतीले निर्देशन गरेको यो श्रृंखलामा उनलाई अर्का हास्यकलाकार शेखर खनालले साथ दिन लागेका हुन्। शेखरले यही श्रृंखलामा 'म त छक्क परें' थेगोमार्फत दर्शकहरूलाई हँसाइरहेका छन्। उनीहरूको संयुक्त निर्देशनको पहिलो श्रृंखला आज शुक्रबार साँझ ८:५० देखि प्रसारण हुनेछ। यसबीच विगत केही महिनादेखि यही श्रृंखलामा देखिएका हास्यकलाकार नारायण त्रिपाठीलाई आगामी सातादेखि देख्न पाइनेछैन। उनको स्थानमा आगामी सातादेखि हास्यकलाकार जयनन्द लामा प्रस्तुत हुनेछन्।

## माघ १२ देखि कहिले होला

आगामी माघ १२ गते मंगलबारदेखि नेपाल टेलिभिजनबाट नयाँ हास्यश्रृंखला 'कहिले होला' प्रसारण हुने भएको छ। यो श्रृंखला हरेक मंगलबार राति ७:२५ बजे प्रसारण हुनेछ भने अर्को हास्यश्रृंखला 'भै गो नि त' को प्रसारण माघ ५ गतेदेखि नै टुंगिएको छ। 'लामो समयपछि हास्यश्रृंखला निर्देशन गर्दैछु,' प्रसारणको मिति तय भएपछि खुसी देखिएका निर्देशक डिसी भन्छन्– 'अहिले प्रसारण भैरहेका हास्य श्रृंखलामध्ये कुनैमा कथा छ, हास्यरस छैन, कुनैमा हास्यरस छ तर कथा छैन। मैले निर्देशन गर्न लागेको नयाँ श्रृंखलाबाट दर्शकले यी दुवै स्वाद पाउनेछन्।'

## आफन्तमा नयाँ मोड

नेपाल टेलिभिजनबाट प्रसारण भैरहेको पारिवारिक टेलिश्रृंखला 'आफन्त' मा नयाँ मोड आएको छ। निर्देशक ऋषिराज आचार्यका अनुसार श्रृंखलामा रोमाञ्चकता ल्याउन कथामा केही नयाँ विषय प्रवेश गर्न लागिएको छ। श्रृंखलामा सासूले बुहारीलाई घरबाट निकाल्न छोरालाई विदेश पठाउने नयाँ कथा समेट्न लागिएको छ। दीपक त्रिपाठीले छोराको भूमिका निर्वाह गरेका छन्। श्रृंखलामा उनलाई एउटा कामविशेषले लन्डन पठाउन लागिएको छ। त्यसबीच सासूले बुहारीलाई घरबाट निकाल्नेछिन्। यसबीच श्रृंखलाका निर्देशक आचार्य पहिलो पटक कलाकारका रूपमा टेलिश्रृंखलामा प्रस्तुत हुँदैछन्।



## सानो पर्दामा रिया सेन

बलिउडकी कामुक नायिका रिया सेन अब सानो पर्दामा देखिनेछिन्। उनी एउटा धारावाहिकमा एउटा विशेष भूमिकामा देखिने भएकी हुन्। रियालाई पारितोष पेन्टरले सानो पर्दामा ल्याउन लागेका हुन्। पेन्टरसँग रियाले चलचित्र 'पेइङ गेस्ट' मा अभिनय गरेकी थिइन्। पारितोषको टेलिभिजन कार्यक्रम 'श्री आदि मानव' सब टेलिभिजनबाट प्रसारण हुने क्रममा छ। प्रत्येक शुक्रबार राति ९:१५ बजे प्रसारण हुने यो कार्यक्रममा रिया प्रस्तुत हुन लागेकी हुन्। उनी पहिलो पटक कुनै धारावाहिकमार्फत दर्शकमाझ आउन लागेकी हुन्। धारावाहिकमा उनी नायिका रिया सेनकै भूमिकामा प्रस्तुत हुनेछिन्। धारावाहिकमा एउटा परिवारले डिनर डेट विद रिया सेन प्रतियोगिता जितेपछि उनीहरूले रियासँग समय बिताउने अवसर पाएको प्रसंग समावेश गरिनेछ।



## टुंगिंदैछ हाना मोन्टाना

बालबालिका तथा किशोरीहरूमाझ अत्यन्त लोकप्रिय रहेको डिज्नी च्यानलबाट प्रसारण हुने कार्यक्रम 'हाना मोन्टाना' को प्रसारण अब टुंगिने भएको छ। यो कार्यक्रममार्फत माइली साइरसले अत्यधिक लोकप्रियता हासिल गरेकी छिन्। डिज्नीले निर्माण गरेको यो कार्यक्रममा टिनएज किशोरीहरूको स्कुले जीवन चित्रण गरिन्छ। कार्यक्रममा माइलीले दोहोरो भूमिका निर्वाह गरेकी छिन्। दिउँसो सामान्य किशोरी माइली स्टेवार्टका रूपमा चिनिने माइली

# ● विदेशबाट ●

राती भने चर्चित पप गायिका हाना मोन्टानाका रूपमा दर्शकमाझ प्रस्तुत हुने रमाइलो कथा उक्त कार्यक्रममा समेटिएको छ। सन् २००६ देखि प्रसारण प्रारम्भ भएको यो कार्यक्रम आगामी वर्षको मार्च महिनामा टुंगिन लागेको हो।



# जम्का भेट

भर्खरै प्रदर्शनको १ सय दिन पूरा गरेको चलचित्र 'कुसुमे रुमाल' का नायक नीरज बराल करिब आठ महिना लामो अस्ट्रेलिया बसाइपछि स्वदेश फर्किएका छन्। 'कुसुमे रुमाल' को प्रिमियरमा उपस्थित हुन नसकेका नीरज अस्ट्रेलियामा ग्राफिक्स डिजाइनको अध्ययन गरेर फर्किएका हुन्। आफू उतै भएकाले चलचित्रको प्रिमियर शोलाई मिस गरेको बताउँदै नीरजले चलचित्रको सय दिन पूरा गरेको समारोहमा भने सहभागिता जनाएका छन्। जीवनमा पहिलो पटक अभिनय गरेको चलचित्रले व्यावसायिक सफलता पाएकोमा दंग परेका ६ फिट अग्ला यी नायकले करिब आठ वर्षअघि झापामा सम्पन्न एउटा प्रतियोगितामा मिस्टर झापाको उपाधि जित्दै ग्ल्यामरको क्षेत्रमा प्रवेश गरेका हुन्। सन् २००२ मा राजधानीमा सम्पन्न मिस्टर नेपाल प्रतियोगितामा फस्ट रनर्सअपको उपाधि जितेपछि मोडलिङमा व्यस्त नीरजले त्यस यता थुप्रै फेसन शोमा क्याटवाक मात्र गरेनन्, म्युजिक भिडियो तथा विज्ञापनहरूमा मोडलिङसमेत गरे। आफूले काम गरेका स्तरीय विज्ञापन तथा राम्रा म्युजिक भिडियो प्रदर्शन हुनु तथा गोपीकृष्ण मुभिजले 'कुसुमे रुमाल' का लागि नयाँ नायकको खोजी गर्नु एकैपटक भयो। उक्त चलचित्रका निर्माता तथा निर्देशकले नीरजलाई सम्पर्क गरे, अडिसन लिए, एक महिनाको अभिनय कार्यशालामा सहभागी गराए अनि एकै पटक 'कुसुमे रुमाल' को सुटिङस्पटमा बोलाए। नायिका रुबी भट्टराईसँगको उनको मिलेको जोडीका कारण चलचित्रले सफलतामात्र पाएन, एकैपटक नीरज, रुबी तथा निर्देशक निरक पौड्याललाई स्थापितसमेत बनायो। 'कुसुमे रुमाल' को छायांकनलगत्तै उनलाई निर्देशक नरेश पौड्यालले नयाँ चलचित्र 'दीपशिखा' मा अभिनय गराए। केही समयपछि प्रदर्शन हुने यो चलचित्रले आफ्नो करियरलाई थप उचाइमा पुऱ्याउने अनुमान गरिरहेका नीरजसँग *साप्ताहिक*का कृष्ण भट्टराईको जम्काभेट :

**तपाईं अस्ट्रेलिया जानेबित्तिकै नेपालबाट अर्को नायकको पलायन भन्दै हल्ला फैलियो नि ?**

चलचित्र क्षेत्रमा हल्लाहरू फैलिइरहन्छन्। वास्तवमा म पलायन भएको थिइनँ, एकवर्षे कोर्सका लागि अस्ट्रेलिया गएको थिएँ। कोर्स सकिएपछि अहिले स्वदेश फर्किसकेको छु।

**अस्ट्रेलियामै छँदा तपाईंले एउटी नेपाली युवतीसँग विवाह गरेको चर्चा पनि चलेको थियो ?**

त्यो पनि एउटा हल्ला नै हो। उच्च शिक्षा हासिल गर्न विदेश गएको बेला नेपालमा के-के हल्ला चलेछन्, अहिले सबै हल्लाको स्पष्टीकरण दिंदैमा हैरान भएको छु।

**कुसुमे रुमाल हेर्नुभयो त ? दर्शकले कत्तिको रुचाएको पाउनुभयो ?**

हेरें नि ! त्यसो त मैले डबिङका क्रममा पनि एकपटक सरर हेरेको थिएँ, तर दर्शकका रूपमा चलचित्र हलमा बसेर हेर्दा अर्कै मज्जा आउँदो रहेछ। युवापुस्ताका लागि तयार पारिएको यो चलचित्रलाई युवापुस्ताले नै मन पराए।

**प्रदर्शनको तयारीमा रहेको चलचित्र दीपशिखामा तपाईंको भूमिका कस्तो छ ?**

त्रिकोणात्मक कथामा तयार भएको यो चलचित्रको कथा नै जीवन लुइँटेल, अरुणिमा लम्साल तथा मबीच केन्द्रित छ। यो चलचित्र प्रदर्शन भएपछि मैले फुर्सदमा बस्नुपर्दैन जस्तो लाग्छ।

**पुनः विदेशतिर लाग्ने कि चलचित्रमै व्यस्त हुने ?**

पढाइ पूरा गरेर फर्किएकाले अब उता जान्नँ। थुप्रै चलचित्रबाट प्रस्ताव आइरहेका छन्। तीमध्ये एक-दुईवटा चलचित्रको काम चाँडै थाल्दैछु।

# पापी मान्छे -२



दीपक श्रेष्ठलाई निर्देशक लिएर राजकुमार राईले तीन वर्षअघि निर्माण गरेको चलचित्र ‘पापी मान्छे’ले त्यतिबेला निर्मातालाई फाइदा पुऱ्याएको थियो। नायक निखिल उप्रेतीसँग बाँदर र कुकुरलाई मुख्य भूमिका दिइएको उक्त चलचित्रले प्रदर्शनमा सफलता पाइसकेपछि निर्माता राईले सिक्वेल अर्थात् दोस्रो भाग बनाउन कम्मर कसेका थिए। काठमाडौं उपत्यकामा आज शुक्रबारदेखि प्रदर्शन हुने पापी मान्छे -२मा पनि नायक उप्रेतीका दुई साथी कुकुर र बाँदर छन्। अघिल्लो भागको चलचित्र जहाँ सकिएको थियो, त्यहीबाट पापी मान्छे -२को कथा आरम्भ हुन्छ। निर्देशक दीपक श्रेष्ठले नै निर्देशन गरेको यो चलचित्रका खलनायक पनि सुनिल थापा नै छन्। खलनायक थापा र नायक उप्रेतीबीचको ‘टक्कर’ नै पापी मान्छे -२को मूल मसला हो। अघिल्लो भागमा देखिएका राजेश हमाल, करिश्मा मानन्धर आदि पापी मान्छे -२मा छैनन्। निखिलले एक्लो नायक भएर चलचित्र धानेका छन्। चलचित्र पापी मान्छे -२ मा पूजना प्रधान नायिका छिन्। पापी मान्छे -२लाई उनले आफूले एकल नायिकाका रूपमा राम्रो भूमिका पाएको बताउँदै आएकी छिन्। यो सिक्वेल चलचित्रमा वसन्त श्रेष्ठको नृत्य, हिमाल केसीको द्वन्द्व तथा ताराप्रकाश लिम्बूको संगीत छ।


# एक्स्ट्राअर्डिनरी मेजर्स



आज शुक्रबार सार्वजनिक हुने हलिउडको नयाँ चलचित्र ‘एक्स्ट्राअर्डिनरी मेजर्स’ सत्यकथामा आधारित छ। ड्रामा, एडप्टेसन तथा बायोपिक श्रेणीमा राखिएको यो चलचित्रको निर्देशन टम भनले गरेका हुन्। ह्यारिसन फोर्डले निर्माण गरेको यो चलचित्रमा ब्रेन्डान फ्रेसर, केरी रेसल, मेरेडिथ ड्रोइगर, जेरेड ह्यारिस, एलन रक आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेका छन्। सिबिएस फिल्म्सले वितरण गरिरहेको यो चलचित्र जोन क्राउली तथा एलिन क्राउलीको जीवनमा घटेको सत्य घटनामा आधारित छ। यो चलचित्र एउटा दुर्लभ रोगका कारण क्राउली दम्पतीले आफ्ना सन्तान गुमाएको पीडामा आधारित छ। चलचित्रको कथा अनुसार जोन क्राउली आफ्नी श्रीमती एलिन क्राउलीको सहयोगमा अमेरिकी कर्पोरेट क्षेत्रमा राम्रो प्रगति गरिरहेका हुन्छन्। उनीहरूका तीन जना सन्तान पनि छन्। व्यावसायिक सफलताको खुड्किलो उक्लिरहेका बेला अचानक उनीहरूका दुई सन्तान मेगन तथा प्याट्रिकलाई एउटा अनौठो रोग लाग्छ। रोग लागेपछि क्राउली दम्पतीले उनीहरूको उपचारको धेरै प्रयास गर्छन्। डा.रोबर्ट स्टोनहिलको सहयोगमा उनीहरूले उक्त रोग विरुद्ध एउटा औषधी पनि तयार पार्छन् तर अनेकौं प्रयासपछि पनि उनीहरूले आफ्ना सन्तानको जीवन बचाउन सक्दैनन्।

● चलचित्र ●

# वीर



बलिउडमा आज शुक्रबार सलमान खानको चलचित्र ‘वीर’ को सार्वजनिक प्रदर्शन प्रारम्भ हुँदैछ। विश्वव्यापी रूपमा प्रदर्शन हुन लागेको यो चलचित्रका कथाकार तथा लेखक पनि नायक सलमान खान नै हुन्। चलचित्रमा उनका अतिरिक्त सोहेल खान, मिथुन चक्रवर्ती, जैकी श्राफ, जरिन खान, लिजा लाजारुस, गिटा सोटो, निना गुप्ता, शहबाज खान, पुरु राजकुमार आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेका छन्। ऐतिहासिक प्रेम कथा समेटिएको यो चलचित्रको निर्देशक अनिल शर्मा हुन्। बेलायत तथा भारतमा छायांकन गरिएको यो चलचित्रमा साजिद-वाजिदको संगीत छ। चलचित्रका गीतमा सुखविन्दर सिंह, सोनु निगम, वाजिद, राहत फतेह अलि खान, रूपकुमार राठौर, श्रेया घोषाल, सुनिधि चौहान आदि गायक-गायिकाको स्वर सुन्न सकिन्छ।

यो चलचित्रमा सैनिकहरूको बहादुरीका गाथा समेटिएका छन्। चलचित्रमा एक जना स्वतन्त्रता सेनानीको कथा पनि समावेश छ, जसले न्याय र स्वन्तत्रताका लागि लडाइँ लडेको हुन्छ। ‘वीर’ मा माया, प्रेम, दृढ संकल्प तथा वीरताको कथा देख्न पाइन्छ। यो चलचित्र न्याय तथा स्वतन्त्रताका लागि हिम्मत र बहादुरीपूर्वक लड्नेहरूप्रति समर्पित छ। चलचित्रमा सलमान खानले वीरको भूमिका निर्वाह गरेका छन्। वीरले आफ्नो मातृभूमिको रक्षाका लागि लडाइँ गर्ने क्रममा आफ्नो जीवन नै समर्पित गरेका छन्। माधवगढका राजासँग आफ्ना बुबाको तर्फबाट बदला लिनु उनको मुख्य उद्देश्य हो। ती राजाले बेलायतीहरूसँग मिलेर उनका बुबा तथा स्थानीय बासिन्दालाई ठगेका थिए। चलचित्रको कथामा त्यसबेला रमाइलो मोड आउँछ जब वीर माधवगढकी राजकुमारीको प्रेमजालमा फस्छन्। माया-कर्तव्यमध्ये वीरले के रोज्छन् भन्ने कुरा चलचित्रको अर्को रोचक पक्ष हो।

# चलचित्र क्षेत्रबाट संन्यासै लिइसके भन्ने होइन

पृष्ठ ५ बाट जारी

**जलशाहको घर भत्कियो भनेर एउटा समाचार आएको थियो नि ? के भएको थियो ?**

यो विषयमा म बोल्न चाहन्नँ। तपाईं गाडिसकेको मुर्दालाई फेरि किन निकाल्न खोज्दै हुनुहुन्छ। यदि त्यो कुरा सत्य भएको भए म मेरा पत्रकार साथीहरूलाई पनि भन्थें होला, हाम्रो वैवाहिक सम्बन्ध सुमधुर भएकैले अहिलेसम्म साथै छौं, त्यसबेला उहाँ नेपालमा रहेका परिवारका सदस्यलाइ भेट्न आउनुभएको थियो, तर गलत समाचार लेखियो।

**तर पारिवारिक स्रोतलाई उल्लेख गरेर समाचार आएको थियो नि ?**

हो, मैले पनि पत्रिकामा पारिवारिक स्रोत भनेर नै आएको देखेर घरमा कुरा गरेको थिए। म चुप लागेर बसेजस्तो लाग्छ तपाईंलाई ? सबैजना अचम्ममा पऱ्यौं, हुँदै नभएको कुरा कसरी बाहिर आयो भन्ने भयो। मैले पनि खोजी गरें। दाम्पत्य जीवनमा समस्या आउँदै नआउने भन्ने होइन, कहिलेकाहीं आउँछन्, तर समाचार नै बन्ने घटना थिएन त्यो। भर्खर विवाह भएको थियो, हामी एक-अर्कालाइ बुझ्ने प्रयास गर्दै थियौं, अचानक त्यस्तो समाचार आयो।

**तपाईंकी ममीका कारण दाम्पत्य जीवनमा समस्या आएको भनिएको थियो नि ?**



पहिलो कुरा मेरी ममी जल शाहकी आमाभन्दा पहिले नै प्रेमा शाहका रूपमा अलग पहिचान बनाइसकेको व्यक्ति हो, उहाँ आफैं स्थापित भैसकेको मानिसलाई ज्वाइाको घरमा बस्न जरुरी पनि थिएन। मलाइ त अचम्म लाग्यो, ज्वाइाले न्युयोर्कमा फ्लाट किनेर राखिदिन्छु, तर यहाँबाट जानुहोस् भनेको भनेर समाचारमा लेखिएको थियो, पछि ममीलाई मैले ‘न्युयोर्कमा फ्लाट किनिदिनुभयो त ज्वाइँले ?’ भनेर जिस्क्याएँ पनि।

**तपाईंले आफ्नो उमेर सुहाउँदो युवक नरोजेर किन प्रौढलाई रोज्नुभएको नि ?**

म्याचोर्ड भन्नु न। म्याचोर्ड मान्छेले बढी माया गर्छ, राम्रो अन्डरस्टान्डिङ हुन्छ, गार्जेनसिपको अभाव महसुस हुँदैन भन्ने बुझेर नै म्याचोर्ड रोजेको हो, उहाँको मायालु स्वभावले पनि मलाई आकर्षित गरेको थियो।

**नेपाली नायिका म्याचोर्ड जीवनसाथी रोज्छन्, किन होला ?**

हा, हा..हो त नि, तर मैले म्याचोर्डसँगै विवाह गर्छु भनेर खोज्दै हिँडेको होइन, जीवनमा कोही मान्छे यस्तो आओस्, जसले म्याचोर्ड माया देओस् भन्ने लागेको थियो, त्यस्तै भयो। मेरो श्रीमान् म्याचोर्ड भनेर बूढो होइन नि, अब नेपाल आएपछि सबैलाइ देखाउँला चिनाउँला, उहाँ र मेरो जोडी सुहाउँदै देखिन्छ भनेपछि आफैं अनुमान लगाउन सक्नुहुन्छ।

**अबको प्लान के छ नि ?**

फेरि फर्केर जान त परिहाल्यो। अमेरिका गएपछि कुनै काम गर्छु होला, पछि जीवनको कुनै मोडमा राम्रो कथामा आफैंले एउटा चलचित्र बनाउने इच्छा छ, सायद बनाउँछु।

**श्रीमान्लाई नेपाल ल्याउने इच्छा छैन ?**

छ नि, फर्कने त आफ्नै देशमा हो नि। अहिले केही समय उतै बस्ने हो, उहाँ यत्रो वर्ष त्यहाँ बसेको मान्छे, भन्नेबित्तिकै फर्किहाल्न सम्भव छैन, सबै कुरा मिलाएर नेपाल फर्कने योजना छ। त्यसबेलासम्म नेपालको राजनैतिक स्थिति पनि सुध्रन्छ होला, अनि फर्कनु राम्रो नि, होइन ?

-विदुर खतिवडा







# स्मिता

करिब चार वर्षअघि विराटनगरमा सम्पन्न एउटा फेसन शोको त्याम्पमा उत्रँदा उनी १६-१७ वर्षकी फुच्ची थिइन्, तर तिनै फुच्चीले पूर्वाञ्चलका अरू सबै प्रतिस्पर्धीलाई पछि पार्दै उत्कृष्ट मोडलको उपाधि हासिल गरिन् । त्यसपछि राजधानी छिरेकी धरानकी स्मिता थापाले पछाडि फर्केर हेर्नुपरेको छैन । मोडलिङ करियरमा रमाइरहेकी थापा भन्छिन्- 'यहाँ छिरेपछि अन्यत्र जान मन लाग्दैन ।' आई टेक सकेर फुड टेक्नोलोजीमा स्नातक गर्न हात्तीसार क्याम्पस भर्ना भएकी थापाको पढाई कम्प्लिट भएको छैन, तर पढाइ पूरा गर्ने इच्छाचाहिँ छ ।

'लेट नाइट पार्टीहरू त्यतिसारो जान्नँ, कहिलेकाहीं स्पेसल साथीहरूसँग लेटनाइट बिताउँछु,' स्मिताले भनिन्- 'फेरि मेरा त्यस्ता नजिकका साथी पनि निकै कम छन् ।' आफूलाई त्यति धेरै रोमान्टिक नमान्ने स्मितालाई अरूले भने हट, सेक्सी अनि बोल्ड भन्छन् । के स्मिताले कसैसँग क्यान्डललाइट डिनर खाएकी छिन ? 'अहँ छैन । कसैले अफर पनि गरेको छैन,' स्मिताले भनिन । उनलाई त्यस्तो डेटमा जाने इच्छा पनि छैन ।

स्मिता सपिङ क्रेजी छिन्, महिनामा ८-९ पटक सपिङ जान्छिन् । त्यसमा पनि सेन्डिल बढी खरिद गर्छिन् । त्यसो त उनको सेन्डिल भने कसैले खाएको छैनन्, तर कुनै पुरुषले घुरेर हेर्‍यो भनेचाहिँ उनलाई

साप्ताहिक
सबैको लागि सम्पूर्ण पत्रिका

तस्बिर : कविन्द्रमान शाक्य



# थापा



दिक्क लाग्छ । जसले जतिसुकै घुरे पनि उनलाई कसैले आइलभ यू चाँहि भनिसकेको छैन । डराउँछन् कि ? स्मितालाई हेन्डिल गर्न सक्दिनँ भनेर हो कि ?- कसैले त्यसो नभनेको उनको अनुमान छ । त्यसो भए ब्वाइफ्रेन्ड छैन ? स्मिताले भनिन्- 'ब्वाइफ्रेन्ड आर मेडिसिन विथ कम्स अलवेज इन एक्सरपायर डेट । लाइफलाई मैले सिरयस्ली लिएकी छैन, स्मिताका अनुसार यो एउटा सरप्राइज हो र यसलाई मैले त्यसैगरी लिइरहेकी छु र आफैं पनि सरप्राइज भैरहेकी छु ।'

स्मितालाई आफ्नो शरीरको सबैभन्दा आकर्षक भाग ब्रेस्ट लाग्छ, अरूले पनि त्यसै भन्छन् । अनि सपिङ र सेक्समा चाहिं कुन रमाइलो नि ? भन्ने प्रश्नमा उनले उल्टै प्रतिप्रश्न गरिन्- 'तपाईंलाई चाहिँ कुन रमाइलो लाग्छ ?' र फेरि आफैं जवाफ दिइन्- 'निःसन्देह सेक्स नै रमाइलो नि ?'

## ● साताको स्वर ●



### आनन्द कार्की

**‘किन कुर्नु साँझ आखिर...’ कुन शैलीमा आधारित छ ?**
भर्खरै बजारमा आएको गीतिसंग्रह ‘पर्दा’ मा समावेश गरिएको यो गजल शैलीको गीत हो ।

**यसलाई महफिल गीत पनि भन्नुभएको छ नि ?**
हो, गजल भए पनि यो सांगीतिक वातावरण अर्थात् महफिलमा गाउन-बजाउन तयार पारिएकाले यसलाई महफिल गीत भनिएको हो ।

**श्रोताले गीतको कुन पक्ष मन पराएका छन् ?**
शब्द, संगीत, गायन तथा संगीत संयोजन गरी गीतका सबै पक्ष मन पराएका छन् । बज्न थालेको दुई महिनामै यसले श्रोताहरूको मन जितिसकेको छ ।

**गीतका लक्षित वर्ग को हुन् ?**
सुगम संगीत मन पराउने सबै उमेरका श्रोता यो गीतका लक्षित वर्ग हुन्, खासगरी गजलप्रेमी श्रोतालाई यो गीत असाध्यै मन पर्नेछ ।

**म्युजिक भिडियोमा कत्तिको मेहनत गरिएको छ ?**
म्युजिक भिडियोमा पनि गीतमा जत्तिकै मेहनत गरिएको छ । सुरेन्द्र शाहको निर्देशन बनेको म्युजिक भिडियोले गीतलाई थप जीवन्तता प्रदान गरेको छ ।

## ● म्युजिक अपडेट ●

### गायिकाको जन्मदिन

गायिका निशा सुनारले माघे संक्रान्तिको दिन आफ्नो जन्मदिन मनाएकी छिन् । संकटा मन्दिर परिसरमा पुगेर मन्दिरवरिपरि भेटिएका सडक बालबालिकालाई खाना ख्वाउँदै उनले मनाएकी हुन् । माघे संक्रान्तिकै दिन नायिका गौरी मल्ल, पुजना प्रधान तथा निर्देशक नारायण पुरीले पनि आ-आफ्नो जन्मदिन मनाए ।

### सहयोगको घोषणा

रविभवनस्थित वृद्धाश्रम आमाको घरलाई गायक कन्हैया सिंहले आफ्नो गीतिसंग्रह ‘आलाप’को बिक्रीबाट आएको रकमको ५० प्रतिशत सहयोग गर्ने घोषणा गरेका छन् । अघिल्लो साता सोही स्थानमा ‘आलाप’ विमोचन गरिएको थियो ।

### संगीतकारको स्मृतिमा

संगीतकार स्वर्गीय जगतकृष्ण प्रजापतिको स्मृतिमा माघे संक्रान्तिका दिन चितवनमा स्व. जगतकृष्ण प्रजापति स्मृति प्रतिष्ठानको स्थापना गरिएको छ । रत्ननगर महोत्सवका क्रममा जनवादी गायक रामेश तथा रायनको समूहले उक्त प्रतिष्ठानको उद्घाटन गरेका हुन् । उद्घाटन समारोहमा स्व.प्रजापतिका समकालीन रामेश, रायन, रामकृष्ण दुवाल, मधु गुरुङ, माधव प्रधान, उदय श्रेष्ठ आदिले गीत-संगीत प्रस्तुत गरेका थिए । रत्ननगर महोत्सव २०६४ का सांस्कृतिक कार्यक्रम संयोजकसमेत रहेका संगीतकार प्रजापतिको ट्र्याक्टर दुर्घटनामा परी निधन भएको थियो ।

### गायन प्रतिभाको छनौट

सामुदायिक रेडियो कृष्णसार एफएमले सञ्चालन गरिरहेको कृष्णसार आइडल- २०६६ को निर्णायक चरणका लागि १० जना प्रतिभा छनौट गरिएको छ । गत साउनदेखि प्रारम्भ भएको प्रतियोगितामा सहभागी १ सय ५५ जना प्रतिभामध्ये विभिन्न चरणको प्रतिस्पर्धापछि उत्कृष्ट १० को छनौट गरिएको हो । प्रतियोगिताको पहिलो चरणको अडिसनबाट ५१, दोस्रो चरणको सेल्फ राउन्डबाट ३२ तथा तेस्रो चरणको प्रतिस्पर्धाबाट १० जना गायन प्रतिभाको छनौट गरिएको हो । आइडलमा मध्य तथा सुदूर पश्चिमाञ्चलका १० जिल्लाका प्रतिस्पर्धीहरूले सहभागिता जनाएका छन् ।

### माघीमा थारु नृत्य

माघे संक्रान्तिको दिन राजधानीमा आयोजित माघी महोत्सवमा थारु कलाकारहरूले झिझिया नृत्य प्रस्तुत गरे । थारू कलाकारले थारू परम्परालाई प्रस्तुत गर्ने क्रममा गुवा, झुम्रा, छोक्रा, मघौरा, रागनी, बार्क, होरी झर्रा, अठ्ठहवा आदि नृत्य प्रस्तुत गरेर अन्य समुदायका दर्शकलाई समेत मनोरञ्जन प्रदान गरेका थिए । राष्ट्रिय सभागृहमा आयोजित उक्त महोत्सवमा थारु भाषाको चलचित्र ‘दिलका टुकडा’ को प्रिमियर शोसमेत गरिएको थियो ।

### नारायणघाट रक्सको तयारी

महाशिवरात्रीको अवसर पारेर ब्राइटनेपाल डटकमले आगामी माघ २९ गते शुक्रबार चितवनमा बृहत् सांगीतिक कार्यक्रम ‘नारायणघाट रक्स: भर्सन ३’ गर्ने भएको छ । विगत तीन वर्षदेखि आयोजना हुँदै आएको यो कार्यक्रममा यसपटक राष्ट्रिय स्तरका गायक-गायिकाले गीत-संगीत प्रस्तुत गर्दैछन् । उक्त कन्सर्टमा सांगीतिक समूह एक्सिस, चितवनकै सांगीतिक समूह द एज, शिरीष खड्का, अशोक सेन, सुदन गैरे आदि कलाकारले गीत-संगीत प्रस्तुत गर्दैछन् ।

### गुलाम अलिको अभिनय

गायक भक्तराज आचार्यको जीवनीमा आधारित चलचित्र ‘आचार्य’ मा गजल गायक गुलाम अलिले पनि अभिनय गरेका छन् । चलचित्रको एउटा दृश्यमा उनले अभिनय गर्नुपर्ने भएपछि गत साता चलचित्र निर्माताले उनलाई राजधानी ल्याएर अभिनय गराएका हुन् । गुलाम अलिसँगै चलचित्रमा अभिनय गरेका संगीतकार शान्तिराम राईका अनुसार चलचित्रमा उनी मुख्य पात्र भक्तराज आचार्यको सांगीतिक कार्यक्रममा अतिथिका रूपमा प्रस्तुत भएका छन् ।

### पार्श्वगायनमा रजिना

गायिका रजिना रिमाल पछिल्लो समयमा चलचित्रको पार्श्वगायनमा समेत जमेकी छिन् । चलचित्र सपूतबाट प्रारम्भ भएको उनको पार्श्वगायन पछिल्लो चलचित्र ‘पहिचान’ सम्म आइपुगेको छ । यसक्रममा उनले करिब ४० वटा चलचित्रमा पार्श्वगायन गरिसकेकी छिन् । दुई वर्षअघि पहिलो गीतिसंग्रह ‘परी’ मार्फत दर्शकमाझ लोकप्रिय भएकी रजिना अहिले पनि गुरुदेव कामत तथा संगीता राना प्रधानसँग प्रशिक्षण लिइरहेकी छिन् ।

### आशुसेनको व्यस्तता

साउथ एसियन स्टार आशुसेन लामा पछिल्लो समयमा व्यस्त भएका छन् । प्रशान्त तामाङको अरे क्या नाम...गीतका यी संगीतकारले केही समयअघि मात्र आफ्नो पहिलो एकल गीतिसंग्रह ‘माइक’ बजारमा ल्याएका छन् । ‘सांगीतिक कार्यक्रममा व्यस्त छु,’ गत आइतबार *साप्ताहिक*सँगको भेटमा उनी भन्दै थिए– ‘शुक्रबार र शनिबार मात्र आधा दर्जन कार्यक्रममा गीत गाएँ ।’

### फर्किए विवश

गायक विवश पौडेल करिब चार वर्षको अन्तरालपछि पुन: सांगीतिक क्षेत्रमा फर्किएका छन् । चार वर्षअघि ‘फेस’ शीर्षकको पहिलो गीतिसंग्रहमार्फत श्रोतामाझ आएका गायक पौडेलले संगीत संयोजनको विधामा आफूलाई व्यस्त बनाएपछि उनको गायनयात्रा अघि बढ्न सकेको थिएन । यसपटक भने उनी दोस्रो एकल गीतिसंग्रह ‘ग्रन्थ’ मार्फत श्रोतामाझ आएका छन् । यसै साता सार्वजनिक गरिएको उनको यो दोस्रो गीतिसंग्रहमा पप शैलीका गीत समावेश छन् । संग्रहका सबै गीत आफैंले संगीतबद्ध गरेको उनले बताएका छन् ।

### सापकोटाको नयाँ संग्रह

लोकदोहोरी गायक लोकनाथ सापकोटाले गीतिसंग्रह ‘अनि गजलकार भएँ’ तयार पारेका छन् । गजल दोहोरी गीतिसंग्रहका रूपमा बजारमा आएको यो संग्रहमा गजल शैलीका चारवटा गीत समावेश छन् । ‘गजलको नियमअनुसार नेपालमा पहिलो पटक दोहोरी गीतको संग्रह तयार पारिएको हो, गायक सापकोटाको दाबी छ– ‘पाकिस्तान तथा भारतमा प्रचलनमा रहेको शैलीलाई नेपालमा प्रयोग गर्न खोजेको हुँ ।’ अञ्जु पन्त, सर्वज्ञमान शाइक, कौशल्या गुरुङ, रुबि गौली तथा यशोदा कमाचार्यले संग्रहका गीतमा स्वर प्रदान गरेका छन् ।

### चितवनमा कन्सर्ट

सोनाम ल्होसारको अवसर पारेर गत आइतबार चितवनमा एउटा सांगीतिक कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा चेतन राई, सँर्य रुम्बा, श्वेता उप्रेती, दीप पन्त, लोकेन्द्र राई, सशान कूडेल आदिका गायक-गायिकाले गीत संगीत प्रस्तुत गरेका थिए ।

### रोग भगाउन कन्सर्ट

राजधानीबाट गएका कलाकारहरूको एक समूहले पश्चिम नेपालको कोहलपुरमा सांगीतिक कार्यक्रम प्रस्तुत गरेका छन् । राष्ट्रिय मानवकल्याण परिषद्ले मलेरिया न्यूनीकरणका लागि आयोजना गरेको सांगीतिक कार्यक्रममा कुन्ति मोक्तान, दीपक लिम्बु, नलिना चित्रकार, रीमा गुरुङ आदि गायक-गायिकाले गीत-संगीत प्रस्तुत गरेका थिए । हास्यकलाकार सुरेन्द्र केसी (मुला साग) ले हास्यप्रस्तुतिमार्फत दर्शक हँसाएको उक्त कार्यक्रमको सञ्चालन पूर्व मिस नेपाल सुगरिका केसी तथा माम्पी घोष (पवनकली) ले गरेका थिए ।

## ● अफबिट ●



नायिकाको मुस्कान : **गायिका अञ्जु पन्त तथा गायक दीपक लिम्बुले गाएको ‘बाटो’ गीतको म्युजिक भिडियामा अभिनय गर्दै नायिका नन्दिता केसी तथा मोडल श्याम अर्याल । भिडियोका निर्देशक सुरज श्रेष्ठ हुन् । तस्बिर: साइबर संसार डट कम**


## ● विदेशबाट ●

### धेरै कमाउने सांगीतिक जोडी

गायन दम्पती बियोन्स नेल्स तथा उनका श्रीमान् जे-जेड वर्ष २००८-२००९ मा सबैभन्दा बढी कमाउने सांगीतिक जोडी बन्न सफल भएका छन् । उनीहरूले गत वर्ष १ सय २२ मिलियन डलर कमाएका थिए । अमेरिकी पत्रिका फोब्सले जनाएअनुसार २८ वर्षीया पप गायिका तथा उनका ४० वर्षीय हिपहप गायक श्रीमान् अघिल्लो वर्षको सूचीमा पनि पहिलो स्थानमै थिए । वर्ष २००९ को आर्थिक मन्दीको प्रभाव उनीहरूको आम्दानीमा पनि परेको छ । बियोन्स एक्लैले पछिल्लो वर्ष ८७ मिलियन डलर कमाएकी थिइन्, जबकि उनका श्रीमान्ले ३५ मिलियन डलर आम्दानी गरेका थिए । बियोन र जे-जेडले वर्ष २००८ को अप्रिलमा विवाह गरेका हुन् । उनीहरूको पहिलो भेट २००२ मा भएको थियो । दुवैले धेरै पटक सँगसँगै सांगीतिक कार्यक्रम प्रस्तुत गरिसकेका छन् ।



## ● ब्यान्ड ●




**प्रसिद्ध सितारवादक विजय वैद्यको नेतृत्वमा स्थापना भएको सांगीतिक समूह ‘रक सितार’ सांगीतिक धुन प्रस्तुत गरेर आफूलाई लोकप्रिय बनाइसकेको छ । यो समूहले नेपालका अधिकांश सहरमा सांगीतिक कार्यक्रम प्रस्तुत गरिसकेको छ । समूहका संगीतकर्मीहरू युरोप तथा अमेरिकासम्म पुगेर त्यहाँ बसोबास गर्ने नेपाली तथा विदेशीहरूलाई नेपाली शास्त्रीय संगीतको स्वाद चखाइरहेका छन् । पछिल्लो समयमा यो समूहमा पाँच जना संगीतकर्मी सहभागी छन् । समूहमा विजय वैद्य सितारवादकका रूपमा आबद्ध छन् । राजेन्द्र लाल कर्ण समूहका तबलावादक हुन् । प्रताप केसी यो समूहमा बाँसुरीवादकका रूपमा सक्रिय छन् । सुरेन लामा समूहका लिड गिटारिस्ट हुन् भने दीपक शाक्य समूहका बेस गिटारिस्ट हुन् ।**

**सन् १९९५ मै स्थापना भएको यो समूहले हालसम्म एक दर्जनभन्दा बढी सांगीतिक धुनको संग्रह श्रोतामाझ ल्याइसकेको छ । यो समूहले सन् १९९५ मा ‘मेलोडिज अफ नेपाल’ तथा ‘फेस्टिभल अफ नेपाल’ बजारमा ल्याएको थियो । लगत्तै सन् १९९६ मा समूहले ‘थर्ड आई’ बजारमा ल्यायो । त्यसपछि २००१ मा ‘सितार सुधा’ बजारमा आएको थियो । सन् २००३ मा बजारमा आएको समूहको अर्को संग्रह ‘सिट्रान्स’ पनि लोकप्रिय भयो । २००४ मा श्रोतामाझ आएको ‘म्युजिक अफ पिस’ र २००६ मा बजारमा आएको ‘सो क्लोज सो फार’ ले पनि राम्रो बजार पाएका थिए । शास्त्रीय संगीतको संरक्षण गर्दै स्वदेशी तथा विदेशी श्रोतालाई नेपाली संगीतको स्वाद पस्कनु समूहको मुख्य उद्देश्य हो, समूहका तबलावादक कर्णले बताए ।**



अमेरिकाको लसभेगासमा हुने एडल्ट एन्ड इन्टरटेनमेन्ट एक्स्पो विश्वकै सर्वाधिक ठूलो सेक्स एक्स्पो मानिन्छ । गत साता सम्पन्न यो एक्स्पो २ लाखभन्दा बढी दर्शकले अवलोकन गरेका थिए ।


● पहिलो विश्व ●

## आइन् सेक्स रोबोट



चाहेको बेलामा यौनसम्पर्क गर्न पाएपछि जापानी पुरुषहरूका लागि हनी डल नै भरपर्दो यौनसाथी भएको थियो । हनी डलका निर्माताहरूले यसलाई केवल सेक्स डलका रूपमा विकास नगरेर केही आवाज निकाल्न सक्नेमा समेत परिणत गरे । प्रविधिले यौनको क्षेत्रमा गरेको यो विकासमा अझ फड्को मार्दै हालै मानिसकै शरीरको आकारको बोल्ने सेक्स रोबोट निर्माण भएको छ । लसभेगासमा हालै सम्पन्न 'एडल्ट इन्टरटेनमेन्ट एक्स्पो' मा सार्वजनिक गरिएको रोक्सी नामको सेक्स रोबोट हनी डलको तुलनामा बढी प्रविधियुक्त छ । रोक्सीको हात समाउँदा अंग्रेजी भाषामा मलाई तिम्रो हात समाउँदा आनन्द आयो लगायत विभिन्न अंग समाउँदा विभिन्न किसिमको प्रतिक्रिया आउँछ । यौनसम्पर्कको गतिअनुसार रोबोटले निकाल्ने आवाज पनि फरक हुन्छ । यौनसाथीको सहयोगमा मात्र यताउता गर्न सक्ने रोक्सीभित्र ल्यापटप जडान गरिएको छ भने शरीरलाई संवेदनशील बनाइएको छ । रोक्सीको शरीरभित्र राखिएको स्पिकर अन्य खेलौनाको भन्दा स्पष्ट आवाज दिने किसिमको भएका कारण प्रयोगकर्ताले रोक्सीलाई रोबोटभन्दा पनि कुनै महिला सम्झिरहेको हुन्छ । वाइल्ड वेन्डी तथा फ्रिगिड फरा दुई नाममा आएको रोक्सि रोबोटको मूल्य ७ हजारदेखि ९ हजार डलर पर्ने र केही महिनापछि अनलाईनमार्फत् पनि खरिद गर्न सकिने यसको उत्पादक ट्रु कम्पनीले जनाएको छ ।

## निर्वस्त्र भए जन्मकैद



बेलायतको जल सेनाका अवकाश प्राप्त सैनिक स्टेफन गुचलाई निर्वस्त्र भएर हिंड्डुल गर्ने लहड चलेको वर्षौं भैसक्यो । सन् २००३ देखि निर्वस्त्र हिंड्डुल गर्न थालेका गुच करिब ७ वर्ष जेल परेका छन् । आचरण राम्रो भएका कारण रिहा भएपछि गुच फेरि निर्वस्त्र भएर हिंड्न थाल्छन् र प्रहरीले जेलको ढोकाबाटै उनलाई पक्राउ गरेर जेल चलान गर्छ । निर्वस्त्र भएर हिंडेको अभियोगमा पछिल्लो पटक १२ महिना जेल सजाय भोगेका गुच अदालतमा पनि निर्वस्त्र उपस्थित हुन खोजेका थिए । आफ्नो पक्षमा आफैं बहस गर्ने गुचको यो क्रियाकलापबाट न्यायाधीशहरू पनि आजित भए । हालै न्यायाधीशहरूले फेरि पनि निर्वस्त्र भएर हिंड्डुल गर्न खोजे उनलाई आजीवन काराबास गर्ने फैसला सुनाए । बेलायतको कानुनअनुसार कुनै पनि व्यक्तिले सार्वजनिक स्थलमा निर्वस्त्र हिंड्डुल गर्न पाउँदैनन् । अदालतले यदि उनले टाउजर लगाएर हिंड्न चाहे घरसम्म पुऱ्याउने व्यवस्था गरिदिने प्रस्तावसमेत राखेको थियो, तर ५० वर्षीय गुचले उक्त प्रस्ताव अस्वीकार गर्दै आफ्नो व्यक्तिगत स्वतन्त्रताका लागि जेल जान तयार रहेको बताए ।

## अन्त्यमा...




हवाईउडानमा हुन सक्ने आतंकवादी आक्रमण रोक्न अहिले पश्चिमी मुलुकहरूले यात्रुहरूको शरीरको स्क्यान गर्न थालेका छन् । पहिलो पटक ब्रिटेनले प्रारम्भ गरेको यो प्रविधिलाई जर्मनीको फ्र्यांकफर्ट विमानस्थलले पनि ल्याउने भएको छ । यो प्रविधि यात्रुको शरीरको सम्पूर्ण भागको निर्वस्त्र तस्बिर एक्सरेका रूपमा मनिटरमा देखिन्छ । द्रुत रूपमा हुने यो स्क्यानले समयको बचत हुनुका साथै शरीरको राम्रो जाँच हुने बताइन्छ । कुनै कोठामै बसेर गरिने यो स्क्यानले शरीरका संवेदनशील अंगहरू पनि देखाउँछ । यही कारणले अहिले हवाईयात्रुहरू आफ्नो गोपनियता भंग हुने आशंकामा यो प्रविधिको विरोधमा उत्रिएका छन् । फ्र्यांकफर्ट विमानस्थलले निकट भविष्यमा यो प्रविधि जडान गर्न लागेको विरोधमा जर्मनहरूले विमानस्थलमै विरोध प्रदर्शन गरेका छन् ।

नारीको माघ अंक



## सचित्र



हेल्लो, नेटवर्क छैन : मिस नेपाल जेनिशा मोक्तान जातीय पहिरनमा ल्होसार मनाउँदै । तस्विर : छिरिङ् लामा



कजरा रे, कजरा रे : हास्यअभिनेत्री दीपाश्री निरौला एउटा पार्टीमा नाच्दै ।



जुम्ल्याहाजस्तै देखिन्छन् र ? : भिजे सुरजसिंह ठकुरी तथा आरजे प्रसन स्याङ्देनका बीचमा समृद्धि राई ।



हेयरस्टाइल राम्रो बनाइदिएकोमा धन्यवाद : नायिका रेजिना उप्रेतीको म्वाइँ हेयरड्रेसरलाई ।

# अब घर घरमा चलचित्र





नेपाली चलचित्रका गुणस्तरको विषयमा मौन रहँदै आएको नेपाल चलचित्र कलाकार संघले राजधानीमा विचार गोष्ठी कार्यक्रम आयोजना गरेर चलचित्रको गुणस्तरको विषयमा कलाकार पनि संवेदनशील रहेको जानकारी दिन खोजेको छ । कार्यक्रममा चलचित्र क्षेत्रसँग सम्बन्धित विभिन्न संघसंस्थाका प्रतिनिधिले यस विषयमा चासो देखाएनन् मात्रै, संघका अध्यक्ष रमेश बुढाथोकीले चार पाना लामो कार्यपत्र नै प्रस्तुत गरे, 'नेपाली चलचित्र उद्योग : समस्या र समाधान' विषयमा । कार्यपत्र सुनेपछि धेरैजसोको आशय थियो, 'कार्यपत्र पूर्ण भएन ।' कतिले त मुखै फोरेर भने, 'चलचित्रकर्मीले केवल सरकारसँग मागे मात्रै आफैंले चाहिं केही गरेनन् ।' कार्यपत्रको आशय पनि त्यस्तै थियो ।

'सधैं सरकारले गरेन भनेर मात्र भएन, हामी आफैंलाई कमजोर मान्नु हुँदैन,' चलचित्रसंघका उपाध्यक्ष प्रदीप उदयले भने । चलचित्रकर्मीहरू चलखेलमा लागेको आरोप लगाउँदै उपाध्यक्ष उदयले निर्माता-निर्देशकले वितरकलाई दोष लगाउने शैलीको पनि आलोचना गरे । नेपाली निर्माताले चलचित्र नदिएकै कारण मोफसलका १ सयभन्दा बढी हल बन्द भएको जानकारी उनले दिए । त्यसो त निर्माता संघका अध्यक्ष अशोक शर्माले पनि सुरुमै आत्मालोचना गर्दै भने, 'हामी सरकारसँग माग्छौं तर आफैं केही गर्दैनौं, हामीले आत्मसमीक्षा गर्ने बेला आएको छ ।' 'नेपाली चलचित्र विदेशी बजारमा जान नसक्नुको कारण निर्देशककै कमजोरी हो,' उनले भने ।

अर्का निर्देशक नीर शाहले चलचित्रकर्मीले गरेका राम्रा-नराम्रा दुवै कामको समीक्षा गरेका थिए । चलचित्रकर्मी आत्मनिर्भर भएको भन्दै विशिष्ट श्रेणीको रोजगारी सिर्जना गर्न सकेकोमा गर्व गरे उनले, तर शाह नेपालको कला-संस्कृतिलाई चलचित्रले संरक्षण गर्न नसकेकोमा चिन्ता व्यक्त गर्न पनि पछि परेनन् । 'हामीले हाम्रो चलचित्रले कला र सस्कृति जोगायो भन्यौं भने हास्यास्पद तर्क हुनसक्छ, यो काम हामीले गर्न सकेका छैनौं,' उनले भने ।

सरकारले हिन्दी चलचित्रलाई स्थान दिएकोमा रुष्ट देखिएका निर्देशक यादव खरेलले त हाकाहाकी भने- 'सरकारले हिन्दी चलचित्रलाई रातो कार्पेट ओछ्याएर स्वागत गरेको छ, यस्तो असमान प्रतिस्पर्धा गर्नु हुँदैन ।' गीतकार चेतन कार्कीले संघीयताको नाममा राजनैतिक दलहरूले देश टुक्र्याउन लागेको आरोप लगाउँदै सरकारसँग हात फैलाउनु मात्र समस्याको समाधान होइन भने । कार्यक्रमका प्रमुख अतिथि सूचना तथा सञ्चारमन्त्री शंकर पोखरेलले सरकारले सधैं नेपाली चलचित्रको हितमा काम गरेको धारणा व्यक्त गर्दै 'डिटिएच' प्रणालीलाई मन्त्रालयले स्वीकृत दिएको जानकारी दिए- 'अब हामी घरघरमा चलचित्रको अवधारणा ल्याउँदैछौं ।' मन्त्री पोखरेल चलचित्रकर्मीको प्रशंसा गर्न पनि पछि परेनन् । चलचित्रकर्मीकै कारण नेपाली चलचित्रको विकास भएको बताउँदै उनले भने, 'यो क्षेत्रको विकास तपाईंहरूबाटै हुनुपर्छ ।'





### कसले के भने ?

डिजटल प्रविधिको विकासले केही प्राविधिकलाई बेरोजगार बनाउन सक्छ, त्यस्तो हुन दिनु हुँदैन, सरकारले पुराना प्राविधिकलाई प्रशिक्षणको व्यवस्था गर्नुपर्छ ।

**गौरी मल्ल, अभिनेत्री**

हामी चलचित्रकर्मीभन्दा बढी राजनीतिज्ञ भएका छौं, यस्तो परिपाटी त्याग्नुपर्छ ।

**केशव भट्टराई, निर्माता/निर्देशक**

प्रविधि मात्र राम्रो भएर हुँदैन, राम्रो चलचित्र बन्न विचार राम्रो हुनुपर्छ, संस्कृतिको क्षेत्रमा विदेशी अतिक्रमण बढ्दो छ, यो राम्रो होइन ।

**निखिल उप्रेती ,अभिनेता**

०२८ सालदेखि यस्तै कार्यक्रम गर्दै आएका छौं, तर उपलब्धि हात परेको अनुभूति छैन । विदेशी चलचित्रसँग नेपाली चलचित्रको प्रतिस्पर्धा असमान छ ।

**यादव खरेल, निर्देशक**

चलचित्रमा लागेर हामीले किन सामाजिक प्रतिष्ठा आर्जन गर्न सकेनौं, सोच्नुपर्ने बेला आएको छ ।

**नीर शाह, निर्देशक**

पछिल्लो समय चलचित्र विकास बोर्डमा राजनैतिक नियुक्ति हुन थालेको छ, चलचित्रका बारेमा ज्ञान नभएकालाई पदमा पुऱ्याएपछि चलचित्रको गति रोकिएको छ ।

**मोहन निरौला, कलाकार**




SAVE गरौं वातावरण कान्तिपुरसँग



कान्तिपुर तथा THE KATHMANDU POST



को वार्षिक ग्राहक भएबापत्
२ वटा सि.एफ.एल. चिम निःशुल्क प्राप्त
गर्नुहोस् । साथै हरेक साता लक्की ड्रबाट चार जनालाई इन्भर्टर ।
(सि.एफ.एल. चिममा १८ महिनाको वारेन्टी)

बिस्तृत जानकारीका लागि सम्पर्क :
कान्तिपुर पब्लिकेसन्स् (प्रा.) लि.
सुविधानगर, काठमाडौं, फोनः ०१-४४८०१००, ०१-४४८०२००
एक्स्टेन्सनः १२१६/१२१८, मोबाइलः ९८५१०७६२४१, ९८५१०५५७०३, ९८४१४१७०२२, ९८४११६६७८४
अथवा नजिकको स्टेसनरी पसलमा सम्पर्क गर्नुहोला ।

*सि.एफ.एल. तथा इन्भर्टर तस्बिरमा देखाइएको भन्दा फरक हुन सक्छ ।
यो योजना नेपाल अधिराज्यभर चैत्र मसान्तसम्म लागू हुनेछ ।

# पोखरा तात्यो जोस कन्सर्टले



पोखरा- धेरै दिनदेखि पोखरेली तन्नेरीले कन्सर्टको मज्जा लिन पाएका थिएनन् । मौसम उतिसारो नखुलेकाले जाडोले मुटु कमाइरहेको थियो धेरैलाई । कन्सर्ट सुन्न आतुर दर्शकलाई स्टेजतर्फ आकर्षित गर्न उद्घोषकद्वय दिनेश डिसी र आयुष श्रेष्ठ प्रकट भए ।

कस्तो छ पोखरा भन्दै गायिका रेश्मा सुनवार स्टेजमा झुल्किएपछि सुरु भयो– जोस कन्सर्ट । वनपिस ड्रेसमा देखा परेकी रेश्माले आफ्नो चर्चित गीत 'मै ठूली भइछु रे' घन्काएपछि चिसो- चिसो मौसममा जाडो खाँदै बसेका दर्शक एकाएक तात्तिए । वन्स मोर भन्दै दर्शक ठेलमठेल गरेपछि कन्सर्टको वातावरण रन्किन पुग्यो । रेश्माले यसका अतिरिक्त आधा दर्जन लोकप्रिय गीत गाएर दर्शक उचालेकी थिइन ।

फ्रेन्चकट दाह्री पालेका सुगम पोखरेल स्टेजमा आएपछि दर्शक अझ उत्तेजित भए । सुगमले स्कुल पाठशाला, फेरि त्यो दिन, जाँदैछु टाढा गरी एक दर्जन गीत प्रस्तुत गर्दा दर्शकहरू पसिनाले निथ्रुक्क भैसकेका थिए ।

गायक सोभित बस्यालले कुन दूरी मेरो पोखरा आदि गीत सुनाए । त्यस्तै नेत्र गुरुङ र तन्त्र ब्यान्डको प्रस्तुति पनि रोचक रह्यो । कन्सर्टलाई राजेन्द्र नेपाली र युवराज भण्डारीको ठट्यौलीले रमाइलो बनाएको थियो । करिब तीन घण्टा चलेको कन्सर्टको मादकताले माघको चिसो बिर्साएको थियो ।



# राउटेले गाए देशभक्ति गीत

दैलेख- 'कालापानी हाम्रै हो दाजै, सुस्ता हाम्रै हो, तिनाउखोला वनवासा हिंड्यो, त्यो पनि हाम्रै हो', जंगली फिरन्ते राउटे समुदायका युवा प्रकाशले मञ्चमा मज्जाले गाए । राउटेले पनि नेपाली गीत गाउने रहेछन् र त्यो पनि राष्ट्रभक्तीका गीत । प्रथम दैलेख महोत्सवमा उपस्थित दर्शकहरूलाई उद्घोषणसँगै हँसाएर मनोरञ्जन दिइरहेका हास्यकलाकार कमल गाउँलेले पनि आँखै नझिम्काई हेरे । उनले जीवनमा राउटेले नाचेको त सुनेका थिए, तर स्टेजमा नेपालीमा गीत गाएको सुनेका थिएनन् । राउटेले स्टेजमा उभिएर नेपाली गीत गाएको यो पहिलो घटना हो ।

दैलेख महोत्सवका अवसरमा परम्परागत लहरे पैंसेरु देखाउन मञ्चमा आएका दुई दर्जन राउटेमध्ये प्रकाश शाहीले राउटे व्यवस्थापनका संयोजकहरूसँग आफूलाई पनि गीत गाउन नदिन अनुरोध गरेपछि उनलाई परीक्षणका लागि एकान्तमा लिएर गीत गाउन लगाइएको थियो ।

'सुस्ता हाम्रै हो दाजै, कालापानी हाम्रै हो' गीतसँगै वृद्ध राउटे वीरबहादुरले बजाएको मादलको तालमा प्रकाशले रेशम फिरिरी, सिन्धुलीगढी घुमेर हेर्दा आदि गीत गाएपछि दर्शकहरूले ताली बजाएर उनीहरूले हौसला बढाए । त्यसो त उनीहरू दसैं-तिहारमा मात्र आफ्नै भाषाको गीत गाउँछन् ।

**– हरिहरसिंह राठौर**

# नवीन बने लोकतारा



स्याङ्जा- कार्यक्रम सञ्चालक डार्विन लम्सालले जब स्याङ्जा लोकतारामा नवीन गायकको नाम घोषणा गरे, तब दर्शकदीर्घाबाट लामो ताली बज्यो । दर्शक उत्साहित भए भने नवीन अलमलमा परे । केही ढिला गरी स्टेजमा पुगेका लम्साललाई आफू लोकतारा घोषित भएको पत्यारै लागेन । उनले भने, 'म एकदम खुसी छु ।' उनी के बोल्ने र आफूले खुसीलाई कुन शब्दमा व्यक्त गर्ने भन्ने दोधार थिए । उनले भने, 'अरू के भन्ने ?' उनी पेसाले सवारीचालक हुन् । उनको पेसाका विषयमा थुप्रै गीत रचिएका छन् । ती गितलाई माध्यम बनाएर कतिपयले उनलाई जिस्काउँछन् पनि, तर त्यो पेसाबाट उनी केही दिन विश्राम लिएर लोकतारा बन्ने धुनमा सदरमुकाम आएका थिए ।

नवीनलाई आफू लोकतारा बन्छु भन्ने लागेको थिएन । स्याङ्जा सदरमुकाम पुतलीबजारबाट सतौंभण्डिसम्मको गाडी हाँक्ने यी २१ वर्षीय युवकले स्याङ्जा उद्योग वाणिज्य संघले आयोजना गरेको लोकतारा प्रतियोगिता जितेका हुन् । सानैदेखि गाउन मन पराउने नवीनलाई सुनपानीले छर्क मायालु गीत निकै मन पर्छ । रेडियोमा प्रचार सुनेर लोकतारामा नाम दर्ता गरेका लम्साललाई अरू कलाकारझैं गीतिसंग्रह निकाल्ने धोको छ ।

विजेता बनेर २० हजार जितेका लम्सालले खुसी हुँदै भने- 'मेरो भविष्य गायकमा छ जस्तो लागेको छ ।' उनीजस्तै कलाकारितामा भविष्य देख्न थालेका छन् उपविजेता रेशमराज अर्यालले पनि । १० हजार हात पार्न सफल अर्याल १६ वर्षका छन् । प्रतियोगितामासुन्दर परियार र विमल परियार तेस्रो भएका थिए ।

**– वसन्ती बाँस्तोला**



# घलेले मनाए ल्होसार

**साप्ताहिक समाचार**

काठमाडौं- बाजागाजासहितको झाँकी महाराजगन्जस्थित शंखपार्कमा प्रवेश गऱ्यो । घले पहिरनमा सजिएका युवा-युवती तथा बालबालिकाको लस्कर शंखपार्क प्रवेश गरेपछि त्यहाँ रहेका एक वृद्धले सबैलाई टीका लगाइदिँदै खादा ओढाएर आशीर्वाद दिए । त्यो अवसर घले ल्होसारको थियो । गत माघ १ गते घलेहरूले भव्य कार्यक्रमसहित ल्होसार (नयाँ वर्ष) मनाए । घले जातिको मान्यता अनुसार हरेक मकर संक्रान्तिका दिन वर्ग परिवर्तन हुने हुनाले यो वर्ष गाई वर्ग पूरा भएर बाघ वर्ग सुरु भएको छ । आधुनिकताले गाँजेको समाजमा जातीय संस्कृति र परम्परा मासिँदै गएको सन्दर्भमा आफ्नो संस्कृति जोगाउन भए पनि हरेक वर्ष राजधानीमा रहेका घलेहरूले ल्होसार मनाउने गरेको आयोजकहरूले बताए । कार्यक्रममा घले जातिको नाचगान तथा खानपिनमा घलेहरू मात्र होइन अन्य आमन्त्रितहरू समेत सहभागी थिए । कार्यक्रमको आयोजना लील फङ्ग (घले समाज) ले गरेको थियो ।

# सोनाम ल्होसारको रन्को



**भीषण राई**

धरान- चाडबाडमा रमाउन कसलाई पो मन हुँदैन ? अरूको चाडबाडमा पनि त्यत्तिकै रमाउने नेपाली जाति । आफ्नै चाडबाडमा किन रमाउँदैन र ?

शनिबार सोनम ल्लोसार (नयाँ वर्ष) मान्न धरानका सबै तामाङ बन्धु एकै ठाउँमा भेला भए । नयाँ वर्षले यसपल्ट पनि उनीहरूलाई पूरै छोयो । धरानस्थित सभाहलमा सम्पूर्ण तामाङ बन्धु भेला भएर नयाँ वर्षको शुभकामना आदान-प्रदान गरे । त्यो पनि पहिलेजस्तो नभै सांगीतक कार्यक्रमसहित ।

युवतीहरूले पोसाकमा स्यामा, के, आङेर लगाएका थिए भने टीका, माला र ठेङ्गा मालाले उनीहरू धपक्कै बलेका थिए । उता पुरुष पनि दौरा-सुरुवाल, खेम्जो र तागेमा सजिएका थिए । नयाँ वर्षमा रमाइलो गर्न उनीहरू जातीय पोसाकमा कार्यक्रमस्थलमा आएका थिए ।

धरानमा रहेका सबै तामाङ बन्धु जातीय पोसाकसहित नयाँ वर्ष मनाउन आएकाले होला, नेपाल तामाङ घेदुङ धरान नगर समितिका अध्यक्ष जयबहादुर मोक्तान मख्ख देखिन्थे । कार्यक्रममा उनी तामाङ सेलो अन्य लोकभाकामा गाउँले भाका टिप्दै फनफनी घुम्दै नाचे ।

दिउँसो तीन बजे प्रारम्भ भएको सांगीतिक कार्यक्रममा युनाइटेड मल्टिआर्टसका कलाकारले प्रस्तुत गरेको तामाङ सेलोमा सबैले ताली बजाउँदै साथ दिएका थिए । सेन्टरले प्रस्तुत गरेको मारुनी नृत्य र अन्य फिल्मी नृत्यले पनि उपस्थित सबैलाई मनोरञ्जन प्रदान गरेको थियो ।

नेपाल तामाङ घेदुङ धरान नगर समितिको आयोजनामा सञ्चालित सोनम ल्लोसार बेलुकी छ बजेसम्म चलेको थियो ।

# माघे संक्रान्तिमा दोहोरी प्रतियोगिता



धरान- महेन्द्र बहुमुखी क्याम्पस धरानको प्राङ्गणको स्वरूप अर्कै थियो । महान् चाड दुईदिने उत्सव माघे संक्रान्ति मनाउन सिंगारिएको तुल, ब्यानर र स्टलहरूले पनि खाली चौरको रूप फेरिएको थियो । पूरै सजाइएको चौरमा आफ्नै वेशभूषामा सजिएका मगर युवायुवतीको उपस्थित बाक्लै थियो ।

शुक्रबार धरानलगायत इटहरी र पाँचकन्याबाट सयौंको संख्यामा भेला भएका मगरहरू हुर्रा मात्र नाचेनन्, थुप्रै मौलिक नृत्य पनि प्रस्तुत गरे । कार्यक्रममा कौडा, सोरठी, हुर्रा, घाटु र रोइला नृत्य पनि प्रस्तुत गरेका थिए । नाच स्थलछेवैमा जातीय परिकारहरू पनि राखिएकाले त्यहाँ मगर स्वाद चाख्नेहरू पनि ब्रगेल्ती देखिन्थे ।

महिलाले रातो छिटको गुन्यू, लुङ्गी, चोली, पहेलो पटुकी तथा घलेक पहिरिएका थिए भने कम्मरमा आँसी (खुर्पा) भिरेका थिए । गहनामा पहेलो पुवाँलो, हरियो पोते र कम्पनी ढ्याक लगाएका थिए । पुरुषहरूले पनि कछाड, भोटो, पटुकी, इष्टकोट लगाएका थिए ।

माघे संक्रान्ति उत्सवमा विभिन्न खेल पनि खेलिएको थियो । छेलो हान्ने प्रतियोगितामा धरान-१५ का मनोज लिम्बू पहिलो, धरान-१० का किरण राई दोस्रो र धरान-१० का निर्मल मगर तेस्रो भएका थिए । गुलेली प्रतियोगितामा धरान-१६ का हितबहादुर रानामगरले पुरस्कार जिते । टोपी लुकाइमा सोहेल रानामगर, सेलोन रानामगर र ग्रीष्म रानामगर टप ३ मा रहन सफल भए ।

नेपाल मगर सांस्कृतिक संघ तथा मगर सांस्कृतिक परिवारबीचको दोहोरी पनि खुबै जमेको थियो । कार्यक्रममा मगर जातिका परिकारका स्टल राखिएका थिए भने बाँसको लिङ्गे पिङ पनि गाडिएको थियो ।

## सिक्लेसमा मेलाको रौनक

पोखरा- पोखराबाट सात घण्टाको दूरीमा रहेको कास्कीको पर्यटकीय गाउँमा लागेको मेलामा स्वदेशी तथा विदेशीहरूको भीड लागेको छ। नेपालकै ठूलो गुरुङ बस्तीका रूपमा चिनिने सिक्लेसमा हरेक वर्षको माघ महिना सुरु भएपछि मेला लाग्छ। मेलाका लागि गाउँबाट विदेश गएकाहरू पनि फर्कन्छन्। यतिबेला गाउँमा बेग्लै रौनक छाउँछ। विगत १२ वर्षदेखि सिक्लेस युवा क्लबको पहलमा गाउँमा लाग्दै आएको मेलामा स्थानीय गुरुङ संस्कृतिले जोसुकैलाई भुतुक्कै बनाउँछ। जातीय पहिरनमा सजिएका गुरुङहरू मेला अवधिभर पाहुनाको स्वागत सत्कारमा खटिन्छ।

नजिकै देखिने लमजुङ हिमालको दृश्यले मेलामा रौनक थपेको छ। त्यस्तै विविध सांस्कृतिक कार्यक्रमले पाहुनाहरूलाई मनोरञ्जन दिइरहेको छ। मेलामा हराउँदै गएको छेलो हान्ने खेलले धेरैलाई लोभ्याएको छ। हरेक वर्ष मेलाको अवसमार छेलो हान्न बेलायती सेनामा भर्ती भएका युवाहरू पनि आउँछन्। छेलो हानेको हेर्न स्वदेशी तथा विदेशीहरू मरिहत्ते गर्छन्। त्यस्तै मेलामा भलिबल र बास्केटबलले पनि मनोरञ्जन प्रदान गरेको छ। मेलामा १ सय ८२ किसिमका चराको आवाज निकाल्ने गौतम सापकोटा पनि प्रमुख आकर्षण बने। उनले विभिन्न चराको आवाज निकाल्दा गाउँलेहरू दंग परेका थिए।

**–शिव शर्मा**

# तीनदिने रुरु मेला सम्पन्न



पाल्पा– गुल्मी, पाल्पा र स्याङ्जाको संगम स्थल पर्छ रुरुक्षेत्र। पाल्पा र गुल्मीको सिमाना बगरमा मेला लाग्छ। यही मेलामा यस भेगका लाखौं श्रद्धालु पुग्छन्। माघे संक्रान्तिमा यो बगरको आकर्षण बेग्लै हुन्छ। रुरु क्षेत्रमा विगतमा तीन दिन मात्र मेला लाग्ने गरे पनि यसपटक भने पाँच दिनसम्म मेला लाग्यो। विगतमा भन्दा दोब्बर श्रद्धालुको भीडले यो बगर रातम्मे बन्यो। व्यापार गर्नेहरूको पनि कम्ती भीड थिएन। पहिलो दिनको भीडले होला, दोस्रो-तेस्रो दिन पुगेकाहरूले सामान किन्नै नपाई फर्कनुपरेको थियो।

तीन जिल्लाको संगमस्थल कालीगण्डकी नदीमा नुहाएर पाल्पातर्फ रहेको ऋषिकेशव मन्दिरमा पुजा गर्‍यो भने मनले चिताएको पुग्ने जनविश्वासका कारण यहाँ बर्सेनि माघेसंक्रान्तिमा मेला लाग्छ। यो मेलाले औद्योगिक, व्यापारिक, सांस्कृतिक, पर्यटन, कृषि उत्पादनलाई टेवासमेत पुग्ने गरेको छ। रुरु क्षेत्रको धार्मिक तथा सांस्कृतिक महत्त्वका सम्बन्धमा पहिचान गराउन यो मेला महत्त्वपूर्ण हुने स्थानीय बासिन्दा बताउँछन्।

सोह्रौं शताब्दीका राजा मणिमुकुन्द सेनले कालीगण्डकीमा स्नान गर्दा भगवान ऋषिकेशवको मूर्ति फेला परेको र सोही मूर्तिलाई प्रतिष्ठापन गरेको भन्ने किवंदन्ती रहिआएको छ। मेला भर्न जानेहरूलाई अर्गली गाविस पाल्पा र रुरु फ्रेन्ड्स क्लब गुल्मीले सांस्कृतिक कार्यक्रम आयोजना गरेका थिए। राष्ट्रिय स्तरमा ख्याति कमाएका लोक तथा आधुनिक गीतका कलाकारको प्रस्तुतिले मेलालाई थप आकर्षक बनायो। आफूले मन पर्ने एकसे एक कलाकाको जमघटले होला, सांस्कृतिक कार्यक्रममा दर्शकको रौनक बेग्लै रह्यो।

**–माधव अर्याल**

## राजधानी कलिङ

**साप्ताहिक समाचार**

काठमाडौं– लामो समयदेखि आयोजना हुँदै आएको मिस्टर एन्ड मिस राजधानी-२०१० को चहलपहल प्रारम्भ भएको छ। द एरो मोडलिङ एजेन्सीका कोरियोग्राफर सिद्धान्त घिमिरे कोरियोग्राफीकै विषयमा उच्च शिक्षा हासिल गर्न बेलायत प्रस्थान गरेपनि पूर्व मिस्टर राजधानी दिनेश शाहीको नेतृत्वमा यो प्रतियोगिता हुन लागेको हो। आगामी चैतको पहिलो साता राजधानीमा हुने प्रतियोगिताका लागि प्रतिस्पर्धिको छनौट प्रारम्भ भैसकेको छ। यसवर्षको प्रतियोगिताको कोरियोग्राफी २००५ मा मिस्टर राजधानी शाही तथा २००९ की मिस राजधानी चाँदनी लामिछानेले संयुक्त रूपमा गर्नेछन्। प्रतियोगिताको निर्णायक चरणमा सहभागी हुने २०-२० जना महिला तथा पुरुष मोडलहरूलाई रविभवनस्थित इशानी क्लबमा प्रशिक्षणमा सहभागी गराइनेछ। जमलस्थित सांस्कृतिक संस्थानमा हुने निर्णायक प्रतियोगिताअघि प्रतियोगिलाई ट्यालेन्ट शोमा पनि सहभागी गराइनेछ।

## हेटौंडामा सानो परी



**साप्ताहिक समाचार**

काठमाडौं– सात वर्षदेखि १२ वर्ष उमेर समूहका बालबालिकाहरू हेटौंडामा आयोजना हुने सानो परी एन्ड सानो बाबु हेटौंडा- २०६६ मा सहभागी हुँदैछन्। जित हाम्रो प्रालिले आयोजना गर्न लागेको यो प्रतियोगितामा सहभागी हुने बालबालिकाहरू गत पुस २१ गतेदेखि प्रशिक्षणमा व्यस्त छन्। माघ महिनाको अन्तिम साता हुने निर्णायक प्रतियोगिताअघि बालबालिकालाई ट्यालेन्ट शोमा समेत सहभागी गराइनेछ। कोरियोग्राफर सुशील दाहालका अनुसार यो बालसौन्दर्य तथा प्रतिभा प्रस्फुटन प्रतियोगितामा तीन दर्जन बालबालिकाले भाग लिएका छन्।

# गाउँमा रमाइलो



झापा- गौरादह क्याम्पसको भवनमा सायद योभन्दा पहिले यतिका धेरै मानिस भेला भएका थिएनन्। भीडलाई क्याम्पसको प्रांगणमा आकर्षण गर्ने मुख्य व्यक्ति थिए सीताराम कट्‌ल (धुर्मस) र उनको कलाकार टोली। हरेक शनिबार टेलिभिजनमा हेर्न पाइने धुर्मसलाई हेर्न यतिका मान्छे किन आए त ? त्यसको कारण थियो। धुर्मुस यही गौरादह गाउँका, अर्थात् उसको बाल्यकाल यहीं बितेको मात्र होइन, अहिले पनि उसको घर गौरादह नै हो।

'टेलिभिजनमा देखेको मान्छे साँच्चै हेर्दाचाहिं कस्तो रहेछ भनेर' महारानीझोडा-७ घर भएकी ५५ वर्षीय मनमाया कार्कीले भनिन्, 'टिभिमा नराम्रो धुर्मुसे आँखैअगाडि हेर्दा त राम्रो पो रहेछ।'

रेडक्रस उपशाखा गौरादहको भवन बनाउन पदाधिकारीहरूले आग्रह गरेपछि कार्यक्रमको चाँजोपाँजो धुर्मुसले मिलाएको कार्यक्रम संयोजक यादव अधिकारीले जानकारी दिए। कलाकार जुटाउनेदेखि प्रस्तुतिको सबै जिम्मा उनैले लिएको अधिकारीले बताए। 'सीतारामको घर पनि गौरादह भएकाले उहाँलाई हामीले अतिथिका रूपमा होइन, आयोजक नै मानेका छौं,' अधिकारीले भने। सीताराम कट्‌ल (धुर्मस) ले कार्यक्रममा आफ्नो पारिश्रमिक पनि लिएनन्।

शुक्रबार माइमेलामा दर्शकहरूलाई मनोरञ्जन गराएर शनिबार गौरादह झरेका उनीहरूलाई दर्शकहरूले साँझ परुन्जेल साथ दिइरहे। कठ्याङ्ग्रिने जाडोको बेवास्ता गर्दै बालकदेखि वृद्ध दर्शकहरू मेरी बास्सै र जीरे खुर्सानीका कलाकारको प्रस्तुति देखेर पेट मिचीमिची हाँसेनन् मात्र, मिलन लामा, राधिका हमाल तथा रोज मोक्तानजस्ता कलाकारको गीतमा छमछमी नाचे पनि।

कार्यक्रममा जितु नेपाल (मुन्द्रे), किरण केसी तथा शिवहरि पौडेलले नेपाललाई बिरामी देशको संज्ञा दिएर नेतारूपी डाक्टरले उपचार गर्न नसकेको, धुर्मुस, माग्नेबूढा र सुन्तलीले गणतन्त्र जन्माएको जस्ता व्यङ्ग्यात्मक प्रस्तुतिमार्फत नेपाली राजनीतिको विकृति र पूरा हुन नसकेका जनताका अपेक्षाहरूलाई सजीव रूपमा प्रस्तुत गरेका थिए।

**चेतन अधिकारी**

# रमझम साथ सकियो महोत्सव




धरानमा दसदिने पूर्वाञ्चल क्षेत्रीय महोत्सव शनिबार सम्पन्न भएको छ। धरानको खानेपानी समस्या हल गर्ने उद्देश्यले आयोजित महोत्सव पब्लिक उच्च माविको खेल मैदान २२ पुसदेखि २ माघसम्म चलेको थियो। उद्योग-वाणिज्य महासंघ तथा उद्योग-वाणिज्य संघ सुनसरीको आयोजनामा सञ्चालित क्षेत्रीय महोत्सवमा पूर्वाञ्चलका सोह्रै जिल्लाबाट प्रदर्शनी अवलोकन, किनमेल एवं सांस्कृतिक कार्यक्रममा रमाउन १ लाख भन्दा बढी दर्शक आएका थिए भने महोत्सवमा ५ करोडभन्दा बढीको कारोबार भएको थियो। पूर्वाञ्चलकै आर्थिक तथा सामाजिक उत्थानका लागि उद्योग ब्यापार, सूचना, शिक्षा, स्वास्थ्य, कला-संस्कृति, कृषि, पर्यटनजस्ता विविध क्षेत्रको प्रवर्द्धनमा सहयोग पुर्‍याउने उद्देश्यसहित आयोजित प्रदर्शनीमा औद्योगिक उत्पादन, कृषि, हस्तकला, गार्मेन्ट, घरेलु तथा महिला उद्यम आदिका सय स्टल राखिएका थिए।

महोत्सवको दसै दिन राष्ट्रिय स्तरका डेढ दर्जन कलाकारको प्रस्तुतिले प्रदर्शनीलाई जीवन्त तुल्याएको थियो। कार्यक्रममा हास्यकलाकार जिरे खुर्सानीका शिवहरी पौडेल (मुखमा हान्नु जस्तो), किरण केसी (राता मकै) तथा जितु नेपाल (मुन्द्रे) ले दर्शकहरूलाई हँसाएका थिए। मनोज गजुरेलको समसामयिक राजनैतिक व्यंग्य पनि चोटिलो थियो। गायक धीरज राई, भुवन सुप्तिहाङ, एपी शेर्पा, मिङ्मा शेर्पा, हिमाल सागर, तिलक बम मल्ल, सपन श्रेष्ठ तथा गंगा वरदानले आफ्ना चर्चित गीतहरू प्रस्तुत गरेका थिए। स्थानीय कलाकार रमेश वोखिम, कृष्णराजा श्रेष्ठ, रमेश फोम्बो तथा नवराज बस्नेतको प्रस्तुति पनि आकर्षक रह्यो।

धरानका स्थानीय डान्स सेन्टरको प्रस्तुतिले पनि महोत्सवमा दर्शक तान्न महत्वपूर्ण भूमिका खेलेको थियो। गरिमा, युनाइटेड मल्टी आर्टस, देवश्री तथा उज्ज्वल डान्स सेन्टरहरूले महोत्सवभरि नै आकर्षक नृत्यको बाढी नै लगाएका थिए। महोत्सवमा विभिन्न जातिका जातिय परिकारको पनि व्यवस्था थियो।

Language/Computer
TOEFL/IELTS (Free Books, CDs, Lab Practics, Weekly Tests)
Language: English, Chinese, French, German, Korean, Hebrew, Japanese, Spanish, Italian & Others
बिशेष व्यवस्था: विदेश जाने र जान्दै नजान्नेहरुका लागि
Computer: Hardware & Networking
Basic, Graphics, WebPage, Office Package, Q-Basic, C, C++, Access Programming, Account (Tally, Fact, Tata)
Osish Language & Computer Center (OLC)
New Baneshwor (Opp. BICC पानी ट्याङ्की): Tel: 4483414 | New Baneshwor Chowk (Opp. New Baneshwor Dept. store): Tel: 4785226 | Adwait Marg (Bagbazar): Tel: 4232866 | Lagankhel (Bus Park): Tel: 5004018

जग्गा नापी सम्बन्धि तालिम
जग्गा नाप जाँच, नापी नक्सा अध्ययन, टायल चेक, कित्ता काट मिचिएको जग्गा पत्ता लगाउने, जग्गा फिल्डमा गएर समेत नाप्न सिक्ने
तालिम शुरु मिति २०६६ माघ ११,१४
सम्पर्क: नेपाल टेक्निकल, डिल्लीबजार
NTEA तालिम शुल्क रु ३०००
फोन नं. ४४२३४९३, अवधि १० दिन
Mobile: 9849258843

नेपाल सरकारबाट मान्यता प्राप्त होटल तालिम
केवल ५ तारे होटलका प्रशिक्षकद्वारा प्रशिक्षण गराईने कुक, वेटर, बारम्यान, हाउसकिपिङ्ग साथै जापानिज र अंग्रेजी भाषाका कक्षाहरू,
- होटलमा तालिम सिक्नेहरूका लागि ल्याङ्ग्वेज सित्तैमा
- तुरुन्तै विदेश जानेहरूका लागी स्पेशल कोर्ष
- गुणस्तरमा हाम्रो प्रतिबद्धता
- प्राक्टीकल मात्रै भन्नुहोस् हामी दिनेछौं।
त्रिवेणी होटल मेनेजमेन्ट ट्रेनिङ्ग सेन्टर प्रा. लि.
मैतिदेवी ☎ ४४१६५१८, ९८४९४६६६१४

SECRETARIAL TRAINING
Secretarial Training: 2 months
Job Placement for deserving candidates
English Language: 2 months
Admission Open
SAI SECRETARIAL TRAINING INSTITUTE
Head Office (Day Class): Old Baneshwor, Mob.: 9841398131
Branch Office (Morning Class): Kalanki (Nepal Net), Tel: 4283824 Mob.: 9849080427

नि:शुल्क होटल तालिम
वेटर/वेट्रेस
☞ प्राक्टिकलको अबधिमा दैनिक रु २०० देखि ४०० सम्म भत्ताको व्यवस्था।
☞ उत्कृष्टलाई ८ देखि १० हजार सम्मको जागिरको व्यवस्था।
☞ विदेश जानेहरुकालागि होटल सम्बन्धी सम्पूर्ण स्पेशल कोर्षको व्यवस्था।
Wisdom Hotel Training Center
Kalimati Chowk
Ph. 01-6223587, 01-4277104

ब्यूटीसियन तालिममा नि : शुल्क भर्ना खुल्यो
बिगत १३ बर्षदेखि देशभर १२ वटा शाखाहरुबाट बिदेशमा तालिम लिएका बरिष्ठ ब्युटिसियनहरुद्वारा आधुनिक र अन्तराष्ट्रियस्तरको कोर्षमा, Basic, Advance, Diploma, Beautician Teachers Training, Hair Dressing / Special Short Course र अन्य विविध कोर्षका सिमित सिटमा रोजगारीको अवसर सहित भर्ना खुल्यो।
* * * * * * * * * * * * * * * * *
नोट : यू. के., अमेरीका, अष्ट्रेलीया, यूरोप, तथा अन्य देशहरुमा स्टुडेण्ट तथा अन्य भिषामा जानेहरुका लागि विशेष कोर्ष संचालन भईरहेका छन्।
ITC प्रशिक्षण केन्द्र : बुटवल ०७१-२०२३१३, जावलाखेल चोक २०८२६४१, नारायणगढ ०५६-५३२७५५, पोखरा ०६१-६२२०९५, नयाँबानेश्वर २०४२६५२, डिल्लीबजार हुलाक अगाडी ४४१३९५८, कोटेश्वरचोक २०८१६७०, कलंकीचोक २१९०२१८, ठमेल चोक २१९०८००, गोंगबुचोक २०८११०९, चावहिल चोक ४४९३३६१, लगनखेल बसपार्क २१२२४४८



तस्बिर : साइबरसंसार डटकम

# स्टाइलिस बुटको मौसम

आफ्नो व्यक्तित्वमा ग्ल्यामरस लुक दिन रुचाउने फेसनेबल किसोरीहरूलाई जाडो मौसम त्यति मन पर्दैन, तर पनि आफूलाई स्टाइल र फेसनका सम्बन्धमा अरूभन्दा एक कदम अगाडि राख्न रुचाउनेहरूका लागि जाडो मौसममा पनि खाने मुखलाई जुँगाले छेक्दैन भनेजस्तै हुन्छ । विभिन्न डिजाइन, रंग र लम्बाइमा उपलब्ध बुट उनीहरूको रोजाइमा पर्ने गरेको पाइन्छ। कतिपयले बुटलाई आफ्नो व्यक्तित्व, स्टाइलिस लुकका साथै सेक्स अपिलसित पनि जोडेर हेर्छन्। बलिउडका प्रायः चलचित्रमा नायिकालाई ग्ल्यामरस रुपमा प्रस्तुत गर्न बुटकै सहायता लिइएको पाइन्छ।

बन्दनालाई जाडो मौसम त्यति प्यारो लाग्दैन तर पनि ट्रेन्च कोटका साथमा काल्फ लेन्थ बुट लगाएर ठाँटिन पाउँदा उनी आफूलाई स्टाइलिस महसुस गर्छिन् । सुप्रियाको विचारमा लङ लेगिङमाथि क्लासिक डेनिम स्कर्ट र हाइ-हिल एङ्कल लेन्थ बुटको जोडा मिलाएर लगाउँदा उनी सेक्सी देखिन्छिन् । मौसमीको विचारमा भने उनी स्किन टाइट जिन्सलाई काल्फ लेन्थ बुटमा टक इन गरेर (भित्र राखेर) लगाउँदा स्मार्ट देखिन्छिन् ।

आफ्नो व्यक्तित्वमा ग्ल्यामरस लुक दिन रुचाउने फेसनेबल किसोरीहरूलाई जाडो मौसम त्यति मन पर्दैन, तर पनि आफूलाई स्टाइल र फेसनका सम्बन्धमा अरूभन्दा एक कदम अगाडि राख्न रुचाउनेहरूका लागि जाडो मौसम खाने मुखलाई जुँगाले छेक्दैन भने जस्तै हुन्छ । विभिन्न डिजाइन, रंग र लम्बाइमा उपलब्ध बुट उनीहरूको रोजाइमा पर्ने गरेको पाइन्छ । कतिपयले बुटलाई आफ्नो व्यक्तित्व, स्टाइलिस लुकका साथै सेक्स अपिलसित पनि जोडेर हेर्छन् । बलिउडका प्रायः चलचित्रमा नायिकालाई ग्ल्यामरस रूपमा प्रस्तुत गर्न बुटकै सहायता लिइएको पाइन्छ । विशेषतः नायिकाको इन्ट्रोडक्टरी दृश्यमा उनलाई टिल्ट अप (क्यामराको प्राविधिक भाषा : जसको अर्थ हुन्छ कुनै पनि दृश्यलाई तलबाट माथितिर देखाउँदै प्रस्तुत गर्नु) गरेर देखाइन्छ, तब नायिकाको ड्रेसकोडमा घुँडाभन्दा दुई-तीन इन्च माथिसम्म लगाएको स्कर्ट वा थाई लेन्थ वन पिस ड्रेससित हाइ-हिल काल्फ लेन्थ वा नि लेन्थ बुट प्रयोग भएको देख्न सकिन्छ । यस्ता दृश्यमा जिनत अमान, परविन बाबी, नितु सिंह हुँदै रविना टण्डन, शिल्पा सेट्टी, करिना कपुर, विपासा वासु, ऐश्वर्या राय, लारा दत्ता, प्रियंका चोपडा, रानी मुखर्जी, कैटरिना कैफसम्मका थुप्रै बलिउड बालाको सेक्सी इमेज कैद भैसकेको छ । हाम्रो आफ्नो परिवेश चाहे त्यो चलचित्रमा होस् वा म्युजिक भिडियोमा, फोटोसेसनको पोजमा वा विज्ञापनको दृश्यमा, आधुनिक युवतीको भूमिका चित्रण गर्न र स्मार्ट एवं बोल्ड लुकमा प्रस्तुत हुन नायिका एवं मोडलले बुट प्रयोग गरेका थुप्रै उदाहरण पाइन्छन् ।

**प्रयोग र प्रचलन**

फुटवेयर फेसनमा बुटले आफ्नो छुट्टै पहिचान बोकेको छ । मूलतः एङ्कल लेन्थ, काल्फ लेन्थ, नि लेन्थ, ओभर द नी वा थाइ लेन्थ बुटको प्रचलन देख्न पाइन्छ । यिनमा पनि फर्मल वेयर रुचाउने तथा स्मार्ट लुक अँगाल्न चाहनेहरूका बीच कालो रंगको हाइहिल पोइन्टेड एवं राउन्ड टो भएका एङ्कल लेन्थ बुट लोकप्रिय देखिन्छ । त्यसो त छोटो लम्बाइका पहिरनसित लेगिङ लगाएर एङ्कल लेन्थ बुट प्रयोग गर्नेहरूको पनि कमी पाइँदैन । आफूलाई बोल्ड र स्माइलिस देखाउन चाहने यौवनाहरूमा भने काल्फ लेन्थ बुटको क्रेज छ । ग्ल्यामरस लुक मन पराउनेहरूले भने नि लेन्थ बुटको प्रयोग रुचाएको पाइन्छ । घुँडाभन्दा माथिसम्म लगाउन मिल्ने ओभर नि वा थाई बुटको प्रयोग पनि बढ्दो छ ।

अल्ट्रा टल बुट्सका नामले पनि चिनिने घुँडासम्म आउने वा घुँडा छोप्ने नि-हाई, नि-लेन्थ, ओभर द नि बुटको प्रचलन ५० को दसकतिरबाट प्रारम्भ भएको मानिन्छ । त्यतिबेला लेदर तथा रबरबाट बनेका यस्ता बुटमा विशेषगरी कालो रंग बढी प्रचलनमा थियो । हिल ६ इन्चसम्म पनि हुन्थ्यो । ६० को दशकदेखि भने कम हिल भएका वा फ्ल्याट शैलीका लम्बाइमा काल्फ लेन्थ, नि लेन्थ, वा नि हाई बुट एवं गोगो बुटको नामबाट प्रचलनमा आए ।

साइड वा ब्याक जिपरको सुविधा भएका यस्ता बुटमा सत्तरीको दसकयता लेस बाँध्ने डिजाइन पनि प्रचलनमा आएको थियो । त्यसताका सेतो रंगका बुटप्रति बढी झुकाव देखिएको थियो । गोगो बुटका पछिल्ला संस्करणहरू अझै पनि उत्तिकै चलनचल्तीमा छन् । गोगो बुटको प्रयोग मिनीस्कर्टसितको कम्बिनेसनमा बढी भएको देखिन्छ । डलास, काउब्वाय चियर लिडर तथा ओकल्यान्ड रेडर एट्सको युनिफर्मको आकर्षण बनेका थिए त्यस्ता बुटहरू । अग्लो हिलसहित घुँडाभन्दा धेरै माथि तिघ्रासम्मको लम्बाइ र भाइब्रेन्ट रंगमा उपलब्ध थाई हाइ बुटलाई सन् १९६४ तिर अभिनेत्री हनर ब्ल्याक मेनले 'द अमेन्जर' नामक चलचित्रमा प्रचलनमा ल्याएकी थिइन् । चलचित्र 'प्रिटी वुमन' मा अभिनेत्री जुलिया रोबर्टस्ले वेश्यावृत्तिमा संलग्न चरित्रलाई जीवन्त बनाउन मध्यान्तपूर्वका प्रायः सबै दृश्यमा भिनाइलबाट निर्मित कालो रंगको थाइलेन्थ बुट लगाएकी थिइन् । गायिका एवं अभिनेत्री म्याडोनाले सन् २००४ तिरको रि-इभेन्सन टुर तथा सन् २००६ तिर अभिनेत्री एनी हाथवेले चलचित्र 'द डेभिल वेयर्स प्राडा' मा लेदर थाई लेन्थ बुट प्रयोग गरेकी थिइन् । थाई लेन्थ बुट पाश्चात्य सांगीतिक क्षेत्रमा स्थापित गायिकाहरूको ग्ल्यामरस इमेजको परिचायक बन्दै आएको पाइन्छ । उनीहरूको स्टेज फर्ममेन्स, म्युजिक भिडियो, एल्बम कभर होस् वा पब्लिसिटी तस्बिर, तिनको छविलाई कामुक एवं ग्ल्यामरस देखाउन थाई लेन्थ बुटले ठूलो भूमिका निर्वाह गरेको पाइन्छ । यो सन्दर्भबाट म्यानोडा, जेनिफर लोपेज, ब्रिटनी स्पेयर्स, ज्यानेट ज्याक्सन, साइना ट्वेन, भिक्टोरिया बेकहम, केली क्लार्कसन, किम विल्ड, क्यारी अन्डरवुड, सिलेन डियोन, रिहाना, वियोन्से नोलिससम्म कोही अछूतो छैनन् ।

**थरीथरीका बुट**

ओभर द नि, नि लेन्थ, थाई लेन्थ, एङ्कल लेन्थ शैलीको प्रचलनसँगै फ्ल्याट विन्टर बुटको आकर्षण पनि उत्तिकै पाइन्छ । यात्रा गरिरहनुपर्नेहरूका लागि उपयुक्त यस्ता बुटहरू मिड लेन्थ स्कर्ट वा टल ड्रेसका साथ प्रयोग गर्न सकिन्छ । आरामदायक हुनुका साथै क्याजुयल पहिरनसित सुहाउँदा हुनु नै यस्ता बुटको विशेषता हो ।

**स्लाउट बुच** : केही वर्षअघिसम्म यसखालका बुटको खासै चलन थिएन तर यसपटकको जाडो मौसममा भने यसले कमब्याक गरेको देखिन्छ । यसखालको बुट एङ्कलभन्दा माथि र काल्फभन्दा तलको लेन्थमा हुन्छ । यो बुटमा काल्फ लेन्थसम्म ड्रेप्स हुन्छ । यी बुट सबैखाले फ्याब्रिक, लेग हाइट र स्टाइलमा उपलब्ध छन् । स्लाउट बुटमा लिटिल, मिडियम र मेक्सिम ड्रेपिङको विविधता पाइन्छ । यिनलाई टाइट जिन्स र ट्राउजरसित प्रयोग गर्न सकिन्छ । जिन्स र ट्राउजरलाई टक-इन गरेर बुट चेन वा बेल्ट प्रयोग गरी एक्सेसराइज पनि गर्न सकिन्छ । हिप्पी लुकका लागि यसखालको बुट पर्फेक्ट च्वाइस हो ।

**बकल्ड, बेल्टेड विन्टर बुट्स** : यदि बुटलाई अलग रूपमा एक्सेसराइज गर्न रुचाउने हो भने बकल्ड, बेल्टेड विन्टर बुट्स राम्रो विकल्प हुन सक्छ । यस्ता बुट्समा बेल्ट, लेसेज, स्ट्रेप्स, रेप्स र अन्य धेरै कुराले एक्सेसराइज गरिएको हुन्छ । यो बुट बोल्ड र लाउड स्टाइल रुचाउनेहरूका लागि उपयुक्त हुन्छ ।

**काउब्वाय बुट्स** : मंगोलियन आदिवासीबाट प्रारम्भ भएको यस्तो बुट अहिले फेसन स्टेटमेन्टको अभिन्न हिस्सा बन्न पुगेको छ । बलिउडमा यसको प्रयोग बढी देख्न पाइन्छ । चलचित्र रेसमा विपासा बासु, सैफ अलि खान र कैटरिना कैफले काउब्वाय बुटको प्रयोग गरेका थिए । यस्ता बुट धेरैजसो ब्राउन सेड्समा पाइन्छन् । हाइ हिलयुक्त यी बुटको टिप प्वाइन्टेड हुन्छ ।



**बुटमा विविधता**

लेडिज वार्डरोबमा सदावहार रहने तथा विशेषतः जाडो मौसममा बढी प्रयोग हुने बुट लम्बाइका आधारमा विविध रंगरूपमा उपलब्ध छन् । यस्ता बुटहरू लेदर, सिन्थेटिक, रबरदेखि भिनाइल, पोलियुरिथेन, लाटेक्स, भेल्भेट, सिल्क, पोलिस्टर, माइक्रो फाइबर, साबर, रेकजिन आदिबाट बनेको पाइन्छ । यस्ता बुटहरू मूलतः थाइल्यान्ड, हङकङ, सिंगापुर, मलेसिया, कोरिया, चीन, जापान, इटाली, जर्मनी आदि देशबाट नेपाली फुटवेयर संसारमा भित्रिन्छन् । एभी, आई सि इट फर्स्ट, टप क्लास, बेन्टली, बज्र एन्ड ब्ले, ग्ल्यामर सुज, पेल्ज सुज, वाल्किज, त्रिदर्शनी, नोबेल ट्रेडर्स, स्फिनिकसजस्ता प्रमुख स्टोरहरूदेखि विभिन्न लेडिज क्याजुयल वेयर स्टोरहरूमा विभिन्न डिजाइनका बुटको कलेक्सनले जाडो मौसमको न्यानो फुटवेयर शैलीको आकर्षणलाई उजागर गरेको छ । हाइ हिलमा ६ इन्चसम्म हिल भएका र फ्ल्याट बुटहरू पनि प्रयोगमा रहेको पाइन्छ । लो हिल र किटन हिल भएका बुट र फ्ल्याटमा विशेषगरी काल्फ लेन्थ र नि लेन्थ डिजाइनका प्रयोगकर्ता धेरै भेटिन्छन् । हिलकै कुरा गर्दा बुटमा पेन्सिल हिलका अतिरिक्त चंकी हिल, स्क्वेयर हिल पनि प्रयोग भएको पाइन्छ । सिंगल, मल्टीकलर, पोल्का डटेड, फ्लोरल र एनिमल प्रिन्टको विविधतासँगै बुटको लुकको आकर्षणमा प्वाइन्टेड टो, राउन्ड टो, स्क्वायर टोको विविधता पनि देख्न सकिन्छ ।



– **रोजिन शाक्य**

## ● तालुमा आलु ●



प्रकाश ओझा

'मेरी श्रीमती ले ?' एउटा व्यक्ति आफ्नो साथीसँग भन्दै थियो, 'हिजोआज हार्मोनियम बजाउन छाडेर मुरली बजाउन थाली, जो मेरा लागि खुसीको कुरा हो ।'

'ए हो..' साथी उत्सुक भावमा बोल्यो- 'तर यो खुसीको कुरा कसरी भयो ?'

'पहिले हार्मोनियम बजाउँदा उसले गाउँथी पनि, अहिले मुरली बजाउँदा गाउन मिल्दैन ।'

०००

दुईजना ठिसको भेट भयो ।

'यदि तैंले मेरो झोलामा कतिवटा आँप छ भनेर भनिस् भने मेरो झोलाको दुईवटै आँप तँलाई दिन्छु,' एउटा ठिसले भन्यो ।

दोस्रो ठिसले एकछिन गम्भीर भएर सोँच्यो अनि उत्तर दियो 'तीन' ।

०००

एउटा व्यक्ति आफ्नो मोटरसाइकल बेच्न चाहन्थ्यो तर स्पिडोमिटरमा सत्तरी हजार किलोमिटर चलिसकेको देखिएकाले कसैले पनि भने जति दाम हालिरहेका थिएनन् ।

'हेर मैले एउटा मानिस चिनेको छु' साथीले उसलाई सल्लाह दियो 'जसले तेरो स्पिडोमिटरमा भएको सत्तरी हजार किलोमिटरलाई घटाएर दस हजार किलोमिटर बनाइदिन्छ ।'

त्यो व्यक्तिले साथीको सल्लाह मान्यो र स्पिडोमिटरमा सत्तरी हजारलाई घटाएर दस हजार किलोमिटर बनायो ।

तीन दिनपछि सल्लाह दिने व्यक्तिले त्यही बाइक कुदाउँदै गरेको मानिस भेट्यो र सोध्यो ।

'किन मैले भनेको ठाउँमा गएनौ ?'

'गए पनि स्पिडो मिटरमा किलोमिटर घटाएर दस हजार बनाए ।'

'अनि बाइक किन नबेचेको त ?'

'ल छक्क पर्नु छ, भर्खर दस हजार किलोमिटर कुदेको बाइक पनि कसैले बेच्छ ?'

०००

एउटी युवतीले आफ्नो हुनेवाला पतिलाई चिठी लेखी,

'डियर सुरेन्द्र, हामीले विवाहको मितिलाई केही समयका लागि पछि सार्नुपर्ला जस्तो छ । अहिले म वीरेन्द्रसँग भागेँ... ।

०००

### मेरो कुरो

दुई प्रकारका मानिसले मात्र जुवा-तास खेल्नुहुँदैन । एक जोसँग पैसा छ अर्को जोसँग पैसा छैन ।

०००

## ● कविता ●

# टंक चौलागाईंका कविता



### यही छातीमा

नानु निकै पर भयौ अलि वर सरिदेऊ
मगमगाउँदै बास्नाले सोह्र श्रृंगार गरिदेऊ
आँखा तर्दै, रिसाउँदै, तकियालाई अठ्याउँदै
प्रेमीको स्वागतार्थ पलङ छेउ झरिदेऊ
थाकेको यो मेरो शरीर सम्पूर्ण सुम्पिदिन्छु,
मनभित्रको प्रेमाग्नि चारैतिर छरिदेऊ
पञ्चेबाजा, डोली चढ्दा कति राम्री देखिएकी,
त्यही लुगामा सजिएर सिउँदो रातै भरिदेऊ
म त भएँ देव राजा तिमी प्यारी देवी रानी,
सजाएर बिछ्याउना मेरै सरण परिदेऊ
बगूबगू लाग्यो कतै चिप्लिएर छत्लिएर,
सुम्सुम्याउँदै अङ्ग माझ सबैतिर चरिदेऊ
वर्षा गराऊ प्रेमको, वासना र कामुकताको,
स्वास रोकी एक पललाई यही छातीमा मरिदेऊ ।

### यस्तो लाग्छ

दिन हुन्छ धेरै कुरा गर्छु जस्तो लाग्छ
रात हुन्छ केही नगरी मर्छु जस्तो लाग्छ
चाहना र सफलताको सङ्गमस्थल खोज्दाखोज्दै,
फुल्न नपाई कोपिलामै झर्छु जस्तो लाग्छ
उदाउँदो घामसँगै जगमगाउँदो सारा संसार,
छुनै नपाई वैतरणी तर्छु जस्तो लाग्छ
सूर्यझैं तेज ज्वाला छ मनभित्र,
शंखसँगै आर्यघाट चर्छु जस्तो लाग्छ
कर्मको भरमा पर्ने यी पौरखी हातले,
आफ्नै नामको लावा अविर छर्छु जस्तो लाग्छ ।

### उनी आउँदा

यौवनको वास्ना चलाई आउँछिन्
भित्रैबाट कामाग्नि जलाई आउँछिन्
कोठामा प्रवेश गरी बस्न मात्र आँट्दा
भान्सादेखि औंखरा ढलाई आउँछिन्
मुस्कुराई, हृदयको धड्कन बढाई
उन्मक्त शरीर गलाई आउँछिन्
ओठबाटै मनका कुरा खोलौं जस्तो
बिर्सिएर जगत, मलाई आउँछिन्
ढक्क मन फुल्दा चारैतिर गुञ्जन हुन्छ
सुस्तरी पदचाप छलाई आउँछिन्
बिर्सिएर सबै कुरा प्रेममा लिप्त हुँदा
वस्त्रहरू कतै पनि नलाई आउँछिन् ।

### सम्झ त

लजाई-लजाई मेरो छेउ आ'की थ्यौ सम्झ त
चुप्प-चुप्प गालामा खा'की थ्यौ सम्झ त
तिमीलाई उसैगरी पर्खिरा'थेँ म पनि
बदलामा ओठ मीठो पा'की थ्यौ सम्झ त
कहिले हेर्थ्यौ आफ्नै छाती फेरि लजाउँथ्यौ
मन्दमन्द नशामा हरा'की थ्यौ सम्झ त
चिसो सन्ध्यामा मधुर-मधुर दीप थियो
तात्तिएर असिनपसिन भा'की थ्यौ सम्झ त
सम्हालेर तनमन हेर्दै अनि गाली गर्दै
भोलि आउने वाचा कसी गा'की थ्यौ सम्झ त ।

### वस्त्रहरू फाल्यौ आहा

काम सकी कति चाँडो नित्य कर्म थाल्यौ आहा
सुकोमल कदमहरू बेडरुमतिर चाल्यौ आहा
चञ्चल मनभित्र काउकुती लागिरहन्छ
सारा तनाव कम गर्न मीठो जोस पाल्यौ आहा
कहिले म अघि हुन्छु कहिले तिमी अघि
नयन दुवै झिम्क्याएर बिन्तीपत्र हाल्यौ आहा
कोठा पनि सुहागरात जस्तै पारी सजाएकी
रात पूरै रङ्ग्याउन सारा दीप बाल्यौ आहा
सारा संसार बिर्सिएकी मेरो हात समाएर
लगलग शरीर काम्यो आफ्नै काखमा ढाल्यौ आहा
बेहोसी भै चल्न थालेँ जताततै नाच्न थालेँ
एकएक गरी वस्त्रहरू शरीरबाट फाल्यौ आहा ।

## ● लघुकथा ●

# मीठो सपना



'करिश्मा दिदी कहिले फर्कनुभयो अमेरिकाबाट ?' करिश्मा मानन्धर मुस्कुराइन् । गालामा प्याट्ट कुटेपछि भनिन्, 'धेरै भयो, बरु तिमी कहाँ हरायौ ?' मैले जवाफ फर्काउनुअघि नै महानायक राजेश हमाल मेराअघि थिए । केही पर एउटा गहिरो खाल्डोमा निखिल उप्रेती झरेका रहेछन् । उनी मलाई फिल्मी शैलीमा बचाऊ-बचाऊ भन्दै थिए । एक्सन नायकले यसरी बचाउन अनुरोध गर्दा मैले पत्याउनै सकिनँ ।

निखिललाई बचाएको देखेर सञ्चिता खुसीले उफ्रँदै मलाई थ्याङ्क्यु भनिन् । अचानक मैले नायिका युना उप्रेतीलाई च्याप्प समातेँ । उनले अप्ठ्यारो मान्दै मेरो हात हटाइन् । मैले फेरि समाएँ । हाम्रो हातयुद्ध चल्ने क्रममै म झसङ्ग ब्यूझिएँ । उठ्दा म आफ्नो पुरानो झुप्रोमा थिएँ । मैले जसलाई युनाको हात भनेर समाएको थिएँ, त्यो मेरी घरबूढीको हात पो रहेछ । 'घाम झुल्किसक्यो, खेत जानुपर्दैन ?' बूढी भन्दै थिइन्, 'मेरो बूढो त सपनामा पनि एक्लै बर्बराउन थाले, पागल त भएनन् ?'

**-रामेश्वर सिलवाल**

# पनौतीमा १२ वर्षे मकर मेला

माघ महिनाभरका लागि पनौतीमा १२ वर्षे मकर मेला लागेको छ । पनौतीको त्रिवेणीघाटमा लागेको यो मेलाको अवसरमा पवित्र मानिएको त्रिवेणीमा स्नान गरेमा पुण्य मिल्छ भन्ने विश्वास रहँदै आएको छ । हाल त्यहाँको प्रदूषित पानीमा स्नान गरे रोग लाग्न सक्ने देखेर मकर मेला व्यवस्थापन समितिले नदीमा मिसाइएको ढललाई भूमिगत रूपमा बगाउने व्यवस्था मिलाएको छ । त्रिवेणीभन्दा करिब सय मिटर अगाडिबाट ढलको पानीलाई भूमिगत रूपले व्यवस्थित गरिएको छ ।

पनौतीको त्रिवेणी तीनवटा नदीको संगमस्थल हो । फुल्चोकी डाँडाबाट बग्ने लीलावती, नगरकोट डाँडाबाट आएको पुण्यमाता र भूमिगत रूपमा उत्पत्ति भएको रुद्रामतीको संगमस्थलमा मकर मेला लाग्ने गरेको हो ।

जनश्रुतिअनुसार कुनै समय पाटन र पनौतीमा पानीको हाहाकार भयो । आफ्नो राज्यमा अनिष्ट हुन लागेपछि त्यतिबेला पाटनका राजा सत्यवर र पनौतीका राजा दीर्घरथ फुल्चोकी माईलाई आफ्ना समस्या सुनाउन पुगे । माईले दुवै राजालाई जसले मलाई पहिले सुन र चाँदीका फूल चढाउँछ उसैको राज्यतिर पानीको खोला बगाइदिने वचन दिइन् ।

पाटनका राजाले कालिगढहरूलाई सुन र चाँदीका फूल बनाउन आदेश दिए तर पनौतीमा भने कालिगढहरू थिएनन् । पनौती किसानहरूको राज्य थियो । सुन र चाँदीका फूल नभए पनि पनौतीका राजा सुन जस्तै देखिने तोरीको फूल र चाँदी जस्तो देखिने मूलाको फूल लिएर फुल्चोकी माईकहाँ पहिले पुगेछन् । आफूले भनेजस्तो भएपछि माईले पनौतीमा रुद्रावती नामको खोलो बगाइदिइन् । फुल्चोकी माईले हरेक वर्ष माघ महिनाभर त्रिवेणीमा मेला भर्न पाउने वरदान दिइन् । आफ्नो राज्यमा पानी आएपछि पनौतीवासीले उत्सव मनाए ।

उता पाटनका राजा सक्कली सुन र चाँदीका फूल लिएर फूल्चोकी पुगेपछि निरास भए । पनौतीका राजालाई पहिले नै वरदान दिइसकेकी हुँदा पाटनका राजा दुःखी भए तर उनले फुल्चोकी माईको शीरमा पनौतीका राजाले चढाएको नक्कली सुन-चाँदीका फूल ओइलाइसकेको थाहा पाए । यो कुरा माईले पनि थाहा पाएपछि पनौतीमा बगाएको रुद्रावती खोला फिर्ता लिइन् । पाटनतिर भने गोदावरी खोला बगाइदिइन् । पाटनमा पनि हरेक १२ वर्षमा कुम्भ मेला भर्न पाउने वरदान माईले पाटनवासीलाई दिइन् ।

रुद्रावती खोला सुकेपछि पनौतीका राजा फेरि फुल्चोकी गए । आफ्नो राज्यमा कालिगढ नभएकाले तोरी र मूलाको फूल चढाउनुपरेको कुरा माईलाई अवगत गराए । यो कुरालाई मनन गरी माईले पनौतीमा हरेक वर्ष हुने भनिएको मकर मेला १२ वर्षमा एक पटक मात्र गर्न पाउने वरदान दिइन् । पुनः उतातिर लीलावती नामको अर्को खोला पनि बगाइदिइन् । हाल त्रिवेणीमा भूमिगत रूपमा बग्ने रुद्रावती खोला प्रत्येक १२ वर्षको मकर मेलामा बग्ने विश्वास गरिन्छ ।



मकर मेलाको विषयमा अर्को किंवदन्ती पनि छ जसअनुसार स्वर्गका राजा इन्द्रले गौतम ऋषिकी पत्नी अहिल्यालाई झुक्याएर अनैतिक कार्य गरेकाले श्रापका कारण इन्द्रको शरीरभरि योनि उत्पन्न भए । यही श्रापबाट मुक्ति पाउन उनले लीलावती र पुण्यमाता खोलाको दोभानमा १२ वर्षसम्म तपस्या गरे । यसबाट महादेव खुसी भए । इन्द्रको रोग निको पार्न महादेवले दोभानको नजिकमा रहेको पुण्यगिरी पर्वतमा रहेका जडिबुटी पगालेर त्यसमा रुद्रयुक्त नदी रुद्रावती बगाइदिए । यसरी त्यहाँ तीन नदीको संगम भएर त्रिवेणी भयो । हरेक १२ वर्षको माघ महिनामा मात्र रुद्रावतीमा औषधी बग्ने विश्वासका कारण लाखौं भक्तजन पनौतीमा मकर स्नानका लागि पुग्छन् ।

मेला अवधिभर त्रिवेणीको जल अञ्जुलीमा भरेर गोरखनाथ मन्दिरमा चढाए पाप नाश हुन्छ भन्ने धार्मिक विश्वास छ । गोरखनाथ मन्दिर त्रिवेणीको उत्तरको गोरखनाथ डाँडामा छ । मेला अवधिमा त्रिवेणीमा रहेका बासुकी नाग, इन्द्रेश्वर महादेव तथा ब्रम्हायणीको पूजा अर्चना गरिन्छ ।

**ऐतिहासिक पर्यटन**

पनौतीको मुख्य बस्तीलाई नेपाल सरकारले स्मारक क्षेत्रको सँचीमा राखेको छ । प्राचीन सम्पदाहरूको जानकारी राख्न चाहने र वास्तुकलामा रुची राख्नेहरूका लागि यो सहर पर्यटकीय गन्तव्य पनि हो । पनौतीमा पर्यटन प्रबर्द्धन गर्ने उद्देश्यले पर्यटन समिति पनि गठन गरिएको छ । हाल त्यहाँ प्राचीन प्रवेशद्वार पुनर्निमार्ण गरिएको छ ।

इन्द्रेश्वर महादेवको मन्दिर पनौतीको मुख्य मन्दिर हो । यो मन्दिर परिसरलाई खुला संङग्रहालयको रूपमा राखिएको छ । यो क्षेत्रमा कृष्ण मन्दिर, अहिल्या मन्दिर र उन्मत्त भैरवका मन्दिरहरू पनि छन् । उन्मत्त भैरवको मन्दिरभित्र अष्टमातृकाका मूर्तिहरू पनि राखिएका छन् ।

पनौतीमा बौद्ध सम्पदाहरू पनि प्रशस्त छन् । पनौतीमा रहेका नौवटा स्तुपामध्ये बोलाछें टोलस्थित धर्मधातु चैत्यलाई सबैभन्दा पुरानो मानिन्छ । नमोबुद्धको देउताघर न्हुभा बहाल पनि पनौतीमै छ । अघाटोलमा दुईवटा विहार छन् ।

पनौतीका अधिकांश ढुंगेधारामा मकर अर्थात् गोहीको मुखाकृति पाइन्छ । यहाँ नवौं र दसौं शताब्दीका ढुंगाका कलाकृतिहरू छरिएर रहेका छन् । लायकुको १७ औं शताब्दीको ढुंगेधारा संरक्षित अवस्थामा छ ।

यातायातको सुविधा नभएका बखत अतिथिहरूको बासका लागि बनाइएका पाटीहरू समेत पनौतीमा छन् । अहिले भने त्यहाँका केही घरमा होम स्टेको व्यवस्था गरिएको छ । सोह्रखुट्टे पाटी, लाम्पाटी, सरस्वती पाटी, ढोका पाटी र कार्यविनायक पाटी पुनर्निमार्ण गरिएका छन् ।

**प्रेमी-प्रेमिकाको पर्खाइमा**

*घुमाइदिउँला तिमीलाई पनौती मेला*
*माया गाँस्ने हाम्रो यही हो बेला*

काभ्रेको सांगीतिक समूह द ग्लुमी गाइजले १२ वर्षअघि गाएको यो गीत फेरि पनि सान्दर्भिक हुन थालेको छ । पनौतीमा लाग्ने मेला भर्न त्यहाँका युवाहरूले अन्यत्रका साथीहरूलाई इमेल, एसएमएस र फोनमार्फत निम्तो पठाइरहेका छन् । मेला छुटेका साथी र आफन्तहरू भेट्ने अवसर पनि हो । यो धेरै ठाउँका मानिसलाई एकसाथ भेट्ने र नयाँहरूसँग चिनचान गर्ने अवसर पनि हो ।

*माया लाउँला हिंड्दै रोसी बगर*

लीलावती खोलालाई रोसी पनि भनिन्छ । पनौतीबाट रोसीको तिरैतिर भएर खोपासी पुग्न सकिन्छ । खोपासी जंगलमा एकान्तको खोजी गर्दै प्रेमी-प्रेमिकाहरू आउँछन् ।

**कसरी पुग्ने पनौती ?**

पनौती पुग्ने प्रमुख बाटो अरनिको राजमार्ग हो । काठमाडौंबाट ३२ किलोमिटर मोटरयात्रापछि पनौती पुगिन्छ । पुरानो बसपार्कबाट हरेक ५ मिनेटमा पनौती जाने बस छुट्छन् । पदयात्रा वा निजी सवारीबाट जान चाहनेहरूले भने ललितपुरको बाटो रोज्न सक्छन् । यहाँबाट २५ किलोमिटर यात्रा गरेपछि पनौती पुगिन्छ । यो बाटो पछ्याउन ललितपुरको ग्वार्को, इमाडोल, लुभु, लाँकुरी भञ्ज्याङ, लामाटार, रयाले, कुशादेवी भएर पनौती पुगिन्छ । भक्तपुरबाट साँगा, जनागाल, महेन्द्रज्योति, बाँसडोल र ज्यालचिटी भएर पनि पनौती पुगिन्छ । मेला अवधिभर पनौतीबाट २ किलोमिटर टाढा सुब्बा गाउँमा सवारी साधन पार्किङ गर्ने व्यवस्था मिलाइएको छ ।

## • सन्देश •

सुनि., भेटघाट नभएको पनि लामो समय भैसक्यो । फोनमा पनि एकपटकभन्दा बोलचाल छैन । मैले धेरै पटक फोन गरेँ तर तिमी नभएको जानकारी पाएँ । हुन त हामी घनिष्ठ सावित भैसकेका छैनौं तर पनि आगामी दिनमा हामी असल मित्र बन्न सक्छौं । तिमी मलाई इमेल पनि गर्न सक्छौं ।

abhagi_bhaiprakash@yahoo.com

अनिल, मैले तिमीलाई धेरै चाहेँ, धेरै माया गरेँ, तिम्रा लागि धेरै पीडा सहेर तर तिम्रो मनमा मेरा लागि कहिल्यै माया पलाउन सकेन । सधैं मलाई परिस्थितिले तिमीबाट टाढा बनाएको छ । सक्छौ भने माफ गर, म अरूको भए पनि मेरो मन-मुटु सधैं तिम्रै हुनेछ ।

**सुमी**

प्यारो दाइ सन्तोष, जन्मदिनको धेरै-धेरै शुभकामना ।

**लोमश खतिवडा**

मेरा सम्पूर्ण परिचित साथीहरूलाई पुरानै मोबाइलमा सम्पर्क गर्न अनुरोध छ ।

**टीकाराम अर्याल**

पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका सम्पूर्ण जनताको जीवन सुखमय बितोस् यही शुभकामना छ । विराटनगरमा बस्ने दाइ रमेश, भाउजू, भतिजा तथा भाइ महेशलाई धेरै-धेरै सम्झना ।

**रोशन**

आर., मादल त एउटा खेलौना हो, वेदना बुझ्न गीत पो चाहिन्छ । मिलन त एउटा कल्पना हो, सदाका लागि याद पो चाहिन्छ ।

**नितेश**

दाइ डिसु, भाउजू हरिहरवती, छोरा अजय, अमित, अभिषेक, अनुभव, छोरी नीलम तथा जेठान अमृतलाल, सुकमैती देवी, चिन्ता देवी, सुजित तथा सन्ध्यामा उत्तरोत्तर प्रगतिको कामना ।

**भावुक**

सम्पूर्ण मित्रहरूमा मीठो सम्झनाका साथै न्यानो अभिवादन । मेल पठाइरहनुहोला । भावनात्मक मित्रतालाई निरन्तरता दिइरहनुहोला ।

**करण**

किरण, धेरै भयो तिमीसँग सम्पर्क हुन नसकेको । किन हो तिमीले मलाई यति चाँडो बिर्सिएकी ? मैले के भनेको थिएँ र तिमी सम्पर्कविहीन भएकी ? यदि मलाई बिर्सिएकी छैनौ भने कल गर ।

**लुरे**

रूपा, तिमीलाई जति सम्झाउँदा पनि लागेन । उल्टै तिमीले मलाई किन रिसाएको भन्यौ र अबदेखि फोन पनि नगर्नू भन्यौ । म रिसाएको छैन र मैले फोन नगर्दा तिमीलाई शान्ति मिल्छ भनेर त्यो दिनदेखि मैले फोन गरिनँ । बरु तिमीले नै मिसकल गरिरह्यौ । मैले फोन नगर्दा तिमीलाई खुसी मिल्छ भने अबदेखि कहिल्यै फोन गर्ने छैन ।

**रमेश**



## सूचना


**१४ फेब्रुअरी अर्थात् फागुन २ गते विश्वभर मनाइने प्रेमदिवसका अवसरमा आफ्ना प्रेमी-प्रेमिका एवं आफन्तजनलाई शुभकामना सन्देश पठाउन चाहनुहुने पाठक एवं शुभचिन्तहरूले आफ्नो सन्देश कुपनसहित माघ २२ गतेसम्म साप्ताहिकको कार्यालयमा आइपुग्ने गरी पठाउनुहुन अनुरोध छ ।**

## • जीवनको गोरेटोमा •

# म अनि मेरो प्रेम

मलाई अझै सम्झना छ त्यो दिन, जब बिहानीको झुल्के घामसँगै म मेरो प्यारो जन्मस्थानबाट यो अन्जान ठाउँमा आएकी थिएँ । मौसम सफा थियो, नीलो आकाशमा बादलका एक-दुई टुक्रा रुमलिंदै थिए । हो, त्यही बादल सरह थियो मेरो जिन्दगी । एसएलसीपछि ठूलो सपना बोकेर काठमाडौं भित्रिएकी मैले आफूलाई नितान्त एक्लो पाएँ । केही समय त दिन काट्न निकै गाह्रो भयो तर समयसँगै म पनि परिवर्तन भएँ । कलेजको पहिलो दिन नै म साह्रै डराएकी थिएँ । एकातिर डर थियो भने अर्कातिर परिवारप्रतिको जिम्मबारी र कर्तव्य । सुरुका केही दिनमा साथीहरू नभए पनि पछि बिस्तारै साथीहरू बन्दै गए । मेरो शैक्षिक गति पनि दिनानुदिन बढ्दै गयो ।

यसैक्रममा मैले एउटी अति नै मिल्ने साथी पाएँ । अचम्मको कुरा के थियो भने काठमाडौंजस्तो ठाउँमा जन्मेर पनि उनमा घमण्ड, रिस, डाह भन्ने कुरा थिएनन् । त्यसैले होला हाम्रो मित्रताले समुद्रको गहिराइ चुम्यौ । एक दिन कलेजमा सानो कार्यक्रम थियो । म उनको पर्खाइमा थिएँ । त्यत्तिकैमा एक अपरिचित आवाज कानमा पर्‍यो- 'एस्क्युज मि, क्यान आई सिट हेयर ?' पछि मलाई थाहा भयो त्यो युवक मेरै कलेजमा पढ्दो रहेछ । बिस्तारै हामीबीच घनिष्ठता बढ्दै गयो । उसलाई भेटेपछि एक अनौठो संसार सुरु भएको जस्तो लाग्यो ।



म निकै खुसी थिएँ ।

प्रेमबाट कोही अछूतो हुन सक्दैन रहेछ भन्ने कुरा मैले त्यस दिन बुझेँ । हो, मैले उसलाई भित्रैदेखि मन पराउन थालिसकेकी थिएँ । मैले उसलाई आफ्नो मनमन्दिरमा समाइसकेकी थिएँ । वास्तवमा भन्नुपर्दा उसलाई भेटेपछि मलाई जीवन रमाइलो लाग्न थाल्यो तर मैले उसलाई कसरी भनूँ जस्तो लागेको थियो । जब म उसको अगाडि पुग्थेँ, निःशब्द हुन्थेँ । थाहा थियो उसले मलाई मात्र एक असल साथीका रूपमा हेर्छ । मनको कुरा मनमा राख्नु राम्रो होइन त्यसैले सारा साहस बोकेर म ऊसामु गएँ । अफसोच मेरा सारा सपना एकैछिनमा चकनाचुर भए । दिनको टन्टलापुर घाममा पनि चारैतिर अन्धकार मात्र देखेँ । मैले आफ्नो कुरा व्यक्ति गर्नु अगावै उसले आफूले एउटी केटीलाई हृदयदेखि नै चाहेको कुरा बतायो अनि त्यो भाग्यमानी केटी अरू कोही नभएर उही मेरी असल मित्र नै थिइन् । धन्य, मैले ऊप्रतिको भावना आफैमा सीमित गरेँ । उसले मलाई सहयोग गर्न आग्रह गर्‍यो, मैले हुन्छ भनेर ।

त्यसपश्चात् मैले स्वयम् आफूलाई बिर्सन थालेँ । कहाँ जाने, के गर्ने केही पत्तो भएन । उसका लागि म जे पनि गर्न तयार थिएँ किनभने जीवनमा पहिलोपटक मैले कसैलाई यति धेरै माया गरेकी थिएँ । मैले कयौं रात उसको सम्झनामा बिताएँ । मेरो इच्छा उसलाई खुसी देख्नु थियो । त्यसैले म मेरी साथीसँग कुरा गर्न गएँ, उनले पनि उसलाई मन पराउँथिन् । अन्त्यमा मैले उनीहरूको प्रेमलाई सफल पार्न त्यो कलेज छाडेँ । आज म पनि निकै खुसी छु किनभने उनीहरू एक भएका छन् । मलाई आफ्नोभन्दा उसको खुसी नै प्यारो लाग्छ, त्यसका लागि आफ्नो मेरो प्रेमको दियो निभाइदिएँ । मैले मेरो प्रेम पाएँ किनभने प्रेमको अर्को नाम त्याग हो ।

**-सदीक्षा**

## कुपन सन्देश

**सन्देशका लागि कुनै शुल्क लाग्दैन तर कुपन अनिवार्य छ ।**

पाउने :

पठाउने :

सन्देश :

## साप्ताहिक साथीका लागि फर्म

**साप्ताहिक साथीका लागि कुनै शुल्क लाग्दैन तर कुपन अनिवार्य छ ।**

नाम : ..........................................................................................

उमेर : ........................................ उचाइ : ...................................

पेसा : ..................................... शिक्षा : ................................

स्वभाव :.................................... वैवाहिक स्थिति : ......................

अभिरुचि : ..................................वर्ण : ...................................

इमेल : ..........................................................................................

ठेगाना :.........................................................................................

तपाईं कस्तो साथीको खोजीमा हुनुहुन्छ ?

..................................................................................................


..................................................................................................

आफूले उल्लेख गर्न चाहेको थप विवरण छुट्टै पानामा पठाउन सकिनेछ ।


## • साथी •




बीएस्सी दोस्रो वर्षमा अध्ययनरत अमरबहादुर बूढा ५ फिट ५ इन्च अग्ला छन् । मायालु, हँसिलो तथा गम्भीर स्वभावका अमर हालसम्म अविवाहित नै छन् । गीत-संगीत सुन्ने, फुटबल खेल्ने, भ्रमण गर्ने, नयाँ साथी बनाउने, समाजसेवामा सक्रिय रहनेजस्ता थुप्रै क्षेत्रमा उनको रुचि छ । राष्ट्रप्रेमी, जातजातिमा भेदभाव नराख्ने, मित्रता बीचैमा नछोड्ने, सहयोगी, धोका नदिने, हँसिलो साथीको खोजीमा रहेका अमरलाई श्री सिद्धनाथ विज्ञान क्याम्पस, महेन्द्रनगर, कञ्चनपुरमा पत्राचार गर्न सकिन्छ ।



आईए पहिलो वर्षमा अध्ययनरत रेनुका राई गहुँगोरो वर्णकी छिन् । ५ फिट अग्ली रेनुका गीत गाउने अभिरुचि राख्छिन् । १७ वर्षीया राई चञ्चले स्वभावकी छिन् । अविवाहित रेनुका फ्याङ्क साथीको खोजीमा छिन् । सम्बन्धलाई निरन्तरता दिने साथीको खोजीमा रहेकी राईलाई मात्तिम ७, सोस्तुङ, दिक्तेल, खोटाङमा पत्राचार गर्न सकिन्छ ।



मिलसन अर्याल 'मिलन' अहिले २० वर्षको भए । मिलनसार स्वभावका मिलन हाल बीबीएस पहिलो वर्षमा अध्ययनरत छन् । भ्रमणमा अभिरुचि राख्ने मिलन गहुँगोरो वर्णका छन् । ५ फिट ७ इन्च अग्ला मिलन हालसम्म अविवाहित नै छन् । मिलन अध्ययन तथा भ्रमणमा रुचि राख्ने, मित्रता नतोड्ने, संकुचित विचार नराख्ने साथीको खोजीमा छन् । मिलनलाई साथी बनाउन चाहनेहरूले बुटवल-११, नयाँ बसपार्कमा पत्राचार गर्न सक्नुहुन्छ ।



१७ वर्षीय खुसी अनु कुलुङ ५ फिट १ इन्च अग्ली छिन् । कक्षा ११ मा अध्ययनरत खुसी चञ्चले स्वभावकी छिन् । अविवाहित खुसी गहुँगोरो वर्णकी छिन् । असल साथीको संख्या बढाउने अभिरुचि राख्ने खुसी नेपाली सेनामा भर्ती भएर देशसेवा गर्ने लक्ष्य राख्छिन् । त्यस्तै साहित्यमा पनि उनको रुचि छ । मित्रता सदाका लागि हुनुपर्छ भन्ने धारणा भएको, जात तथा रूपको घमन्ड नगर्ने साथीको खोजीमा रहेकी खुसीलाई जलथल-२, राइटोल, झापामा पत्राचार गर्न सकिन्छ ।



लेखरचनामा अभिरुचि राख्ने अर्जुनप्रसाद पौडेल 'दयालु' पेसाले आर्टिस्ट हुन् । बीएड दोस्रो वर्षमा अध्ययनरत अर्जुन भ्रमण तथा समाजसेवामा पनि त्यत्तिकै रुचि राख्छन् । २३ वर्षीय अर्जुन अविवाहित छन् । ५ फिट ४ इन्च अग्ला अर्जुन गहुँगोरो वर्णका छन् । कहिल्यै नरिसाउने, साथीको दुःखलाई आफ्नो मान्ने, जीवनभर साथ दिने साथीको खोजीमा रहेका अर्जुनलाई भोर्ले-४, खाल्चेत, रसुवामा पत्राचार गर्न सकिन्छ ।



५ फिट ५ इन्च अग्ला सुशील श्रेष्ठ हाल प्लस टु अध्ययनरत छन् । २० वर्षीय श्रेष्ठ मिलनसार स्वभावका छन् । अविवाहित सुशील धेरै साथी बनाउन तथा भ्रमणमा अभिरुचि राख्छन् । गहुँगोरो वर्णका उनी सुख-दुःखमा साथ दिने, मनको कुरा बुझ्ने, जातीय भेदभाव नगर्ने, भावनाको नातालाई प्राथमिकता दिने साथीको खोजीमा छन् । श्रेष्ठलाई साथी बनाउन चाहनेहरूले बडिखेल-२, ललितपुरमा पत्राचार गर्न सक्नुहुन्छ ।

# पुरुषहरू महिलाको चरित्र र चालचलनको कुरा किन बढी गर्छन् ?

आफ्नै जीउको भैंसी नदेख्ने, अर्काको जीउको जुम्रा कुदेको देख्ने पुरुषहरू सकेसम्म सकरात्मक व्यवहार भएका महिलाहरूलाई जीवनसाथी बनाउन चाहन्छन् ।

**सञ्जीव खत्री** (१८)

कुरा गर्ने कुनै मेसो त चाहियो नि, जुन विषयमा कुरा गर्दा रमाइलो हुन्छ त्यही विषयमा साथीभाइबीच छलफल हुन्छ । यसमा आपत्तिजनाउने कुरै के छ र ?

**श्रीष राई** (२२), **धनकुटा**

केटीहरू पनि केटाको कम्ती कुरा गर्दैनन् गाँठे, तपाईंलाई थाहै रहेनछ ।

**विशाल तुलाचन, पोखरा**

कुरै गर्दा तपाईंको टाउको किन दुख्नुपर्‍यो हँ ?

**किसान श्रेष्ठ** (२०), **सल्यान**

यो त केटाहरूमा हुने सबैभन्दा ठूलो दुर्गुण हो ।

**सावित्री राजवंशी, विर्तामोड, झापा**

केटीहरूको चरित्र र चालचलनको कुरा गर्दा मज्जा आउँछ त्यसैले ।

**जी. लिम्बू,** (२४), **फिदिम**

यस्ता कुरा गरेर पनि पुरुषहरू यौनसन्तुष्टि प्राप्त गर्छन् ।

**तुलसीप्रसाद भट्टराई, रुपन्देही**

कुरा गर्‍यो कुरैको दुःख सम्पादकज्यू, त्यसैले छोड्नुस् यी कुरा, बरु कुन हिरोइनको लेटेस्ट भिडियो क्लिप बजारमा आएको छ भन्नु न ।

**रवीन्द्र मानन्धर, काठमाडौं**

## ● अब हाम्रो पालो ●

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ । प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला । प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ । एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ ।

१. तपाईं वान साइडेड लभमा पर्नुभएको छ ? (भ्यालेन्टाइन डेका लागि)
२. पढेर जानिन्छ कि परेर ?
३ नेपालको सबैभन्दा ठूलो समस्या के हो ?
४. वेश्यावृत्तिलाई कानुनी मान्यता दिनु हुन्छ कि हुँदैन ? किन ?
५. नेपालमा जातीय आधारमा राज्य बनाउनु कत्तिको उपयुक्त हुन्छ ? किन ?
६. कस्ता मान्छेले राजनीति गर्नुपर्छ ?
७. रोमान्टिक गीत राम्रा हुन्छन् कि ट्राजिक ? किन ?
८. नेपालले खेलकुदमा किन सधैं हार्छ ?
९. अश्लील भिडियोको बढ्दो चलनका सम्बन्धमा के भन्नुहुन्छ ?
१०. तपाईं एक्लै हुादा के सोच्नुहुन्छ ?



खै, हावा नलागी पात हल्लिंदैन भन्छन् ।

**विनोद खतिवडा, इनरुवा**

धेरै फुर्सद भएर पो हो कि ?

**लोमश खतिवडा**

आकर्षणका कारण, नत्र त हाम्रो सृष्टि चल्न पनि गाह्रो हुन्छ नि ।

**राजेन्द्र कूँवर**

कि त राम्रो कुरा गरिन्छ, कि नराम्रो, महिलाको चालचलन र चरित्र प्रायः द्वैध हुने हुँदा बढी कुरा हुन्छ ।

**रुद्रप्रसाद दाहाल**

पुरुषलाई महिलाका कुरा गर्दा एकदमै आनन्द प्राप्त हुन्छ, त्यसकारण कुरा त गर्न मन लाग्छ नै ।

**जय पाण्डे** (१९)

यो तपाईंको प्रश्न हो कि अनुभव ?

**कमल नेपाल** (२०) **काभ्रे**

## ● यौन जिज्ञासा र समाधान ●



डा. राजेन्द्र भट्टा

**प्रश्न : म ३४ वर्षीया दुई सन्तानकी आमा हुँ, विवाह भएको ११ वर्ष भयो । मेरो तौल ३८ किलोग्राम मात्र छ । विगत चार वर्षदेखि अम्लपित्त र घाँटी चिलाउने समस्या (एलर्जी) को औषधी प्रयोग गरिरहेकी छु, तर निको भएको छैन । मेरो श्रीमान्सँग सुमधुर सम्बन्ध छ । उहाँ दैनिकजसो सहवास गर्न चाहनुहुन्छ । मलाई १५ दिन, एक महिनामा मात्र गरौं जस्तो लाग्छ । मैले उहाँको चाहना पूरा गर्न सकेकी छैन । त्यसैले मैले शक्ति प्राप्त गर्न, रोग चटक्कै निको पार्न, यौनमा रुचि जगाउन के उपाय गर्नुपर्ला ? साथै मेरा लागि उपयुक्त यौनबर्धक औषधी बताइदिनुभए आभारी हुने थिएँ ।**

**– सरि.**

**उत्तर : यौनेच्छामा किन कमी ?**

यौनचाहना स्वाभाविक रूपमा हुने भए पनि सबै व्यक्तिमा यो एउटै स्तरको हुँदैन । कसैमा यो बढी हुन्छ भने कसैमा कम । त्यसैगरी एउटै व्यक्तिमा पनि कहिले बढी र कहिले कम हुनसक्छ ।

यौन उत्तेजना नै सुरु नहुनु वा यौनसन्तुष्टि प्राप्त गर्न बाधा पार्ने कुनै पनि कुराका शारीरिक, मानसिक वा दुवै कारण हुन सक्छन् । विशेष गरेर महिलाको सन्दर्भमा भन्ने हो भने पाठेघर वा वरिपरि संक्रमण भै यौनसम्पर्क नै पीडापूर्ण हुने भएकाले त्यसमा रुचि कम हुँदै जानु स्वाभाविक हो । केही दीर्घरोगको पनि यस्तो प्रभाव पर्न सक्छ । अर्कातिर यौन क्रियाकलापमा संलग्न हुन नसक्नुका केही मानसिक कारण हुन सक्छन् । यौनप्रतिको गलत मानसिकता त्यसको प्रमुख कारण हुनसक्छ । त्यसबाहेक दैनिक जीवनमा आइपर्ने तनावहरू जस्तै चिन्ता, निराशा, थकाइ, अन्तरव्यक्ति सम्बन्धको चिसोपन तथा दम्पतीबीचको तनाव आदि यसका कारण हुन सक्छन् । तपाईंले आफ्नो सम्बन्ध सुमधुर भएको बताउनुभएको छ । कुनै रोगको उपचारका क्रममा केही औषधीको नकारात्मक प्रभाव यौन क्रियाकलापमा पर्नसक्छ । यही प्रसंगमा आफूले प्रयोग गरेको औषधीको प्रभावका सम्बन्धमा पनि विचार गर्न नबिर्सनुहोला ।



**के औषधीले पनि यौनेच्छामा कमी ल्याउन सक्छ ?**

एलर्जी, रक्तचाप तथा मानसिक रोगको उपचारका क्रममा खाइने कतिपय औषधी पनि यसका कारण हुनसक्छन् । उदाहरणका रूपमा लिङ्ग उत्तेजनामा नकारात्मक प्रभाव पार्न सक्ने एलर्जीका औषधीमा dimenhydrinate (डाइमेनहाइड्रिनेट) diphenhydramine (डाईफेनहाइड्रामाइन), promethazine (प्रोमेथाजिन) आदिलाई लिन सकिन्छ भने रक्तचापको उपचारमा प्रयोग गरिने atenolol (एटेनोलोल), chlorthiazide (क्लोरथायजाईड) जस्ता औषधी पनि त्यसका कारण हुन सक्छन् । कतिपय मनोरोगमा प्रयोग हुने औषधी जस्तै amitriptyline (एमिट्रिप्टिलिन), chlodiazepoxide (क्लोरडायजेपोक्साइड)को पनि यस्तो प्रभाव हुनसक्छ । पार्किनसन्स रोग वा क्यान्सरका उपचारमा प्रयोग गरिने औषधीहरूले पनि यस्तो नकारात्मक प्रभाव उत्पन्न गराउन सक्छन् ।

**तौल र यौनेच्छा**

शरीरको तौलले पनि यौनेच्छा अनि यौन क्रियाकलापमा नकारात्मक असर पार्न सक्छ । मोटा व्यक्तिलाई यौन क्रियाकलापमा संलग्न हुन विभिन्न कारणले गाह्रो हुनसक्छ । यस्तै ३० प्रतिशतभन्दा कम तौल भए व्यक्तिको यौन लगाव, यौनेच्छा अनि यौनसम्बन्धी कार्यसम्पादनमा कमी आएको कतिपय अनुसन्धानले उल्लेख गरेका छन् । अति नै मोटो भएको स्थितिमा शारीरिक रूपमा पनि असजिलो हुने कुरा यहाँ सम्झाइरहनु आवश्यक छैन होला ।

त्यसैगरी कुनै व्यक्तिको तौल सामान्यभन्दा कम भए त्यसको प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव यौन जीवनमा पर्न सक्छ । कम तौल हुनु आफैंले कुनै किसिमको अस्वस्थताको संकेत गरिरहेको हुनसक्छ । कतिपय व्यक्तिलाई आफ्नो तौल ठीक छ कि छैन थाहा हुँदैन । सामान्यतः वयस्क व्यक्तिको उचाइ र तौलका आधारमा शरीरको कति बीएमआई नापिन्छ । यसलाई Body Mass Index (BMI) भनिन्छ । यो Idex यदि १८ दशमलव ५ देखि २४ दशमलव ९ सम्म छ भने त्यसलाई सामान्य तौल भएको मानिन्छ । यो २५ देखि २९ दशमलव ९ सम्म भएको स्थितिमा तौल बढी भएको मानिन्छ भने यो ३० भन्दा बढी भएको स्थितिमा 'मोटो' मानिन्छ । त्यसैगरी १८ दशमलव ५ भन्दा कम BMI भएको व्यक्तिलाई कम तौल भएको भनिन्छ । पत्रमा तपाईंले आफ्नो उचाइ उल्लेख गर्नुभएको छैन, तसर्थ तपाईंको BMI कति हो भन्न सकिएन, तर पनि यदि तपाईंको उचाइ ५ दशमलव ५ इन्च छ भने तपाईंको BMI यस्तै १२ दशमलव ४ हुन्छ । यो ज्यादै कम तौल हो । साह्रै नै कम तौल भएको व्यक्ति यौन आकर्षक नदेखिन सक्छ । राम्रो कुरा के भने तपाईंको श्रीमान्ले कुनै त्यस्तो व्यवहार देखाउनुभएको भने छैन भन्ने बुझिन्छ । अर्कातिर तौल कम हुनुको कुनै कारण छ कि त्यो पनि खोज्नुपर्ने हुन्छ, जसले तपाईंको स्वस्थता अनि यौनजीवनमा नै नकारात्मक प्रभाव पारिरहेको होस् ।

**के यौन वर्धक औषधी खानैपर्ला ?**

हामीले खाने कतिपय खानेकुरादेखि विरलै पाइने खानेकुरा अनि सामान्य रूपमा खाद्यपदार्थका रूपमा नलिईने कुरालाई पनि यौनवर्द्धकका रूपमा लिइन्छ । त्यसमध्ये धेरै वस्तुको प्रभावका बारेमा भने विवाद नै छ । अहिले यन्त्र जस्तै बिजुलीको स्वीच थिचेर तुरुन्तै बिजुली बत्ती बलेजस्तै सबै कुरा तुरुन्तै हुनुपर्छ भन्ने सोच राखिन्छ, जुन ठीक होइन । सर्वप्रथम त तपाईंमा भएको यौनेच्छाको कमीको कारण पत्ता लगाएर त्यसलाई हटाउनुपर्छ । तपाईंका हकमा तौल सामान्य अवस्थामा ल्याउनु आवश्यक हुनसक्छ, जसका लागि पोषणमा विशेष ध्यान दिनुपर्छ । तपाईंले प्रयोग गर्नुभएको एलर्जीको औषधीले यदि यौनेच्छामा नकारात्मक असर पारेको भए त्यसको वैकल्पिक औषधी खाने वा उपचार विधि अपनाउनुपर्छ ।

कुनै अन्य कारण भए त्यसलाई हटाउनुका साथै तपाईं दुवैले एक-अर्कालाई कसरी यौनेच्छा प्राप्तिका लागि कसरी सहयोग गर्ने भन्ने कुरामा विशेष ध्यान दिनुपर्छ । नयाँ र नौला यौन क्रियाकलापमा संलग्न हुन सके यौन आनन्द थप्न मद्दत पुग्छ । कुनै एक यौन सम्पर्कमा तपाईंले आफूले यौन आनन्द प्राप्त गर्न केन्द्रित गर्नुभए पनि अर्को यौनसम्पर्क तपाईंले आफ्ना श्रीमान्ले यौनआनन्द प्राप्त गर्नमा केन्द्रित गर्न सक्नुहुन्छ । अन्तमा, तपाईंको सुखद यौन जीवनका लागि शुभकामना ।

LATEST LASERS
FOR ANY SCARS
ACNE/CHICKEN POX
BURN MARKS
ACCIDENT/STITCH
SKIN RESURFACING
and many more .........
TOUCH BEAUTY LASER CLINIC
Tel : 4469302, 4469305 Old Baneshwor
Customer Service : 9841549320

के तपाईंमा यौन सम्बन्धी समस्या छ ?
पुरुषहरुमा देखिने
शीघ्र पतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष, सरुवा यौनरोगका साथै उमेर अनुसार यौनाङ्ग विकास नहुनु ।
महिलाहरुमा देखिने
सेतो पानी बग्ने, योनी चिलाउने, यौन सन्तुष्टिमा कमी भएको महसुस हुने, स्तन सानो वा ठूलो हुने, तल्लो पेट दुख्ने तथा महिनावारी सम्बन्धी समस्याहरु ।
मानसिक
निराशा उदासिपन, मानसिक डर, भय, दिमागको वोधोपन ।
महिला वा पुरुषहरुमा हुने बाँझोपन (निःसन्तान) को गोपनियताका साथ उपचार
सम्पर्क स्थान: माता मनकामना आरोग्य केन्द्र तथा सेक्सोलोजिष्ट डाक्टर्स क्लिनिक
पुतलीसडक, काठमाडौं (साडी प्यालेस माथि) फोन: ४२४०३८१, ४२२५५३५
शाखा कार्यालय
पोखरा – ०६१–५३९१९४ बुटवल – ०७१–५४८८९३
भरतपुर – ०५६–५२०९६८ इटहरी – ०२५–५८४०८८
दाङ– ०८२–५६२९८३, हरिओन सर्लाही – ०४६–५३०४८४
हेटौडा – ०५७–५२६०४६ सप्तरी, फत्तेपुर – ०३१–५५०११२


सुखी विवाहित जीवनको लागि
सेवाको १६ वर्ष
विवाहको पहिलो वा विवाहपछि भएको यौन रोग, शीघ्रपतन, यौनदुर्बलता, स्वपनदोष, पिसाब सित धातु खस्ने, नपुंसकता, शुक्राणुको कमि, नि:सन्तानपन आदिको सफल उपचारको लागि आज नै भेट्नुहोला ।
भेट्ने ठेगाना: फोन नं.: ४-४६०७८५
पापुलर आयुर्वेद औषधालय
ज्ञानेश्वर, रातोपुल (पारिपट्टी) काठमाडौं

मुहार
बेदाग गोरो बनाउने आयुर्वेदिक
रूपअमृत - Rs.1650/-
Anti Pimple [Rose Sunscream Free]
मुहारको दाग दागीपोती हटाउने Dr. Japan - Rs.350/-
मुहारको चाउरीपना हटाउने Cream - Rs.1250/-
स्तन बढाउने-घटाउने Cream - Rs. 1650/-
ग्यास्ट्रिक, सुगर, ब्लडप्रेशर, दम समाधान
शरीरको तौल + उचाई बढाउने
सफल आयुर्वेदिक/प्राकृतिक उपचार
No Side effect 100% Guaranteed
केश
Before After
Herbal44 Rs. 750/-
आस्था हेल्थ केयर
काठमाडौं, गौशाला (द्वारिका होटल अगाडि)
Tel.: 4498929, 9841330144
9845275046 Chitwan, इटहरी 025-580944

आकर्षक व्यक्तित्व
Acupuncture, अक्युप्रेशर (VASTU) उपकरणहरू
● अनुहार गोरो बनाउन (Roop Amrit)
● डण्डीफोर, चायापोतो, चाउरीपना हटाउने
● स्तन घटाउन, बढाउन, टाइट गर्न (Cream)
● YOKO (Height) बढाउन
लिङ्गको लम्बाई, मोटाई बढाउन
स्खलन रोक्न (Handsum up)
● केश झर्न रोकी उमार्न (Oil)
● रक्सी, चुरोटको कुलत छुटाउन
● मोटापा घटाउन, बढाउन
● ढाड दुखाई कम गर्ने चम्बकीय (Belt)
Abking Pro Suna Belt, Home Jogger
Free Home Delivery
Blood Circulation Machine
TELE-SHOP INTERNATIONAL
सम्पर्क Thamel, Galkopakha (ओरालोमा)
98030-87729, 97213-19662

Welcome to Learn / free books/cassettes N practice time
English - 2&3 months packages
- special/speaking classes
- Audio/Visual in British/American tone
Japanese/Chinese/French/Spanish/German/Korean/Nepali.....
IELTS/TOEFL/VISA/Job interview pre.
Tuition All in One Master's, Bachelor's, School's N +2 package 4 children & Eng. b4 & after S.L.C
+2 Acc.@650/- (Course Complete)
Computer Basic-Advanced (well manged lab) Acc./Office/Graphic/Web/Photoshop/Hardware
अंग्रेजी जान्दै नजान्नेलाई पनि सिकाइन्छ र सबै कोर्षमा कमजोरकालागि विशेष help
OASIS Language&Computer Institute Galkopakha Thamel 01-4359170
MILLIEUX Begining The Best Isstitute Thamel 01- 4418912


## बाटो पत्ता लगाउनुहोस्



## भन्न सक्नुहुन्छ ?

अनुराधा २२ वर्षकी भइन् । उनको एउटा भाइ उनीभन्दा त्यति नै कान्छा छन् जति कान्छा ती भाइका भाइ ती भाइभन्दा छन् । अनुराधाको सबैभन्दा कान्छो भाइ उनको दोस्रो भाइभन्दा त्यति नै कान्छा छन् । अनुराधाको सबैभन्दा कान्छोभाइ अहिले १० वर्षको मात्र भए । अब भन्नुस्- अनुराधाको पहिलो र दोस्रो भाइको उमेर कति-कति वर्ष भयो होला ?

## साप्ताहिक कोठेपद



**दायाँ**

१. नारायणी नदीमा प्रसिद्ध तीर्थ (४)
२. सिक्का बनाउने ठाउँ (४)
३. पारो हालेको औषधी (४)
५. उदाहरण दाँजिएको (३)
६. मादलको संस्कृत नाम (३)
७. उमारिएको जौ (३)
९.परिचयको आधार (२)
११. पानी भएको फल (४)
१३. विनसित्ति, त्यतिकै (४)
१४. एक नदी (३)
१५.केटाकेटी (४)
१७.एक प्रकारको मीठाई (४)
१८.कमलको साथी (२)
१९.बग्गीजस्तो सवारी साधन (४)
२०.खुकुरीको खोल (२)
२२. बोल्न नसक्ने (२)
२३. ग्रहण गरिएको (३)
२४. हात-गोडा हुन्छ (२)
२५. खुकुरी उज्याउने औजार (२)
२६. सामर्थ्य, तागत (३)

**तल**

१.ऋषि शुक्रचार्यकी छोरी (४)
२.गोलभेडा (४)
३. नाटक देखाउने ठाउँ (४)
४.जमिनमुनि (४)
५.योग्य, मनासिब (३)
६.कमलको फूलको बोटको डाँठ (३)
८.प्राचीन भारतीय राज्य (३)
९. नामहरूको सूची (४)
१०.उत्तेजना, रिस (३)
११.लाज नभएको (४)
१२.माथा, निधार (३)
१३.आवश्यक नभएको (५)
१६.एक हिमश्रृंखला (४)
१७.खाजा, नास्ता (३)
१८.ठूलोभन्दा ठूलो (४)
१९.सालको पात गाँसेर बनाइन्छ (३)
२१.जाँच (३)
२३. योग्य सक्षम (२)
२४.आकाश (२)

# पत्याउनु हुन्छ ?



मिचिगनको माली स्पोर्ट्स ग्रिल एन्ड बारमा ग्राहकलाई विश्वकै सर्वाधिक ठूलो हयामबर्गर उपलब्ध गराइन्छ । करिब ५ सय डलर पर्ने उक्त हयाम्बर्गरको तौल ८५ किलोग्राम हुन्छ ।



बेल्जियममा नयाँ वर्षको स्वागत गर्न चिसो पानीमा नुहाउने चलन छ । बेल्जियमको उत्तरी भेकमा भएको यस पटकको महोत्सवमा ६ हजारभन्दा बढीले चिसो पानीमा डुबुल्की मारेका थिए ।


इन्डोनेसियामा हालै आकाशमा लालटिन उडाउने कीर्तिमान कायम गरियो । गिनिज बुक अफ वर्ल्ड रेकर्ईसमा दर्ता गर्न आयोजित उक्त लालटिन प्रतियोगितामा १० हजार लालटिन एकैपटक उडाइएको थियो ।



चीनको नानिन प्रान्तको चिडियाखानामा पालिएको कार्प जातको माछाले विशेष रूपमा केरा खान्छ । पर्यटकहरू पनि उक्त जातको माछालाई केरा नै ख्वाउँछन् ।



## १० वटा फरक खोज्न सक्नुहुन्छ ?



## कुरा बुझ्नु भो त !

प्रस्तुति : योगेश खपाङ्गी



# खाली हात नफर्कने उद्घोष

● राजु घिसिङ

काठमाडौं- नेपाल उसु संघले ढाकामा हुने ११ औं दक्षिण एसियाली खेलकुद (साग) बाट आफ्ना कुनै पनि खेलाडी खाली हात नफर्कने उद्घोष गरेको छ। सबै खेलाडी पदक जित्न योग्य रहेको दाबी गर्दै संघले सागको पदक तालिकामा उसुले नेपाललाई महत्त्वपूर्ण खुट्किलो चढाउने दाबी पनि गरेको छ।

यसपालीको नेपाली उसु टिम सागमा बिल्कुलै नयाँ अर्थात् अघिल्ला संस्करणको अनुभव नभएका खेलाडीले भरिएको छ। कोलम्बोमा भएको दसौं सागमा पहिलोपल्ट उसु समावेश गरिएको थियो। त्यसमा नेपालले २ स्वर्ण, ३ रजत तथा ६ कांस्यपदक प्राप्त गरेको थियो।

कोलम्बोमा स्वर्ण जितेकी विना लामा खड्का अमेरिकामा छिन्। अर्का स्वर्णधारी राजकुमार रसाइली आफ्नो स्पर्धा नराखिएकाले यसपाली ढाका जाने छैनन्। स्पर्धा काटिएकाले शिवराम गुरुङ र राजीव महर्जनजस्ता उत्कृष्ट खेलाडी पनि यसपाली छुटेका छन्।

तैपनि उसुको टिम सबै स्पर्धामा पदक जित्ने कुरामा ढुक्क छ। महिलातर्फ सान्सौको स्पर्धा पहिलोपल्ट समावेश गरिएकाले पनि नेपाली उसु टिम उत्साहित छ। सान्सौको स्पर्धामा रिङमा प्रतिद्वन्द्वीसँग भिड्नुपर्छ भने थाउलुमा कला प्रदर्शन गर्नुपर्छ, यसमा प्रतिद्वन्द्वीसँग जम्काभेट हुँदैन।

'कुनै पनि खेलाडी कमजोर छैनन्', थाउलुका प्रशिक्षक प्रकाश लामाले भने, 'सबै खेलाडी उत्कृष्ट छन्। अभ्यासमा सबैले राम्रो प्रगति गरेका छन्। त्यसैले हामीले सबै खेलाडीबाट पदकको आशा गरेका हौं।'

सबै खेलाडी स्वर्ण जित्न लायक भएको सान्सौका प्रशिक्षक गणेश अर्यालले भने, 'साढे चार महिनाअघिदेखि नियमित प्रशिक्षण भैरहेको छ। निरन्तर प्रशिक्षण गरिरहेका खेलाडी छनौट भएकाले फिटनेस र आत्मविश्वासमा कुनै कमी छैन।'

गत वर्ष ढाकामा भएको तेस्रो दक्षिण एसियाली उसु च्याम्पियनसिपमा ५ पदक जितेका खेलाडी टिममा रहेकाले पनि नेपालको लक्ष्य महत्वाकांक्षी देखिँदैन। त्यतिबेला आङबाबु लामाले स्वर्ण, विकास गुरुङ र राजु महर्जनले रजत तथा विनिता महर्जन र शर्मिला कारञ्जितले कांस्यपदक चुमेका थिए। पाँच महिनाअघि बैंककमा भएको एसियाली मार्सल आर्ट्स गेम्समा नेपालले एकमात्र पदकका रूपमा उसुमा झरना गुरुङले कांस्य जितेकी थिइन्। ढाकामा पनि उनीबाट नेपालले स्वर्णको आशा गरेको छ।

उसुमा ११ नेपाली खेलाडीले चुनौती पेस गर्नेछन्। अधिकांश खेलाडीले गत चैतमा भएको पाँचौं राष्ट्रिय खेलकुदमा सफलता चुमेका थिए। त्यसमा स्वर्ण जितेकी हीरा चौधरीलाई छनौटमा पन्छाउँदै सम्मी लामाले ढाका यात्रा निश्चित गरेकी थिइन्। उसुमा पनि नेपालको सबैभन्दा कठिन प्रतिद्वन्द्वी भारतीय खेलाडी हुनेछन्। पुरुष स्पर्धामा नयाँ शक्ति अफगानिस्तान, श्रीलंका, पाकिस्तान र आयोजक बंगलादेशको चुनौतीलाई कमजोर आँक्न मिल्दैन।

उसु टिम अहिले तीन साताको प्रशिक्षणका लागि चिनियाँ राजधानी बेइजिङमा छ। उसुलाई जन्माउने देशमा प्रशिक्षणको व्यवस्था चिनियाँ उसु संघ, चिनियाँ खेल प्रशासन तथा नेपालको राष्ट्रिय खेलकुद परिषद्को सहयोगमा नेपाल उसु संघले मिलाएको हो। छोटो समयको यो प्रशिक्षणले आधुनिक टेक्निक र आत्मविश्वास वृद्धि गर्ने खेलाडीहरूको विश्वास छ।

### सागमा छनौट भएका उसु खेलाडी

| पुरुष स्पर्धा | खेलाडी |
|---|---|
| सान्सौ (७० किलोग्राम) | पुरुषोत्तम रिजाल |
| सान्सौ (६५ किलोग्राम) | वीरसिं तामाङ |
| सान्सौ (६० किलोग्राम) | प्रेमचन्द्र दर्लामी |
| थाउलु (नान क्वान) | राजु महर्जन |
| थाउलु (छ्यान छ्वान) | विकास गुरुङ |
| थाउलु (ताइची छ्वान) | आङबाबु लामा |
| **महिला स्पर्धा** | **खेलाडी** |
| सान्सौ (६० किलोग्राम) | झरना गुरुङ |
| सान्सौ (५२ किलोग्राम) | सम्मी लामा |
| सान्सौ (४८ किलोग्राम) | एलिना चौधरी |
| थाउलु (ताइची छ्वान) | विनिता महर्जन |
| थाउलु (ताइची छ्वान) | शर्मिला कारञ्जित |

प्रशिक्षक : प्रकाश लामा (थाउलु)
गणेश आर्याल (सान्सौ)



तस्विरहरु : सुन्दर श्रेष्ठ



## ५ प्रश्न

११ औं दक्षिण एसियाली खेलकुदमा उसुतर्फ स्वर्ण पदकको आशा गरिएकी खेलाडी हुन्, सम्मी लामा। भर्खर १६ वर्षको टिन एजमै भए पनि उनी सान्सौकी निपुण खेलाडी मानिन्छिन्। रिङमा जस्तोसुकै प्रतिद्वन्द्वीको चुनौती समाप्त गर्न उनी तयार छिन्।

**तयारी कस्तो छ ?**

निक्कै राम्रो, उसुका हामी सबै ११ खेलाडी जित्ने हिसाबले प्रशिक्षण गरिरहेका छौं। निरन्तर अभ्यास गरिरहेका छौं। मंसिर ४ गतेदेखि बन्द प्रशिक्षणमा छौं।

**बेइजिङको प्रशिक्षणले कस्तो फाइदा गर्नेछ ?**

बेइजिङमा हामी तीन साता प्रशिक्षण गर्देछौं। उसुका निम्ति चीन सर्वोत्कृष्ट मुलुक हो। त्यसैले हामीले बेइजिङमा धेरै टेक्निक सिक्नेछौं। विश्व स्तरीय खेलाडीसँग रिङमा अभ्यास गर्नेछौं। त्यसले कन्फिडेन्स लेवल बढाउनेछ।

**सागमा पहिलो सहभागितामै सफलता चुम्ने कुरामा विश्वस्त हुनुहुन्छ ?**

गुरु (प्रशिक्षक) ले हामी सबैबाट मेडलको आशा गर्नुभएको छ। म उहाँलाई निरास पार्न चाहन्नँ। अन्तर्राष्ट्रिय प्रतियोगिताको एकमात्र अनुभव भए पनि आत्मविश्वास र सफल हुने लक्ष्यसाथ खेल्नेछु। सुरुमै डराएर र निरास भएर खेल्नु राम्रो पनि हुँदैन।

**कुन देशका खेलाडी उत्कृष्ट छन् ?**

भारतीय खेलाडी निक्कै राम्रा छन्। विगतमा पनि अधिकांश फाइनल खेल नेपाल र भारतका खेलाडीबीच भएका थिए। अन्य देशका महिला खेलाडी नेपाल र भारतको तुलनामा कमजोर छन्। त्यसैले पनि हामीले सफलता चुम्ने सम्भावना बलियो छ।

**अहिलेसम्मका प्रतियोगितामा तपाईंको प्रदर्शन कस्तो छ ?**

पाँचौं राष्ट्रिय खेलकुदमा स्वर्ण पदक जितेका हीरा चौधरीलाई हराएर म सागमा छनौट भएकी हुँ। एसएलसी परीक्षाले गर्दा मैले गत वर्षको राष्ट्रिय उसु तथा पाँचौं राष्ट्रिय खेलकुदमा राम्रो नतिजा निकाल्न सकिनँ र दुवैमा तेस्रो स्थानमा रहेँ। त्यसबाहेक सबै घरेलु प्रतियोगितामा विजयी भएकी छु।



तस्विर : सुन्दर श्रेष्ठ

# साग तयारीका बाधक

साप्ताहिक समाचार

काठमाडौं- माघ १५ गतेदेखि बंगलादेशको राजधानी ढाकामा हुने ११ औं दक्षिण एसियाली खेलकुद (साग) को तयारीमा अहिले पूरै नेपाली खेलकुद व्यस्त छ। सफल सहभागिता जनाउने चटारोका कारण कसैलाई फुर्सद छैन। धेरै टिम स्वदेशमा र केही खेलको अभ्यास विदेशी भूमिमा भैरहेको छ, सबैको लक्ष्य एउटै छ- बढीभन्दा बढी पदक जित्ने।

भदौ महिनादेखि खेलाडीको कडा मेहनत, पदाधिकारीको दौडधूप र खेल संस्थाको व्यस्तता हेर्ने हो भने ढाकामा नेपालले पक्कै नयाँ इतिहास रच्नेछ। यद्यपि दक्षिण एसियाली कुम्भमेलामा नेपालको सफलता चुम्ने लक्ष्यमा केही तत्त्वले बाधकको भूमिका निर्वाह गरिरहेका छन्। प्रत्यक्ष-अप्रत्यक्ष रूपमा तेर्सिएका त्यस्ता अड्चनहरू चिर्न सके सर्वाधिक सफलता चुम्ने नेपालको लक्ष्य धेरै टाढा छैन।

१२ दिन सञ्चालन हुने ११ औं सागमा जम्मा २३ खेल समावेश छन्। त्यसमा करिब ३ सय ५० नेपाली खेलाडीले प्रतिस्पर्धा गर्नेछन्। यात्रा कठिन भए पनि कुनै पनि खेलाडी पदकविहीन भएर फर्कन चाहँदैनन्। सबै खेलले वैदेशिक प्रशिक्षणको अवसर पाएका छैनन्। प्रभावशाली प्रशिक्षक भिकाउन पनि सकेका छैनन्। यसपालि बन्द प्रशिक्षणमा रहेका खेलाडीले पोषणयुक्त खानाको अभाव भने बेहोर्नुपरेन।

राष्ट्रिय खेलकुद परिषद् (राखेप) मा सरकारी पदाधिकारीको ढिलो नियुक्तिले भने सागको तयारी प्रभावित भएको नेपाल ओलम्पिक कमिटीका महासचिव जीवनराम श्रेष्ठले बताए। 'पदाधिकारीको ढिलो नियुक्तिले राखेपबाट हुनुपर्ने धेरै काम समयमै हुन सकेन', राखेपका पूर्वसदस्य-सचिव श्रेष्ठले भने, 'त्यसले खेलाडीको अभ्यास र व्यवस्थापनमा राम्रो गर्न गरेन।' तैपनि खेलाडीको जोस र कडा मेहनतले ढाकामा उत्कृष्ट नतिजा हासिल गर्नेमा उनी आशावादी छन्।

अर्को बाधाका रूपमा अभ्यासस्थल रह्यो। नेपालमा अहिलेसम्म कबड्डी खेलाउने म्याट छैन। त्यसैले नेपाली कबड्डी टिम भद्रकालीको माटो हुँदै कञ्चनपुरको कराँते म्याटमा अभ्यास गर्न बाध्य छन्। हक्की, ह्यान्डबल, आर्चरी र सुटिङको स्थिति पनि त्यस्तै छ। न प्रशिक्षणका लागि आवश्यक खेल सामग्री पर्याप्त मात्रामा छ, न त अभ्यास स्थल नै उत्कृष्ट। सुविधाविहीन स्थितिमा खेलाडीहरू पदक जित्ने तयारी गरिरहेका छन्।

अन्तर्राष्ट्रिय स्तरका प्रतियोगिताका लागि प्रशिक्षण गर्न लायक कभर्ड हल नेपालमा बन्न सकेको छैन। त्रिपुरेश्वरस्थित राखेपको कभर्ड हललाई अन्तर्राष्ट्रिय स्तरको मान्न सकिँदैन। त्यही पुरानो र निकै व्यस्त हलमा प्रशिक्षण गर्नुको विकल्प पनि इन्डोर स्पर्धाका खेलाडीलाई छैन। दिनभरि गर्नुपर्ने अभ्यास एक-दुई घण्टामा छोट्याएर त्यही व्यस्त र अव्यवस्थित हलमा अभ्यास गर्न बाध्य छन्, आधा दर्जन बढी खेलका खेलाडी।

पुस ८ गतेदेखि माघ ३ गतेसम्म दशरथ रंगाशालामा ब्रिटिस गोर्खा कप फुटबल प्रतियोगिता सञ्चालन भयो। 'चिसो बढेको काठमाडौंमा खेलाडीले राम्रोसँग अभ्यास गर्ने मौका दिउँसो घाम लागेपछि मात्र हो', साग खेल्ने फुटबल टिमका प्रशिक्षक योगम्बर सुवालले भने, 'मैदानमा फुटबल प्रतियोगिता भएपछि हामीले कहाँ अभ्यास गर्ने ? बिहान-बेलुकाको कठ्याङ्ग्रिने चिसोमा अभ्यास गरे बिरामी भइन्छ, घाइते बन्ने सम्भावना रहन्छ।'

तीन सातायता राजधानीमा बढेको चिसोले खेलाडीको प्रशिक्षण नराम्रोसँग प्रभावित भएको छ। ब्याडमिन्टनका दर्जनमध्ये चार खेलाडीलाई चिसोले सताएको छ। पछिल्लोपल्टको सागमा कांस्य पदक जितेकी सुजना श्रेष्ठलाई त बिहान नुहाएकैले १ सय ५ डिग्री फरेनहाइटसम्म ज्वरोले च्यापेको थियो। बढेको चिसोले नाक पोल्ने, घुँडा दुख्ने, छाती पोल्ने र खोकीबाट संक्रमित भएपछि धेरै खेलका खेलाडी केही दिन प्रशिक्षण छाडेर आराम गर्न बाध्य भए।

चिसोले सबैभन्दा बढी समस्या भारात्तोलन खेलाडीलाई परेको छ। 'पूर्वयोजना अनुसार उच्चस्तरको प्रशिक्षण दिन बाधा परेको छ', भारत्तोलनका मुख्य प्रशिक्षक तिलकबहादुर रावतले भने, 'चिसोले गर्दा म्याक्सिमम भोल्युम (शरीर खुलाउने अभ्यास) गराउन सकेका छैनौं। त्यो अभ्यास अलि गर्मीमा मात्र सम्भव हुन्छ। यस्तो अभ्यास चिसो मौसममा गराउने हो भने खेलाडी घाइते हुने सम्भावना प्रबल रहन्छ।'

खेलाडीहरूलाई सकुशल राख्नु अहिलेको सबैभन्दा ठूलो चुनौती भएको कुरा बताउँदै रावतले भने, 'खेलाडीको क्षमता थप ५ किलोग्राम बढाउन सक्ने सम्भावना चिसोले रोकेको छ।' अन्य खेलको तुलनामा भारोत्तोलनमा धेरै तौल उचाल्नुपर्ने हुन्छ र बढी बल लाग्छ। 'त्यसैले चिसोमा अभ्यास गर्दा हातको मांसपेशी, पिडौंला, घुँडा र ढाड दुख्ने समस्या देखिने स्वर्ण पदकका दाबेदार कमलबहादुर अभिकारीले बताए। उनले दसौं सागमा पनि भारोत्तोलनको ऐतिहासिक स्वर्ण चुमेका थिए।

स्वर्णपदक रक्षा गर्ने अभियानमा रहेका कमलको हातको मांसपेशी र पिंडौलामा समस्या देखिएको छ। पछिल्लोपल्ट कांस्य जितेका ज्ञानबहादुर श्रेष्ठ, गोपालबहादुर श्रेष्ठ र पुन्तीलाल यादवलाई घुँडाको पीडाले च्यापेको छ। विकास थापा ढाडको दुखाइबाट पीडित छन्। भारोत्तोलनका ६ खेलाडीमध्ये हेम शंकर चौधरी मात्र पूर्ण स्वस्थ छन्।


काठमाडौंभन्दा प्रतियोगितास्थल ढाकाको मौसम निकै तातो भएकाले यहाँ चिसोले खेलाडीको प्रदर्शनमा निश्चित रूपमा प्रभाव पार्नेछ। यो साता काठमाडौंको तापक्रम माइनस शून्य दशमलव २ डिग्री सेल्सियससम्म झरेको थियो। त्यसैले ढाकाको मौसममा घुलमिल हुन नपाए त्यहाँको गर्मीले नेपाली खेलाडीको प्रदर्शनमा नकरात्मक प्रभाव पार्नेछ।

# दक्षिण अमेरिकी महादेश



• विश्वकप फुटबल विशेष •

## ब्राजिल



विश्वकप फुटबलमा सर्वाधिक १९ पटक फाइनल चरणमा सहभागिता गरेको अनुभव ब्राजिलसँग मात्र छ। पहिलो संस्करणको विश्वकपदेखि यो वर्ष आयोजना हुने विश्वकप फुटबलसम्म फाइनल चरणमा केबल ब्राजिलले मात्र सहभागिता जनाएको छ। यसअघि आयोजना भएका १८ संस्करणमध्ये ब्राजिलले सर्वाधिक ५ पटक विश्वकप विजेताको उपाधि हात पारेको छ भन दुई पटक उपविजेता भएको छ।

विश्वकप फुटबलमा ब्राजिलको उदय सन् १९५० मा आयोजित चौथो विश्वकप फुटबलबाट भएको हो। उक्त विश्वकप ब्राजिलले नै आयोजना गरेको थियो। पहिलो र दोस्रो संस्करणको विश्वकप फुटबलमा पहिलो चरणबाटै घर फर्किएको ब्राजिलले सन् १९३८ मा तेस्रो स्थानमा चित्त बुझाएको थियो। त्यसको ४ वर्षपछि गृहमैदानको फाइदा उठाउँदै फाइनलमा पुग्न सफल ब्राजिलले उपविजेतामा चित्त बुझाएको थियो। त्यसपछि ब्राजिलले सन् १९५८ मा आयोजित विश्वकपको फाइनलमा प्रवेश पायो।

उक्त विश्वकपमा ब्राजिलले स्वीडेनलाई २ का विरुद्ध ५ गोलले पराजित गर्दै पहिलो सफलता हात पार्‍यो। सन् १९५८ को विश्वकप जितेको ब्राजिलले सन् १९६२ को विश्वकपमा आफ्नो उपाधिको रक्षा गरेर लगातार दुई पटक विश्वकप जित्ने इटालीसँग उपाधि संख्या बराबरी गर्‍यो। सन् १९६६ मा इङ्ल्यान्डले आयोजना गरेको विश्वकपमा ब्राजिल पोर्चुगल र हंगेरीसँग लिग चरणमै पराजित भएर घर फर्कियो। त्यसको ४ वर्षपछि मेक्सिकोमा सम्पन्न विश्वकपमा ब्राजिल र इटाली फाइनलमा प्रवेश गरे। दुवै राष्ट्रले दुई-दुई पटक विश्वकप जितिसकेका कारण तेस्रो पटक जितेर विश्वकप सदाका लागि आफ्नो देशमा राख्ने सोचाइ बनाएका थिए।

अति रोमाञ्चक फाइनल खेलमा ब्राजिलले इटालीलाई १ का विरुद्ध ४ गोलले पराजित गरेर सफलता हात पार्‍यो। त्यसपछि ब्राजिलले विश्वकप जित्न सन् १९९४ मा अमेरिकाले आयोजना गरेको विश्वकप नै कुर्नुपरेको थियो। सन् १९७० को विश्वकप जितेपछि ब्राजिलले आफूलाई विश्वकपको सेमिफाइनलमा दुई पटक पुर्‍यायो भने एक पटक दोस्रो चरणबाटै घर फर्कियो। सन् १९९४ को विश्वकपको फाइनलमा ब्राजिलको सामना आयोजक इटालीसँग भयो। फाइनलमा दुवै टिम रक्षात्मक ढंगले खेलेका कारण निर्धारित समयमा दुवै पक्षबाट कुनै गोल हुन सकेन। निर्णयका लागि भएको पेनाल्टी सुट आउटमा ब्राजिलले इटालीलाई २ का विरुद्ध ३ गोलले पराजित गरी चौथो पटक विश्वकपमा जित हात पार्‍यो। चार वर्षपछि फ्रान्सले आयोजना गरेको विश्वकपमा पनि ब्राजिलले आफूलाई फाइनलमा प्रस्तुत गर्‍यो। आयोजक फ्रान्सलाई पनि पराजित गर्ने सुरमा रहेको ब्राजिलले उक्त विश्वकपमा पराजयको सामना गर्‍यो।


त्यसपछि ब्राजिल सन् २००२ मा दक्षिण कोरिया र जापानले संयुक्त रूपमा आयोजना गरेको विश्वकपको फाइनलमा पुनः प्रवेश गर्न सफल भयो, जहाँ ब्राजिलले जर्मनीलाई शून्यका विरुद्ध २ गोलले पराजित गर्दै पाँचौं पटक विश्वकप जित्यो। विश्वकप फुटबलको सधैं हट फेबरेट टिमका रूपमा रहेको ब्राजिल दक्षिण अमेरिकी महादेशबाट शीर्ष स्थानमा रहेर यो वर्ष आयोजना हुने विश्वकप फुटबलका लागि छनौट भएको हो। आगामी विश्वकपमा समूह 'जी' मा परेको ब्राजिलको समूहमा उत्तर कोरिया, आइभोरिकोष्ट तथा पोर्चुगल छन्।

## चिली



दक्षिण अमेरिकी महादेशबाट दोस्रो भएर छनौट भएको चिलीले विश्वकपमा मिश्रित सफलता हात पारेको छ। चिलीले विश्वकप फुटबलमा पाएको सर्वाधिक ठूलो सफलता सन् १९६२ मा आफैंले आयोजना गरेको विश्वकप फुटबलमा तेस्रो स्थानमा रहनु हो। यसका लागि चिलीले युगोस्लाभियालाई शून्यका विरुद्ध १ गोलले पराजित गरेको थियो। चिलीको विश्वकप यात्रा भने पहिलो संस्करणबाटै प्रारम्भ भएको थियो। पहिलो विश्वकपमा पहिलो चरणबाटै घर फर्किएको चिलीले त्यसपछिका दुई विश्वकप छनौट प्रतियोगिता बहिष्कार गर्‍यो। ब्राजिलले सन् १९५० मा आयोजना गरेको विश्वकपको फाइनलमा सिट सुरक्षित गरेको चिली पहिलो चरणबाटै घर फर्किएको थियो। त्यसपछिका दुई विश्वकपमा भने चिलीले छनौट चरण नै पार गर्न सकेन। सन् १९६२ मा आफ्नो गृहमैदानको फाइदा उठाई तेस्रो भएको चिलीले त्यसपछि भएका ११ वटा विश्वकपमा ४ पटक मात्र फाइनलको यात्रा गर्न पायो, जसमा चिलीले सन् १९८८ मा दोस्रो चरणबाट बाहिरिनुबाहेक सबैमा पहिलो चरणबाटै घर फर्किएको थियो। यो क्रममा चिली एक पटक अयोग्य घोषित भयो भने एक पटक फिफाको प्रतिबन्धमा पर्‍यो। पछिल्लो दुई संस्करणको विश्वकपको छनौट चरण पार गर्न नसकेको चिली यसपटक आफूलाई फाइनलमा प्रस्तुत गर्न सफल भएको छ। आगामी विश्वकपको समूह एचमा परेको चिलीको समूहमा स्पेन, स्वीजरल्यानड र होन्डुरस छन्।

## पराग्वे



पराग्वे विश्वकपमा सहभागिता जनाउने अनुभवी टिम भए पनि सफल भने मानिँदैन। सन् १९३० मा उरुग्वेले पहिलो पटक आयोजना गरेको विश्वकपमा सहभागिता गरेको पराग्वेले विश्वकपमा कुनै चमत्कारी सफलता हात पार्न सकेको छैन। पहिलो विश्वकपमा पहिलो चरणबाटै घर फर्किएको पराग्वेले विश्वकपमा अहिलेसम्म दोस्रो चरणसम्मको यात्रा मात्र गर्न सकेको छ। यसअघि ७ पटक विश्वकपको फाइनल चरणमा प्रवेश गरेको पराग्वे सन् १९८६, १९९८ र २००२ को विश्वकप फाइनलको दोस्रो चरणमा प्रवेश गरेको थियो। जर्मनीले पछिल्लो पटक आयोजना गरेको विश्वकपमा पहिलो चरणबाटै घर फर्किएको पराग्वे यसपटक दक्षिण अमेरिकी महादेशका तर्फबाट बलियो प्रतिद्वन्द्वीका रूपमा छनौट भएको छ। छनौट चरणमा ब्राजिलले भन्दा बढी १० खेलमा सफलता पाएको पराग्वेले चिलीले जत्तिकै ३ खेल बराबरी र ५ खेलमा पराजित भएर ३३ अंक ल्याएको थियो। आगामी विश्वकपको समूह 'एफ'मा परेको पराग्वेको समूहमा इटाली, न्युजिल्यान्ड तथा स्लोभाकिया छन्।


• मैदान बाहिर •



# म्याराडोना पिता बन्ने भए

अर्जेन्टिनियन फुटबल टिमका प्रशिक्षक डिएगो म्याराडोना पुनः पिता बन्ने भएका छन्। भेरोनिका ओजेडासँग प्रेम गरेका म्याराडोना निकट भविष्यमै पिता हुन लागेको समाचार डेली स्टारले लेखेको छ। क्लाउडिया भिल्लाफानीसँग सन् १९८९ मा पहिलो विवाह गरेका म्याराडोनाका दुई छोरी जन्मिएका थिए। सन् २००४ मा क्लाउडियासँग पारपाचुके गर्ने क्रममा म्याराडोनाले क्रिस्टियना सिनाग्रामार्फत् सन् १९८६ मा छोरा जन्माएको चर्चा चल्यो। इटालीमा भएको उक्त घटनालाई लिएर इटालीको अदालतले म्याराडोना र उनको छोराको डिएनए परीक्षण गर्न दिएको आदेशलाई म्याराडोनाले अस्वीकार गरेका थिए। म्याराडोनाका छोरा डिएगो म्याराडोना सिनाग्रा भने फुटबल खेलमै छन्। यसबीच म्याराडोनाकी माइली छोरीले एट्लेटीको म्याड्रिडका स्ट्राईकर सर्जिओ अगुरासँग विवाह गरेकी छिन्। उनीबाट गत फेब्रुअरीमा एक सन्तान जन्मिएपछि म्याराडोना हजुरबुबा बनेका थिए। हजुरबुबा बनेको एक वर्षपछि म्याराडोना पुनः बाबु बन्ने भएका हुन्।

# धनाढ्य टेनिस खेलाडी



टेनिसको अर्को पक्ष भनेकै खेलाडीहरूले गर्ने आम्दानी हो। कोर्टमा खेलाडीहरूले जतिसुकै प्रतिस्पर्धा गरून् आखिर कुरा त्यहीं जान्छ- कसले कति कमायो? पछिल्लो पटक पुरुष टेनिसमा रोजर फेडेरर र राफेल नाडालबीच सर्वाधिक धन कसले कमायो भन्ने लेखाजोखा भयो। फेडेरर र नाडालबीचको यो लेखाजोखा विगत चार वर्षदेखि चल्दै आएको छ। उनीहरूबीच पछिल्लो पटक भएका १८ वटा ग्रानडस्ल्याममा १७ वटा प्रतियोगिता यी दुई खेलाडीले जिते। पछिल्लो एक वर्षको अवधिमा फेडेररले ३ ग्रान्डस्ल्याम जितेर आफ्नो पोल्टामा ३६ करोड अमेरिकी डलर हाले। त्यसबाहेक उनले अन्य प्रतियोगितामार्फत ८० लाख डलर पनि जिते।

सर्वाधिक ग्रान्डस्ल्याम जित्ने पिट साम्प्रासको कीर्तिमान् भंग गरेका फेडेररले गत वर्ष नै टेनिसबाट सर्वाधिक ५० करोड अमेरिकी डलर कमाउने खेलाडीका रूपमा आफूलाई प्रस्तुत गरे। स्वीजरल्यान्डका टेनिस खेलाडी फेडेररले गत वर्ष टेनिसबाट जति कमाए त्योभन्दा बढी विभिन्न कम्पनीको ब्रान्ड एम्बेसडर भएर कमाए। फेडेररसँग नाइकी, रोलेक्स घडी, विल्सन तथा स्विस कफी मेसिन जुराले १० वर्षको अनुबन्ध गरेको छ। यसबाहेक जिलेट तथा मर्सिडिजकार निर्माताले उनलाई गत वर्ष २८ करोड अमेरिकी डलर दिएका थिए। सन् २००८ मा नाइकीसँगको अनुवन्धमा वार्षिक १० करोड डलर दिने तय भएको थियो।

आम्दानीकै कुरा गर्दा महिला टेनिस खेलबाट सर्वाधिक कमाउनेमा मारिया सारापोभा रहिन्। उनले गरेको आम्दानी कुनै पनि रसियन खेलाडीले गरेको आम्दानीभन्दा बढी थियो। त्यसबाहेक उनले विश्वकै महिला खेलाडीहरूमा आफूलाई शीर्ष स्थानमा राख्न सफलता पाइन्। सारापोभोले गत वर्ष विभिन्न प्रतियोगितामार्फत् २२ करोड ५० लाख अमेरिकी डलर आम्दानी गरिन्। १७ वर्षको उमेरमै विम्बल्डन प्रतियोगिता जितेपछि उनलाई विभिन्न १० बहुराष्ट्रिय कम्पनीले आफ्नो ब्रान्ड एम्बेसडर बनाए। क्यानोन, कोलगेट-पालमोलिभ तथा मोटोरोला आदिकी ब्रान्ड एम्बेसडर सारापोभाले गत वर्ष २२ करोड डलर आम्दानी गरेकी थिइन्।


साप्ताहिक Classified Advertisement

**रोजगार**

US Organization कोलागि Basic Computer जानेका १३ कर्मचारी तलब- १३५००, २०७२५४५, ९८४१४९३०२६, ९८०३०७५९८१ चाबहिल

Basic Computer जानेका १५ कर्मचारी तलब १३५००, ९८४१४५९७५३, ९८०८३१२०३६

नयाँ अफिसकोलागि विभिन्न पदमा कर्मचारी कलंकी ९८४१८८७५२३

Multinational Company लाई Basic Computer जानेका पार्टटाइम फुलटाइम १३ कर्मचारी तलब १३९०० ४७२०१७७, ९८४९१५२०४७, महाराजगंज

लोकन्थलीको अफिसलाई कर्मचारी ६५००, ९७२१३०८६७८

**भर्ना**

सजिलै पास गरौ ६ महिनामै +2, ६ महिनामै SLC टेष्ट ग्यारेन्टी सहित SLC कक्षा- ८, कम्प्युटर स्यान्ड्रा ४३६१७१२ चितवन ०५६-५२५९१८

जापानमा अध्ययन, परामर्श: कुमारी जापनीज स्कुल ४४७६५००

**सम्पर्क**

केटेश्वर चोकको शहनाज ब्युटिपार्लर बिक्रिमा ९७२१४२२४६५

**उपचार**

स्तन घटाउन बढाउन, गुप्ताङ्ग टाइट मोटोपना घटाउन बढाउन लिङ्गको साइज बढाउन ९८४१९८१९७६, ९८०३५०२२५९

लिङ्गको लम्बाई मोटाई बढाउन ९८४१५०६१३४, ९८०८३०१२३५

बिज्ञापन दिन
र
बुझ्नका लागि आफ्नो
नजिकैका
कान्तिपुर बर्गीकृत
संकलन काउण्टर
तथा सिधा मोवाइल
९८४१-२०५९७७ मा
सम्पर्क
गर्न अनुरोध गरिन्छ ।

# टुंगियो लामो पर्खाइ



**हिमेशरत्न वज्राचार्य**

काठमाडौं- साढे तीन दशक लामो समय हुन सक्छ, फुटबल उपाधिका लागि कुर्नै हो भने । यस्तै स्थितिबाट नबिल श्री-स्टार गुज्रिन बाध्य भयो । पाटने श्री-स्टार क्लबको स्थापना ०३१ सालमा भएको थियो ।

सर्वाधिक पुरस्कार राशिका रूपमा आयोजित प्रतियोगिताको फाइनलमा श्री-स्टारले मनाङ-मर्स्याङ्दीलाई २-० ले हरायो । पहिलो हुँदै श्री-स्टारले १० लाख रुपैयाँ हात पारेको हो ।

श्री-स्टार अध्यक्ष ललितकृष्ण श्रेष्ठले प्रतियोगिता सुरु हुनुअघि आफ्नो क्लबले उपाधि जित्ने ठोकुवा गरेका थिए । समूह 'बी' मा परेको श्री-स्टारले लिग चरणमा राम्रो सुरुवात लिएन् । मध्यपश्चिमलाई मात्र हराउन सकेको श्री-स्टारले आरसीटी र ब्वाइज युनियनसँग भने बराबरी खेलेको थियो । यसले श्री-स्टार समूह उप-विजेताका रूपमा नकआउट चरण पुग्यो । फेरि एकपल्ट स्टार खेलाडीहरूको आलोचना सुरु भैसकेको थियो ।

यस्तोमा श्री-स्टार र नेपाल पुलिसबीचको खेल क्लब र प्रतियोगिता दुवैका लागि निर्णायक सावित भयो । दुई नेपाली फुटबल महाशक्तिबीचको खेल अघि धेरैले अनुमान गरेका थिए, पुलिसले श्री-स्टारलाई सजिलै हराउनेछ । पुलिस पनि औपचारिक रूपमा आफ्नो टिम मात्र बलियो रहेको घमन्ड देखाउन पछि परेन् । कप्तानको जिम्मेवारी पाएका प्रदीप महर्जनलाई आफ्नो उपयोगिता सिद्ध गर्ने सर्वाधिक ठूलो दबाब थियो । उनी साफ च्याम्पियनसिप खेल्ने नेपाली राष्ट्रिय टिममा त परेनन् नै, साग खेल्ने टिमबाट पनि हटाइए । उनलाई वास्तवमै चोट लागेको थियो, महर्जनले आफ्नो चोटको आक्रोस पुलिसविरुद्धको खेलमा परिणत गरे । उनलाई बाँकी साथी खेलाडीले पनि बलियो साथ दिए ।

नभन्दै श्री-स्टारले पुलिसलाई एक गोलले पछाडि पार्दै २-१ ले हरायो । लामो समयपछि दशरथ रंगशालामा आहा भन्न लायकको खेल भएको थियो र त्यसलाई जितेपछि धेरैले श्री-स्टारले नै उपाधि जित्ने अनुमान गरिसकेका थिए । आखिरमा श्री-स्टारले सेमिफाइनलमा आरसीटीलाई हरायो भने फाइनलमा मनाङलाई पराजित गर्न उसलाई भाग्य र दर्शक सबैले साथ दिए ।

'यो प्रतियोगिताका क्रममा हामीले धेरैलाई धेरै कुरा सिद्ध गरेर देखाउनु थियो', श्री-स्टार प्रशिक्षक बालगोपाल महर्जनले भने, 'अन्ततः हामी सफल भयौं । सम्भवतः हामीले आफ्ना धेरै आलोचकलाई निराश पार्ने काम गर्‍यौं ।' श्री-स्टारले काठमाडौंमा यसअघि दुई पल्ट नकआउट प्रतियोगिताको फाइनल खेलेको थियो, ०६३ को हिमालयन बैंककप र ०४१ को शुभजन्मोत्सवकप । दुवै प्रतियोगितामा श्री-स्टार पराजित भयो ।

पूरा प्रतियोगितामा कप्तान प्रदीप बाहेक अरू दुई खेलाडीले पनि प्रमुख भूमिका खेले, गोलरक्षक किरण चेम्जोङ र स्ट्राइकर सन्तोष साहुखलले । प्रदीप जस्तै दुवै पछिल्लो समय आलोचनाको सिकार बन्दै आएका थिए । दुवैमाथि अपेक्षित खेल प्रदर्शन गर्न नसकेको आरोप थियो । यी आलोचना र असफलतालाई उत्साहमा बदल्ने काम क्लब अध्यक्ष ललितकृष्ण र उनका साथीहरूले गरे ।

खेलाडीलाई उत्प्रेरित गर्न उनीहरूले थुप्रै उपाय निकाले । वास्तवमा श्री-स्टारले यो उपाधि मैदानमा मात्र जितेको थिएन्, यसलाई सम्भव पार्न मैदान बाहिर पनि उत्तिकै कसरत गरिएको थियो । किरण र सन्तोष आ-आफ्नो विधामा उत्कृष्ट खेलाडी पनि भए । पूरा प्रतियोगितामा विजय गुरुङ पनि छाए । उनको योगदान पनि गतिलो थियो । त्यसैले उनी भए, प्रतियोगिताकै उत्कृष्ट खेलाडी ।

फाइनलमा पराजित भए पनि मनाङको यात्रा पनि उत्तिकै सम्झनायोग्य थियो । तीन वर्षअघि श्री-स्टार जुन रूपमा थियो, लगभग त्यसै रूपमा मैदानमा उत्रिएको थियो । मनाङ भने सर्वथा भिन्न रूपमा थियो । कप्तान टासी छिरिङ छोडेर अरू सबै पहिलो रोजाइका खेलाडी नयाँ थिए, पहिलोपल्ट प्रतियोगितामा मनाङका लागि खेलिरहेको थियो । यस्तोमा सुरुमै मनाङ प्रशिक्षक छिरिङ लोप्साङले भनेका थिए, 'हामीले धेरै आशा गरेका छैनौं ।'

मनाङले पनि राम्रो सुरुवात लिएन तर बिस्तार जमेर खेल्न थाल्यो । यस्तोमा छिरिङका सपना पनि बढ्न थाले । मनाङले अन्तिम बाधा भने छिचोल्न सकेन । 'हाम्रा लागि यहाँ पुग्नु पनि ठूलो उपलब्धि हो,' लोप्साङले भने, 'हाम्रा सबै खेलाडी नयाँ छन्, हामी त टिम मिलाउने प्रयासमा थियौं ।' सम्भवतः नयाँ खेलाडीसँग उनलाई कुनै गुनासो छैन, भलै ऐतिहासिक रूपमा उपाधि जित्ने काम श्री-स्टारले गर्‍यो ।

**मनाङ-मर्स्याङ्दीविरुद्धको फाइनललाई कस्तो मान्नुहुन्छ ?**

मनाङ-मर्स्याङ्दीको पुरानो टिम निकै राम्रो थियो । अहिले पूरै नयाँ र युवा खेलाडीले भरिएको छ । तैपनि ब्रिटिस गोर्खा कपको फाइनल परम्परागत प्रतिद्वन्द्वीसँग भएकाले कठिन हुने अनुमान गरेको थिएँ, त्यस्तै भयो पनि । खेल हाम्रो पक्षमा ७०-३० रह्यो । गोल नगरेकाले पहिलो हाफमा दबाब बेहोरे पनि दोस्रो हाफमा २ गोल गरेर उपाधि जत्यौं ।

**प्रतियोगितापूर्व उपाधि जित्ने अपेक्षा थियो ?**

चार राष्ट्रिय खेलाडीबाहेक टिमले थोरै समय मात्र तयारी गर्ने मौका पायो । त्यसैले उपाधि जित्ने कुरामा पूर्ण विश्वास थिएन । निरन्तर अभ्यासले फर्ममा रहेका खेलाडीले भरिएको पुलिस च्याम्पियन हुने अनुमान थियो ।

**सबैभन्दा कठिन खेल कुन रह्यो ?**

पुलिससँगको क्वाटरफाइनल । समूहमा उपविजेता रहेकाले त्यो खेल नै हाम्रो लागि फाइनल बराबर थियो । पुलिसलाई २-१ ले जितेपछि मात्रै राजधानीमा पहिलो नकआउट फुटबलको उपाधि जित्ने आशा पलाएको थियो ।

**यो जितको आधार के हो ?**

म्यानेजमेन्ट, खेलाडी र मेरो मेहनत । यी तीनको सम्मिश्रणमा जित सम्भव भएको हो ।

**तपाईंले प्रशिक्षक भएपछि श्रीस्टारको नकआउट फुटबलमा भाग्य खुल्यो भनिन्छ नि ?**

मेरै प्रशिक्षणले श्रीस्टारको भाग्य चम्किएको भन्न मिल्दैन । सबै खेलाडी प्रतिभावान् छन् । तैपनि सन् २००६ को सेप्टेम्बरदेखि उपेन्द्रमान सिंहसँगै टिम हेर्ने जिम्मेवारी पाएपछि मेरो नेतृत्वमा श्रीस्टारले नकआउटका पाँच उपाधि जित्यो । मैले सम्हालेको श्रीस्टारले वि.सं. २०६३ र ०६५ मा बुढासुब्बा गोल्डकप, ०६३ मा आहा गोल्डकप, ०६५ मा हेटौंडाको सहिद कप र अहिले ब्रिटिस गोर्खा कप जितेको छ ।


तस्बिर : बिजय न्यौपाने

बालगोपाल महर्जन
प्रशिक्षक, नबिल श्रीस्टार क्लब






# लौ भिड्यो

तारुका-८ का मेहरमान श्रेष्ठले जब आफ्नो फुर्के गोरुलाई मैदानमा उतारे तब हजारौं दर्शकबाट तालीको पर्रा छुट्यो । फुर्केको प्रतिस्पर्धी श्याम श्रेष्ठको रत्ने गोरु पनि बडो फुर्तीसाथ दौडँदै मैदानमा आइपुग्यो । यी दुईलाई जुध्न कसैको अनुमति चाहिएन । खेली-खेली जुध्ने र मौका पर्दा एकले अर्कालाई हराउन खोज्ने यी दुईको भिडन्तबाट रोमाञ्चित बन्दै थिए दर्शकहरू ।

झन्डै एक घण्टा जुधिसकेको रत्ने र फुर्केमध्ये कुनैले पनि भाग्न खोजेनन् । गोरु धनीहरू भने आफैंले छुट्याउने तरखरमा लाग्दा श्याम श्रेष्ठको रत्ने गोरु मैदानबाट हार खाई भाग्यो । आफ्नो गोरु विजयी भएपछि हजारौं दर्शकमाझ ४ सय रुपैयाँ र प्रशंसापत्र पुरस्कार ग्रहण गर्दै मेहरमानले भने- 'यो तरुकाको गौरव हो । वर्षौंदेखि चलिआएको परम्परालाई निरन्तरता दिन गोरु पालेका हौं । वर्षभरि पोसिलो अन्न ख्वाएर पालेको चारवर्षे फुर्केले आज मेरो सान जोगाएको छ ।'

पुर्खाले चलाउँदै आएको गोरु जात्रालाई केही वर्षदेखि तारुका उत्सवका रूपमा मनाउन थालिएको छ । हरेक वर्ष माघ १ गते मनाइँदै आएको गोरुजात्रा यस वर्ष सूर्यग्रहणका कारण माघ २ गते मनाइयो । तारुकावासीको सबैभन्दा ठूलो पर्वका रुपमा मनाइने गोरुजुधाई हेर्न यस वर्ष आसपासका जिल्लाका दर्शकहरूको पनि उपस्थिति रहेको कुरा गोरुजात्रा मेला व्यवस्थापन समितिका अध्यक्ष जनकराज ढुङ्गानाले बताए । 'यो जात्रालाई नेपालकै गौरवका रूपमा अघि बढाउँछौं,' ढुङ्गानाले भने । यहाँका युवाहरूको सक्रियतामा यस वर्ष १७ रोपनीको १० लाख रुपैयाँ पर्ने मैदान गोरु जुधाउनकै लागि खरिद गरिएको छ ।

**– विणु तारुके**

# पोखरामा छमछमी प्रतियोगिता

पोखरा-काठमाडौंबाट थालिएको छमछमी नृत्य प्रतियोगिताको अडिसन अघिल्ला साता पोखरामा सम्पन्न भएको छ । नेपाल टेलिभिजनले आयोजना गरेको प्रतियोगितामा पोखराबाट सुनिता सिके, विकास नेपाली, शोभा अधिकारी, शर्मिला बस्नेत, अपिल विक, उषा गुरुङ, सुकबहादुर पुन, सविन गायक र सरस्वती दाहाल छनौट भएका छन् ।

राजधानीमा अडिसन सम्पन्न भैसकेको उक्त प्रतियोगिताको अडिसन पोखरापछि झापा, धरान, जनकपुर, हेटौंडा, सुर्खेत, नेपालगन्ज र धनगढीमा हुनेछ ।

अडिसनबाट छनौट भएकाहरूलाई काठमाडौंमा हुने प्रतियोगितामा पठाइने नेपाल टेलिभिजनका बोर्ड सदस्य तथा कार्यक्रम संयोजक माधव प्रधानले जानकारी दिए ।

# रेखा थापाले भजन सुनाइन्



**शंकर खरेल**

सुनसरी-सबैले आशा गरेका थिए, रेखा थापाले नृत्य गर्नेछिन् । राजधानीमा माओवादी अध्यक्ष प्रचण्डसित नृत्य गरेर चर्चामा आएकी थापा मञ्चमा आउनासाथ त्यही गीतमा नाच्ने आशाविपरीत भाषण पो गर्न थालिन् । 'म पूर्वकै छोरी हुँ...मोरङकै सन्तान हुँ....म आज तपाईंलाई नृत्य वा अभिनय होइन, एउटा भजन सुनाउँछु....' यसो भन्दा दर्शकले हुँदैन भनेर विरोध जनाए । तर, रेखाले मानिनन् । उनले कार्यक्रममा भजन सुनाउन थालिन् । शान्तिको कामना गर्दै आफैंले तयार गरेको 'बुद्धम शरणम् गच्छामी...' गीत सुनाउँदा रेखामा लुकेको गायकी छताछुल्ल भएको थियो ।

कार्यक्रममा जनवादी गायक जेबी टुहुरेले 'आमा दिदीबैनी हो कति बस्छौ...' गीत गाउनासाथ केटाकेटीदेखि वृद्धसम्म नाचे । लामो समय एमालेमा रहेर केही महिनाअघि विद्रोह गरेर माओवादी प्रवेश गरेका टुहुरे पनि अरू कलाकारलाई मञ्चमै बोलाएर नाच्न थाले । एमालेबाटै माओवादीमा प्रवेश गरेका पुर्वेली गायक शम्भु प्रधानले सहिदका आवाज सुनाए । उनले गीतभन्दा आफूहरूले एमालेबाट विद्रोह गर्नुपरेको स्पष्टीकरण दिन बढी समय खर्चिए । चलेछ बतास सुस्तरी मनै सरररर...जस्ता सदाबहार गीत गाउने राईको नेता शैलीको भाषणले शुभचिन्तकहरूलाई निराश पारेको थियो ।


'जनयुद्ध' कालमा भूमिगत छँदा रचना गरिएको गीत प्रदीप देवानले प्रस्तुत गर्दा धेरैका आँखा रसाए । तुलसी पराजुलीले 'आकाशको गड्याङ्गुडुङ् पानी परो झ्याम्मझ्याम्म...' गीत सुनाए । कार्यक्रम आयोजक माओवादी भए पनि फरक विचारधारा राख्ने कलाकारले अध्यक्ष प्रचण्ड, डा. बाबुराम भट्टराईसम्मलाई व्यङ्ग गर्न पछि परेनन् । हास्यकलाकार मनोज गजुरेलले संविधानसभाका सम्बन्धमा नयाँ रचना प्रस्तुत गरे । अर्का हास्यकलाकार सुबोध गौतमले एमाले अध्यक्ष झलनाथ खनाल, माओवादीका पुष्पकमल दाहाल, बाबुराम भट्टराई, कांग्रेस नेता गिरिजाप्रसाद कोइराला, शेरबहादुर देउवा, रामचन्द्र पौडेलको नक्कल गरे ।

कार्यक्रम थियो, सहिद स्कुलको सहयोगका लागि पूर्वेली सांस्कृतिक अभियान । विराटनगर र इटहरीमा आयोजित कार्यक्रममा स्कुलका लागि झन्डै १० लाख रुपैयाँ संकलन भएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राम कोइरालाले बताए ।

# सांस्कृतिक साँझ

बुटवल- अरू बेला चलचित्रका कलाकारको अभिनय पर्दामा हेर्ने दर्शकहरू सोमबार बुटवल चलचित्र मन्दिरमा बेग्लै मनोरन्जनमा रमाए । हलमा कुनै 'हिट' फिल्म लागेको त थिएन, तर दर्शकहरू 'वान्स मोर' भन्दै हुटिङ गरिरहेका थिए, ताली बजाइरहेका थिए । सामुदायिक स्वास्थ्य क्लिनिकको सहयोगार्थ रोटरी क्लब अफ बुटवलले सोमबार साँझ आयोजना गरेको विविध सांस्कृतिक साँझले जाडो मौसमलाई तताएको थियो । बुटवलमै पहिलो पटक भारत बनारसका समीर अली खाँको टोलीले कब्बाली संगीत प्रस्तुत गरेको थियो । मुस्लिम संस्कृतिमा प्रख्यात नेपाली लोकदोहोरी शैलीको पीरव्यथा पस्कने कब्बालीले धेरैलाई झुमायो ।

कार्यक्रममा काठमाडौंको युनिभर्सल डान्स ग्रुपका कलाकारले प्रस्तुत गरेको मादक नृत्यले जाडोमा कठ्याङ्ग्रिएर बसेका दर्शकलाई साँच्चिकै तताएको थियो । उनीहरूले बुटवलका दर्शकका लागि बिल्कुलै फरक शैलीका दर्जन बढी नृत्य आइटम प्रस्तुत गरेर दर्शकको वाहवाही तथा वान्समोर बटुले । स्थानीय बागेश्वरी संगीतालयका विद्यार्थीले आदिवासी जनजातिको संस्कृति झल्काउने तामाङसेलो, झ्याउरे, मारुनी र कौरा आदि नृत्यमार्फत एवं गायिका सरिता पन्थीले लोक-आधुनिक गीतमार्फत लोकसंगीतका पारखीको मन जिते ।



हास्यकलाकार दीपक थापाको कमेडी नृत्य, क्यारिकेचर र प्रदीप ढकालको व्यङ्ग्यात्मक गजल एवं सायरीले दर्शकलाई पर्याप्त मनोरञ्जन प्रदान गर्दै हँसाएको थियो । दिउँसो ४ बजे सुरु भै राति ८ बजेसम्म चलेको कार्यक्रममा १ हजारभन्दा बढी दर्शक सहभागी भएको क्लबका अध्यक्ष नेत्र पाठकले बताए ।

**–टोपराज शर्मा**

Real-Life
SPOKEN ENGLISH
Real Life Accent | Fluency | Accuracy
अंग्रेजी भाषा प्रशिक्षणमा लामो अनुभवि शिक्षकशिक्षिकाद्वारा तयार पारिएको Course Syllabus जसमा वास्तविक जीवनमा प्रयोग हुने बोलीचालीको भाषालाई बढि प्राथमिकता दिइएको छ । यो कोर्ष ४८ घण्टाको हुनेछ ।
(Free: Books, CDs, Handouts. Audio-Visual and Internet facility)
STUDY ABROAD
UK, USA, Canada, Australia, Cyprus, New Zealand, Switzerland, Japan, Malaysia, Singapore & More
TESTS PREPARATION
IELTS, TOEFL, SAT, GRE, GMAT
(Free: Books, CDs, and Internet facility)
Attractive Discount Scheme
FOCUS
Education & Consultants
Focused on students success
Putalisadak (Way to Dillibazar), Kathmandu
Tel: 4421637, 4421868
E-mail: info@focusedu.com.np, focusedu@wlink.com.np
www.focusedu.com.np

होटल तथा पर्यटन तालिम
* Tour and Travel Mgmt.
* Tour Operation
* Airlines Ticketing (Manual, Amadeus, Abacus & Galileo)
* Hotel Management
* F & B Management
* Cook
* Front Office
* Bartender
* Housekeeping
* Waiter
* Bakery
* Coffee Making
10th Year of Establishment
South Asia Tourism HRD Program मा आधारित तालिम
Compare our quality with the others
सम्पर्क:- सांग्रीला पर्यटन तथा होटल तालिम केन्द्र प्रा. लि.
नयाँ बानेश्वर चोक
(अन्तर्राष्ट्रिय सभा केन्द्रको पानी ट्यांकीको पश्चिम)
4472553 / 4475113
Affiliated to CTEVT
Member HAN REBAN ATHTIN

मोबाईल तालिम
(मोबाईल फोन Chinese मोबाईलको सफ्टवेयर गराईन्छ)
रेडियो क्यासेट DVD, VCD, TV
कम्प्युटर हार्डवेयर, सफ्टवेयर
एसी/फ्रिज
हाउसवायरिङ्ग
मोटरवाईण्डिङ्ग
Guarantee
लोडसेडिङ्ग नो प्रोब्लम
१३ वर्ष पूरानो
३३% छुट
Job को लागि सहयोग
तालिमको लागि सम्पर्क:
राज ईलेक्ट्रोनिक्स
शिव दर्शन हल अगाडी
नयाँ बानेश्वर फोन: ४४९५५८१
कालिमाटी ०१-६२२४७९८
नोट: विदेश जानेलाई विशेष कोर्ष

फोटोग्राफी/भिडियोग्राफी
Hurry UP
❊ फोटो/भिडियो एडिटिङ
❊ फोटो/भिडियो प्रत्रकारिता
❊ फोटो ल्यामिनेशन
STUDY IN UK
अरुण दत्तद्वारा वि.सं. २०५३ देखि निरन्तर
नेपाल फोटोग्राफी ट्रेनिङ ईन्स्टिच्यूट
मान्यता प्राप्त पहिलो फोटो भिडियो ईन्स्टिच्यूट साझा भण्डार भोटाहिटि
Nepalpti@yahoo.com, kolasktm@yahoo.com, 4216291

जाँड-रक्सी
साथै सुर्ति, चुरोटको कुलत
थाहै नदिई छुटाउन
चिरा
महिलाहरुको पेट तथा छातीमा देखिने दाग/सेतो धर्साको सफल उपचार ।
मोटोपना घटाउन, तौल बढाउन
चायाँ-पोतोको ग्यारेण्टी उपचार
सम्पर्क: डिल्लीबजार, ओरालो
4438630, 4442133
98511-10326, पोखरा: 061-229998
चितवन: 9845159169, 056-229174 (UTL)

३ महिनामा ४" उचाइ बढाउने
♦केश झर्न तुरुन्तै रोकी उमार्ने
♦१ महिनामा चाहेजती ब्रेष्ट बढाउन र घटाउन
♦जस्तो सुकै उमेर अनुसार चाउरीपन हटाउन
♦तीलकोठी, डण्डीफोर, चायापोतोको लागि
♦१ महिनामा ६ देखि १० किलो मोटोपन घटाउन
♦प्रेशर, सुगर, ढाड दुखाईको लागि (आयुर्वेदिक उपचार)
♦ग्याष्ट्रिक, दम, बाथको समस्याको लागि (आयुर्वेदिक उपचार)
नेचुरल हेल्थ केयर
ललितपुर, लगनखेल पाटन हस्पीटल अगाडी
Tel :01-5004046
01-5550195
शाखा कार्यालय बनेपा Mo:9851112675

के तपाई रोजगारीको खोजीमा हुनुहुन्छ ?
युवा स्वरोजगारमा आश्चर्यजनक सफलता
नेपालमा पहिलो
उद्यमशीलता तालिम
तथा रोजगारी विकास
फोटोग्राफी
भिडियोग्राफी
नेपालको नं. 1 Study Center (CTEVT द्वारा सम्बन्धनप्राप्त)
महिला तथा विद्यार्थीहरुका लागि ५०% छुट
KANTIPUR PHOTOGRAPHY
पुतलीसडक चोक, काठमाडौं
४४४३३१९, ९८४१-३२२७७७

खुम्जुङ्ग होटेलतालिम
बागबजारमा
कुक/वेटर/हाउसकिपिङ्ग/बारमेन/बेकरी लगायत सम्पूर्ण होटल तालिमहरुमा भर्ना धमाधम लिईदैछ । प्राक्टिकल ५ स्टार लेवलको होटलमा गराइने/ चाइनिज, इण्डियन र कन्टिनेन्टल खानाहरुका लागि रेष्टुरेन्ट र बारको पनि सुविधा भएको साथै होष्टेलको पनि व्यवस्था छ ।
Hotel Khumjung Pvt. Ltd.
हेड अफिस चक्रपथ महाराजगंज (नारायण गोपाल चोक)
Ph 4016194, 4016111
सिटि अफिस: बागबजार पि.के कलेज अगाडि यति प्लाजा भित्र, प्यासिफिक बिल्डिङ
4240199, 016226791, 9841578724

होटल तालीम
छुट्टा (%)
★Cook ★Waiter ★Bakery
★Housekeeping ★Front Office
★Bartender ★Coffee making ★Hotel Mgmt
★F & B Mgmt★Airlines Ticketing
★Tour & Travel Mgmt ★Care giver
International Air Fares & Ticketing with Abacus, Amadeus, Galileo
(International Certificate)
ओरिएण्टल हस्पिटालिटी (होटल) एण्ड टुरिजम ट्रेनिङ्ग सेन्टर प्रा. लि.
नयाँ बानेश्वर (एभरेष्ट होटलसँगै)
फोन नं: ४४९३८०१, २०८२७३१
(बिहान ७:०० देखि बेलुका ७:०० सम्म)

Worldwide Valid Certificate
होटल तालिम
यो छुट सिमित अवधिको लागि मात्र ।
कुक १ ½ महिना रु. २७००/-
कुक ३ महिना रु. ३७००/-
वेटर र बारमेन रु. १३००/-
कफिमेकर रु. ३०००/-
वेटर+बारमेन+कफिमेकर टिचर तुरुन्त चाहियो ।
माउण्टेन होटल ट्रेनिङ्ग सेन्टर
चावहिल, गोपीकृष्ण हलको पूर्व गेट संगै
Ph:016212336,9841812055

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np
दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित । अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया** तथा **रामेश्वर थापा**, सम्पादक : **सुवास ढकाल** ।